सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ माघ २०८०, बुधबार (7 Feb 2024, Wednesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २८९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सावधान ! न्यानोको सुरमा ज्यान जाला

६ वर्षमा निस्सासिएर ५० जनाले गुमाए ज्यान, सचेत रहन प्रहरीको आग्रह



भेन्टिलेसन खुला राख्दा बच्न सकिन्छ



■ **डा. नीरज बम** छातीरोग विशेषज्ञ, शिक्षण अस्पताल

(विस्तृत पृष्ठ ३ मा)

वैदेशिक रोजगारीका समस्या र समाधान



अग्रलेख

● टेकेन्द्र जोशी

सामाजिक तथा पारिवारिक विखण्डन र विग्रह बढ्दै जानुलाई सबैभन्दा पेचिलो नकारात्मक प्रभावका रूपमा लिन सकिन्छ

(विस्तृत पृष्ठ ६ मा)

पुँजी निर्माण सुस्त हुँदा थुप्रिन थाल्यो विदेशी मुद्रा सञ्चिति

चालू आवको ६ महिनामा विदेशी मुद्रा सञ्चिति १५ खर्ब ३९ अर्ब ५७ करोड, एक वर्षको वस्तु तथा सेवा आयात गर्न पुग्ने

(विस्तृत पृष्ठ ९ मा)

कर्नर किक

● रवि मिश्र



पाँच वर्षमा प्रदेश र पालिकामार्फत ३६ अर्ब कृषि अनुदान, तर कहाँ, कसरी खर्च भयो छैन अनुगमन

अजित अधिकारी/नयाँ पत्रिका

पछिल्ला पाँच वर्षमा प्रदेश र स्थानीय तहमार्फत किसानको हातैमा पुग्ने गरी संघीय बजेटबाट ३६ अर्ब २२ करोड ४० लाख ७१ हजार वितरण गरिएको छ। तर, उत्पादन वृद्धिको लक्ष्य राखेर क्षेत्र नै तोकेर ससर्त अनुदान पठाइए पनि के-के शीर्षकमा कति अनुदान खर्च भयो, कति किसान लाभान्वित भए र अनुदान प्रवाहबाट कृषि उपज उत्पादनमा कति वृद्धि भयो भन्ने नियमन र अभिलेखसम्म छैन।

संघीय बजेटबाट १५ जेठमै रकम पठाउनासाथ कृषि मन्त्रालयले बर्सेनि कार्यविधि बनाई तोकिएकै क्षेत्रमा मात्र रकम खर्चने मापदण्ड पनि पठाउने गरेको छ। तर, मापदण्डअनुसार खर्च भए/नभएकोबारे कुनै निकायले मूल्यांकन नगरेका हुन्।


कृषिमन्त्री डा. बेदुराम भुसाल ससर्त कृषि अनुदानका लागि पठाइएको रकम अन्यत्र खर्चन नपाउने भएकाले किसानले नै रकम पाइरहेको आफ्नो बुझाइ रहेको बताउँछन्। 'स्थानीय र प्रदेश सरकार स्वायत्त छन्। उनीहरूलाई संघले नियमन गर्नेभन्दा पनि समन्वय गर्ने हो। यसका लागि मापदण्ड बनाएर पठाइदिने गरेका छौं,' उनले भने, 'ससर्त कृषि अनुदानका लागि पठाइएको रकम अन्यत्र खर्चन नपाउने भएकाले किसानले नै रकम पाइरहेको मेरो बुझाइ छ।'

एउटै पालिकालाई सवा दुई करोडभन्दा बढी अनुदान

मन्त्रालयले बनाएको 'प्रदेश तथा स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरित पशुपक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालनसम्बन्धी कार्यविधि, २०८०' ले कृषि विभागलाई खर्च गर्ने प्रवृत्तिको अनुगमन गर्ने दायित्व दिएको छ। प्रत्येक ६ महिनामा अनुगमन गरी प्रतिवेदन बनाउनुपर्ने मापदण्ड भए पनि विभागका अधिकारीहरू कहिलेकाहीं मात्रै अनुगमनमा निस्कने गरेका छन्। कार्यविधिको १२ (३) 'ख'मा कृषि विभागले ६-६ महिनामा सरोकारवालाको समेत सहभागितामा ससर्त कार्यक्रमहरूको फिल्ड अनुगमन गरी प्रतिवेदन कृषिसचिव संयोजक रहेको निर्देशक समितिमा पेस गर्नुपर्ने व्यवस्था छ। तर, अहिलेसम्म यस्तो समष्टिगत प्रतिवेदन नै बनाइएको छैन। त्यस्तै, कार्यविधिको दफा १२ (२) मा सबै पालिका वा प्रदेशमातहतका जिल्ला कृषि ज्ञानकेन्द्रले त्रैमासिक एवं वार्षिक प्रगति विवरण कृषि विभागमा पठाउनुपर्ने सर्त राखिएको छ। यसबाहेक समय-समयमा

» पृष्ठ ११ मा क्रमशः

■ संघीय बजेटबाट विनियोजित कृषि अनुदान रकम



■ अनुदान बाँडेको पाँच वर्षपछि बल्ल नियमनको तयारी



कृषि तथा पशुपक्षी विकास मन्त्रालयले प्रदेशमा ससर्त अनुदानबापतको रकमको खर्च प्रणालीबारे अनुगमन गर्न सातै प्रदेशमा संघबाट सहसचिवको टिम परिचालन गर्ने निर्णय गरेको छ। मन्त्रालयको पशुपक्षीतर्फका सचिव डा. रेवतीरमण पौडेलले सातै प्रदेशमा ससर्त अनुदानको बजेट परिचालनबारे अनुगमन हुन लागेको बताए। 'अहिलेसम्म बजेट खर्चको प्रवृत्ति कस्तो छ, समस्याहरू केही छन् भने सुझाव लिने र नयाँ आर्थिक वर्षका लागि के-कस्ता कार्यक्रम बनाउनुपर्ने भन्नेबारे जानकारी लिने गरी सातै प्रदेशमा संघबाट सहसचिवहरू खटाउने निर्णय भएको छ,' सचिव पौडेलले भने, 'यसबाट केही सकारात्मक नतिजा आउने अपेक्षा छ।' गत बुधबारको बैठकले यस्तो निर्णय लिएको उनले बताए। त्यस्तै, कृषितर्फ नियमनको काम पनि बल्ल थालिएको छ। कृषि विभागले ससर्त अनुदानलगायत कृषि बजेटको खर्चको अवस्थाबारे रिपोर्ट पठाउन सात सय ५३ वटै पालिकालाई परिपत्र गरेको छ। विभागका बाली संरक्षण अधिकृत दामोदर पोखरेलका अनुसार देशभरका पालिकाहरूको समष्टिगत प्रतिवेदन बनाएर बजेट खर्चको प्रवृत्तिबारे मूल्यांकन गरिनेछ। 'सबै पालिकाहरूलाई कुन-कुन विषय खुलाएर पठाउने भनेर शीर्षक नै तोकेर पठाएका छौं,' पोखरेलले भने, 'पालिकाहरूले त्यसको जवाफ पठाएपछि एउटा प्रतिवेदन बनाउँछौं।'

संघले स्थानीय र प्रदेशको कामलाई नियमनभन्दा पनि समन्वय गर्ने हो

● **बेदुराम भुसाल**, कृषिमन्त्री



स्थानीय र प्रदेश सरकार स्वायत्त छन्। उनीहरूलाई संघले नियमन गर्ने भन्ने हुँदैन, समन्वय गर्ने हो। यसका लागि मापदण्ड बनाएर पठाइदिने गरेका छौं। ससर्त कृषि अनुदानका लागि पठाइएको रकम अन्यत्र खर्चन नपाउने मापदण्डमै स्पष्ट पार्ने गरिएको छ। त्यसैले अनुदान रकम किसानले नै पाइरहेको मेरो बुझाइ छ।

खर्च कहाँ-कहाँ भयो भनेर राम्ररी हेर्न पनि सकिएको छैन

● **डा. रेवतीरमण पौडेल**, सचिव, कृषि तथा पशुपक्षी विकास मन्त्रालय



संघीयता आएपछि नियमित रूपमा ससर्त अनुदानबापत प्रदेश र स्थानीय तहमा पैसा पठाइरहेको स्थिति छ। तर, यो रकम कहाँ र कसरी खर्च भइरहेको छ भनेर हेर्न भने सकिएको छैन। खासमा यसका लागि निरन्तर नियमन गर्ने संयन्त्र बनाउनुपर्ने देखिन्छ। अनुदानबापत पठाएको रकमको सही सदुपयोग भएको छैन जस्तो मलाई लाग्छ। केन्द्रबाट अनुगमन टोली परिचालन गरेर बजेट कार्यान्वयनको अवस्था हेर्न साध्य पनि हुँदैन।

युटिएलले पाँच अर्ब बक्यौता नतिरे अनुमतिपत्र खारेज गर्ने सरकारको निर्णय सर्वोच्चबाट सदर

मध्यपहाडी लोकमार्गमा अप्टिकल फाइबर बिछ्याउने परियोजनाको ठेक्का रद्द गर्ने तथा बक्यौता नतिरे अनुमतिपत्र पनि खारेज गर्ने सरकारको निर्णयविरुद्ध युटिएल सर्वोच्च पुगेको थियो, तर दुवै मुद्दामा सरकारको पक्षमा फैसला आएको छ

कृष्ण रिजाल/नयाँ पत्रिका

सर्वोच्च अदालतले युनाइटेड टेलिकम लिमिटेड (युटिएल)को अनुमतिपत्र खारेज र उसले लिएको पूर्वाधार निर्माणको ठेक्का सम्झौता रद्द गर्ने सरकारी निर्णयको पक्षमा फैसला गरेको छ। करिब पाँच अर्ब रुपैयाँ बक्यौता नतिरे अनुमतिपत्र खारेज गर्ने प्राधिकरणको निर्णयविरुद्ध ३० असार ०७६ मा युटिएल सर्वोच्च गएको थियो। त्यस्तै, गण्डकी र लुम्बिनी प्रदेशमा अप्टिकल फाइबर बिछ्याउने ठेक्का लिएर काम नगरेको युटिएलसँगको सम्झौता खारेज गर्ने दूरसञ्चार प्राधिकरणको निर्णयविरुद्ध पनि युटिएलले २७ वैशाख ०७६ मा सर्वोच्चमा रिट दायर गरेको थियो। दुवै मुद्दामा अदालतले युटिएलको पक्षमा आन्तरिम आदेश दिएकोमा साढे चार वर्षपछि दुवै रिट खारेज गरिदिएको हो।

न्यायाधीशद्वय प्रकाशमानसिंह राउत र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले रिट खारेज गरिदिएसँगै अब युटिएलसँगको ठेक्का सम्झौता तोडिएको छ। त्यस्तै, युटिएलको अनुमतिपत्र खारेज गर्ने बाटोसमेत खुलेको छ।

सर्वोच्चले युटिएलको अनुमतिपत्र खारेजी र मध्यपहाडी लोकमार्गमा अप्टिकल फाइबर बिछ्याउने परियोजनामा उसले पाएको ठेक्का खारेजसम्बन्धी मुद्दामा सरकारको पक्षमा हुने गरी फैसला गरेको प्राधिकरणका कार्यवाहक अध्यक्ष नवराज अधिकारीले बताए। 'हाम्रो पक्षमा फैसला आएको सुनेँ, त्यस्तै रिपोर्टिङ भएको छ,' उनले भने, 'तर, युटिएलले तिर्नुपर्ने बक्यौताको विस्तृत हिसाब निकालिसकिएको छैन, अदालतको आदेश र नियम-कानुनअनुसार अब बक्यौता असुली तथा अनुमति खारेजीलगायत प्रक्रिया अघि बढ्नेछ।'

ग्रामीण दूरसञ्चार विकास कोषको दुई अर्ब एक करोड रुपैयाँ अनुदानमा गण्डकी र लुम्बिनी प्रदेशमा अप्टिकल फाइबर

» पृष्ठ ११ मा क्रमशः

धरौटीको १० करोड जफत र अग्रिम भुक्तानीबापतको ४० करोड असुल हुने

सर्वोच्चले युटिएलको रिट खारेज गरिदिएसँगै अब प्राधिकरणले पर्फर्मेन्स ग्यारेन्टी र अग्रिम भुक्तानीबापतको ५० करोड रुपैयाँभन्दा बढी रकम खिच्नेछ। युटिएलले परियोजनाका लागि राखेको पर्फर्मेन्स ग्यारेन्टीबापतको १० करोड ५ लाख रुपैयाँ जफत हुनेछ। त्यस्तै, ठेक्का सम्झौता कार्यान्वयनका लागि ७ फागुन ०७५ मा दिइएको ४० करोड २० लाख रुपैयाँ अग्रिम भुक्तानीसमेत बैंक ग्यारेन्टीबाट खिचिने प्राधिकरणले जनाएको छ।

सांसद विकास कोष ब्युँताउन सर्वोच्चमा भ्याकेट निवेदन, आज सुनुवाइ

प्रमुख दलहरूको सहमतिमा संसद् सचिवालयको कानुन महाशाखा अन्तरिम आदेश पुनरावलोकनका लागि न्यायालयमा



कमलराज भट्ट/नयाँ पत्रिका

सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रमा पाँच करोडसम्म खर्च पाउने गरी सरकारले अघि सारेको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गराउन संघीय संसद् सचिवालयले सर्वोच्च अदालतमा भ्याकेट निवेदन दर्ता गरेको छ। संसद् सचिवालयको कानुन महाशाखाले दर्ता गराएको निवेदनमा बुधबार संवैधानिक इजलासमा सुनुवाइ हुँदै छ।

सरकारले आर्थिक वर्ष ०८०/८१ को बजेटमा प्रत्येक निर्वाचन क्षेत्रमा पाँच करोड रुपैयाँ सांसदले खर्च गर्न पाउने गरी संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम ब्युँताएको थियो। सांसद विकास कोषका रूपमा परिचित यो कार्यक्रम संसद्बाट पारित भएर कार्यान्वयनमा आउने वेलामा सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत रोक लगाएको थियो।

अधिवक्ता त्रिलोकबहादुर चन्दले दायर गरेको रिटमा प्रधानन्यायाधीश नेतृत्वको संवैधानिक इजलासले व्यवस्थापिकाको काम कानुन बनाउने रहेको सम्झाउँदै संघ र प्रदेशका सांसदहरूलाई कार्यकारिणी प्रकृतिको (विकास निर्माण) कार्य गर्ने जिम्मेवारी नरहेको ठहर गरेको थियो। साथै, अदालतले पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो। सर्वोच्चबाट रोक लागेपछि पूर्वाधार विकास कार्यक्रमका लागि विनियोजन गरिएको आठ अर्ब २५ करोड बजेट जाजरकोट भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माणमा खर्च गर्ने निर्णय सरकारले गरेको थियो।

संसद् सचिवालय कानुन महाशाखा प्रमुख सहसचिव लक्ष्मीप्रसाद गौतमले बजेट निर्माण तथा वितरण संसद्को विशेषाधिकार भएको र एकपक्षीय रूपमा न्यायालयबाट निर्णय भएकाले

» पृष्ठ ११ मा क्रमशः

प्रतिनिधिसभा समितिमा सुस्त शैली

१० महिनामा दुई विधेयक मात्रै पारित, अझै ११ विधेयक

संसद् महासचिवमा पाण्डेय नियुक्त

सिफारिस भएको दुई महिनापछि शीतलनिवासले सिंहदरबारमा पठायो पत्र



राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को महासचिवमा पद्मप्रसाद पाण्डेयलाई नियुक्त गरेका छन्। राष्ट्रपति पौडेलले संविधानको धारा १०६ (१) बमोजिम रिम्दीकोट- १ पाल्पाका पाण्डेयलाई मंगलबार महासचिव नियुक्त गरेका हुन्।

तत्कालीन महासचिव डा. भरतराज गौतमले २४ मंसिरमा राजीनामा दिएपछि २५ मंसिरमा सभामुख देवराज घिमिरेले राष्ट्रिय सभा अध्यक्षको परामर्शमा प्रतिनिधिसभा सचिव पाण्डेयको नाम राष्ट्रपतिसमक्ष सिफारिस गरेका थिए। गौतमको राजीनामा स्वीकृत नहुँदै पाण्डेयको नाम सिफारिस गरेको भन्दै राष्ट्रपति कार्यालयले प्रक्रियागत त्रुटि देखाएर नियुक्ति 'होल्ड' गरेको थियो।

राष्ट्रपति पौडेलले २७ मंसिरमा मात्रै गौतमको राजीनामा स्वीकृत गरे, तर पाण्डेयको नियुक्ति अध्ययनका लागि भन्दै रोके। त्यसै दिन सभामुखले उनलाई कार्यवाहक दिएका थिए। राष्ट्रपति कार्यालयले नियुक्तिमा प्रक्रियागत प्रश्न उठाएपछि मध्यमार्गी विकल्पका रूपमा सभामुख र अध्यक्षले ३ माघमा नियुक्तिका लागि अनुरोध गर्दै स्मरणपत्र पठाएका थिए।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

चौतर्फी विरोधबीच खुलामञ्चमा फुटबल मैदान बनाउन महानगरको बलजफ्ती

शान्ति तामाङ/नयाँ पत्रिका

आफ्नै वडाध्यक्ष, अभियन्ता र संघीय सरकारको असन्तुष्टिबीच काठमाडौं महानगरपालिकाले मध्यसहरमा रहेको खुलामञ्चमा फुटबल मैदान बनाउने काम जारी राखेको छ। चौतर्फी विरोधबीच पनि खुलामञ्चमा महानगरको बलजफ्ती कायमै छ।

आफैंले ताला लगाएर राखेको महानगरले अहिले त्यसलाई खोलेर खुलामञ्चमा धमाधम सरसफाइको काम गरिरहेको छ। खुलामञ्चमा ५० जनाले सफाइका लागि काम गरिरहेका छन्। महानगरले खेलकुद तथा व्यायामस्थल निर्माणको योजना बनाएको छ, जहाँ दुईवटा फुटबल मैदान निर्माण हुँदै छन्।

जब कि महानगरपालिकाले फुटबल मैदान बनाउन थालेको भन्दै वडा नम्बर २८ ले समेत असन्तुष्टि जनाइसकेको छ। त्यति मात्र होइन, वडाले आफ्नो सहमतिविना खुलामञ्चमा कुनै पनि कार्य नगर्न/नगराउन नै भनेको छ। महानगरको यो निर्णयको अभियन्ताहरूले विरोध गरिरहेका वेला वडा नम्बर २८ ले

» पृष्ठ ११ मा क्रमशः



खुलामञ्चमा काम गर्दै महानगरका कर्मचारी। तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

खुलामञ्चमा फुटबल खेल्ने र आमसभा गर्नेबीच कसरी सहकार्य हुन सक्छ ?

● **आलोकसिद्धि तुलाधर**, अभियन्ता



फुटबल मैदानसहितको पार्क निर्माण भएपछि खुलामञ्च खुला र सर्वसाधारणको पहुँचमा हुँदैन, बिस्तारै खुलामञ्च पनि केही वर्षमा अरूकै पकडमा जान्छ। ललितपुरको जावलाखेल, लैनचौरको खुला मैदानलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। जुन खुला क्षेत्रभित्र जोकोही सजिलै प्रवेश गर्न सक्दैनन्। फुटबल खेल्ने मैदान बनाएपछि त्यहाँ फुटबल खेल्ने र आमसभा गर्नेबीच कसरी सहकार्य हुन सक्छ ? यसले त झन् द्वन्द्व निम्त्याउन सक्छ।

Molung HYDROPOWER Company Ltd.

रजिष्टर्ड कार्यालयः रविभवन १४, काठमाण्डौं फोन नं. ०१–५६७०५१८, ५६७०४४२
URL: www.molunghydropower.com.np, E-mail: molung.office@gmail.com, mhp@wlink.com.np

Unaudited Financial Report (Quaterly)

As on 2nd Quarter (2080.09.29) of Fiscal Year 2080/81

Statement of Financial Position

Particulars	This Quarter ending Poush end 2080	Previous Quarter ending Ashwin end 2080	Corresponding Previous year quarter ending Poush end 2079
Assets			
Non-Current Assets			
Property, plant and equipment	3,489,088	3,671,569	2,346,843
Intangible assets	1,124,927,211	1,136,281,554	1,169,346,316
Total Non-Current Assets	**1,128,416,299**	**1,139,953,123**	**1,171,693,159**
Current Assets			
Cash and cash equivalents	9,790,783	3,634,334	4,084,445
Other current assets	89,336,575	115,882,015	40,157,055
Total Current Assets	**99,127,358**	**119,516,349**	**44,241,500**
Total Assets	**1,227,543,657**	**1,259,469,472**	**1,215,934,659**
Equity & Liabilities			
Equity			
Equity share capital	802,500,000	802,500,000	449,400,000
Retained Earnings	(162,177,350)	(166,753,513)	(208,855,928)
Total Equity	**640,322,650**	**635,746,487**	**240,544,072**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Long Term Borrowing	584,321,975	602,321,976	903,438,349
Total Non-Current Liabilities	**584,321,975**	**602,321,976**	**903,438,349**
Current Liabilities			
Short Term Borrowing	1,000	18,659,140	46,539,730
Provisions	292,175	292,175	6,211,244
Other Current Liabilities	2,605,856	2,449,695	19,201,264
Total Current Liabilities	2,899,031	21,401,010	71,952,238
Total Liabilities	**587,221,007**	**623,722,986**	**975,390,587**
Total Equity and Liabilities	**1,227,543,657**	**1,259,469,473**	**1,215,934,659**

Statement of Profit or Loss

Particulars	This Quarter ending Poush end 2080	Previous Quarter ending Ashwin end 2080	Corresponding Previous year quarter ending Poush end 2079
Revenue	38,480,279	74,114,065	41,201,219
Cost of sales	1,427,821	3,218,681	1,938,775
Gross Profit	**37,052,458**	**70,895,384**	**39,262,444**
Depreciation	196,491	192,989	124,136
Amortization	11,354,343	11,362,816	11,030,118
Employee Benefits Costs	2,971,955	3,845,439	2,001,253
Administrative and Other Operating Expenses	1,038,795	1,892,697	3,175,730
Profit from operation	**21,490,874**	**53,601,443**	**22,931,207**
Other Income			
Finance Costs	16,914,712	19,237,202	28,694,012
Profit Before tax	**4,576,162**	**34,364,241**	**(5,762,805)**
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit for the period	**4,576,162**	**34,364,241**	**(5,762,805)**
Other Comprehensive Income:			
Other Comprehensive income not to be reclassified to profit or loss in subsequent periods			
i) Re-measurement (losses)/ gains on post employment defined benefit plans			
ii) Equity Instruments through other comprehensive income			
iii) Tax relating to items that will not to be reclassified to profit or loss			
Other comprehensive gain/ (loss) for the year, net of tax			
Total comprehensive gain/ (loss) for the year, net of tax	**4,576,162**	**34,364,241**	**(5,762,805)**

Notes:

1) The above mentioned figure are subject to change during statutory audit of the books of accounts.

Second Quarter Disclosure as of 29th Poush 2080 (14th January, 2024) as per Securities Registration and Issuance Regulation Annexure 14 (Related to sub-regulation 1 of regulation 26)

1. Financial Statements

a) The financial statements for the second quarter have been published as a part of this report. There have been no transactions with the related party.

b) Key Financial Ratios at the end of the quarter:

Particulars	Unaudited This Quarter Ending	Unaudited Previous Quarter Ending	Unaudited Corresponding Previous Quarter Ending
Earnings Per Share (EPS)	0.57	4.28	(1.28)
Current Ratio	34.19	5.58	0.61
Return on Assets (ROA)	0.37%	2.73%	-0.47%
Networth Per Share	79.79	79.22	53.53
Price Earnings Ratio	869.81	47.41	-

2 Management Analysis

a) Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any:
Revenue from the Sale of Electricity has decreased by 6.60% compared to the corresponding previous year's quarter ending. The decrease in revenue is due to the unfavorable hydrological condition during this quarter. The net profit for the second quarter end of FY 2080/81 has increased by 179.41% compared to the previous year's quarter ending due to the improvements in the administrative and other operating cost by 6.42% and financing cost by 41.05%.

b) The statement of management analysis on the upcoming business plan:
The company management is persistently working on improving internal control system and risk management practices.

c) The analytical statement of the possible effect on company's profitability, stock and cashflow based on the past experience:
The company has maintained steady progress on profitability and there has been no such other incident during the period which might have negative impact on the profit or cash flow of the company.

3. Statement relating to Legal Action

a) Case filed by or against the Company during the quarter, if any: None

b) Case filed by or against the Company or its Promoter or Director for violation of the prevailing regulation or committing the criminal offence, if any: None

c) Case filed against the Promoter or Director on financial crime, if any: None

4. Analysis of the share transaction of the company

a) During the second quarter, MHCL shares traded actively for 49 days till the end of Poush 2080.

b) The highlights of the share transactions during the quarter are as follows:

Maximum Price	519.00	Transaction Days	49	Closing Price	496.00
Minimum Price	182.00	Total Shares Traded	2,443,534	No of transactions	28,148

5. Problems and Challenges

a) Internal
- Fund management
- Maintaining operational efficiency
- Retention and optimization of skilled human resource.

b) External
- Low water flow risk in the rivers for hydropower plant/projects
- Loss due to natural disaster –Flood, Earthquake, force measure issue etc.
- Inadequate existing transmission line
- Lack of domestic suppliers and vendors for hydropower equipment and spare parts.
- Inconsistent regulatory and policy level commitment from the government regulatory agencies in development of hydroelectric projects

c) Strategies
- Identification of different financial instruments along with risk assessment
- Implementation of HR optimization plan
- Development of various internal policies and procedures
- Lobbying with government authorities for investment friendly environment

6. Corporate Governance

The Board of Directors are committed to upholding good corporate governance practice in the company through implementation of policies and guidelines for proper functioning of the company. Various committees and sub-committee that are to be formed in compliance with Companies act, 2063 and Corporate Governance Guidelines, 2074 issued by Security Exchange Board of Nepal are in the process of formation.

7. Declaration of Chief Executive Officer on Truth, Tactfulness

I, the Chief Executive Officer of this Company, take responsibility for accuracy of the information and details mentioned in this report. I also declare that the information and details mentioned in this report are complete, true, based on facts and the information, details necessary for making informed decision by the investors are not concealed.

नबिल बैंक लिमिटेड, त्रिपुरेस्वर शाखा, काठमाडौंको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/१०/२४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालयमा, मिति २०६९/०६/०९ मा प्रा.फ.र.नं. ३९३४६/६५४ अन्तर्गत दर्ता भएको **श्री नेट प्याक लजिस्टिक ।**
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४, काठमाडौं ।

ऋणी फर्मका प्रोप्राइटर :

बद्री प्रसाद सापकोटाकी छोरी, कुमार थापाकी बुहारी, किरण थापाकी श्रीमती, जिल्ला पनौती न. पा. वडा नं. ८, स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने, नागरिकता नं. २०/४८६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: काभ्रेपलान्चोक, मितिः वि.सं. २०५६/०५/२१ भएकी **श्रीमती सुजाता सापकोटा ।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. सोम बहादुर थापाको नाति, कुमार थापाको छोरा, काभ्रेपलान्चोक जिल्ला पनौती न.पा. वडा नं. ८, स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने, नागरिकता नं. १०८९२९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: काभ्रेपलान्चोक, मितिः वि.सं. २०५४/०२/१३ भएको **श्री किरण थापा ।**
२. अम्बर बहादुर थापाको नाति, सोम बहादुर थापाको छोरा, काभ्रेपलान्चोक जिल्ला पनौती न.पा. वडा नं. ८, स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने, नागरिकता नं. ७७१६३, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: काभ्रेपलान्चोक, मितिः वि.सं. २०५५/०३/०८ भएको **श्री कुमार थापा ।**

धितोको विवरण

काभ्रेपलान्चोक जिल्ला पनौती न.पा. वडा नं. ८, स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने, **श्री कुमार थापाको** नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रेपलान्चोक जिल्ला, मल्पी गा.वि.स. वडा नं. ३ सिट नं. ३ ग मा अवस्थित कि.नं. ४३३ क्षेत्रफल २-१३-१-३ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चरिकोट, दोलखाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/१०/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

काजिमान जोशीको नाति, कर्ण बहादुर जोशीको छोरा, दोलखा जिल्ला, साविक खारे गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ९ बस्ने **प्रशुराम जोशी** (ना.प्र.नं. ३४४१-३८६, जारी मिति २०४४/१२/२१, जि.प्र.का. दोलखा) ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. कर्ण बहादुर जोशीको बुहारी, प्रशुराम जोशीको पत्नी, दोलखा जिल्ला, साविक खारे गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ९ बस्ने **जिवन कल्याणी जोशी** (ना.प्र.नं. ३४७७३-१५११, जारी मिति २०६१/०१/१०, जि.प्र.का. दोलखा) ।	२. कर्ण बहादुर जोशीको नाति, प्रशुराम जोशीको छोरा, दोलखा जिल्ला, साविक खारे गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ९ बस्ने **जिवन जोशी** (ना.प्र.नं. २२-०१-७१-००१३७, जारी मिति २०७१/०१/०८, जि.प्र.का. दोलखा) ।

धितोको विवरण

१. काजिमान जोशीको नाति, कर्ण बहादुर जोशीको छोरा, दोलखा जिल्ला, साविक खारे गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ९ बस्ने प्रशुराम जोशी (ना.प्र.नं. ३४४१-३८६, जारी मिति २०४४/१२/२१, जि.प्र.का. दोलखा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दोलखा जिल्ला, साविक खारे गा.वि.स./न.पा. वडा नं. ३ हाल दोलखा जिल्ला, गौरीशंकर गा.पा. वडा नं. ८ स्थित कि.नं. ६१०, ६१३ र ६१६ को क्षेत्रफल क्रमशः ५००, २८० र ४८४ (वर्ग मिटर) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. काजिमान जोशीको नाति, कर्ण बहादुर जोशीको छोरा, दोलखा जिल्ला, साविक खारे गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ९ बस्ने प्रशुराम जोशी (ना.प्र.नं. ३४४१-३८६, जारी मिति २०४४/१२/२१, जि.प्र.का. दोलखा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दोलखा जिल्ला, साविक खारे गा.वि.स./न.पा. वडा नं. ४ हाल दोलखा जिल्ला, गौरीशंकर गा.पा. वडा नं. ८ स्थित कि.नं. ३८२ को क्षेत्रफल २२९० (वर्ग मिटर) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. काजिमान जोशीको नाति, कर्ण बहादुर जोशीको छोरा, दोलखा जिल्ला, साविक खारे गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ९ बस्ने प्रशुराम जोशी (ना.प्र.नं. ३४४१-३८६, जारी मिति २०४४/१२/२१, जि.प्र.का. दोलखा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दोलखा जिल्ला, साविक खारे गा.वि.स./न.पा. वडा नं. ५ हाल दोलखा जिल्ला, गौरीशंकर गा.पा. वडा नं. ८ स्थित कि.नं. १८८, ५४६ र ५५१ को क्षेत्रफल क्रमशः ५००, २४१० र २४१० (वर्ग मिटर) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank
शाखा कार्यालय : चरिकोट, दोलखा
फोन नं. ०४९-४२११२१
Website : www.siddharthabank.com

महानगरले अब कुहिने र नकुहिने फोहोर छुट्याएर मात्रै संकलन गर्ने

पहिलो चरणमा वडा नम्बर २७ बाट सुरु, फोहोर उठाउन छुट्टै गाडीको व्यवस्था



नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले मंगलबारदेखि स्रोतमै फोहोर वर्गीकरणको अभियान सुरु गरेको छ । यसका लागि महानगरले वर्गीकरण गरिएको फोहोर छुट्टै संकलन गर्न रङ संकेतसहितको गाडी तयार पारेको छ । फोहोर उत्पादन भएकै ठाउँमा (कुहिने र नकुहिने) छुट्याउने र छुट्टिएको फोहोर छुट्टै संकलन, ढुवानी तथा व्यवस्थापन गर्ने गरी गाडीको व्यवस्था गरिएको हो ।

'फोहोर वर्गीकरण अभियान पटक-पटक लागू गर्न खोज्दा पनि तयारी अभावले कार्यान्वयनमा आउन सकेको थिएन,' महानगरअन्तर्गत वातावरण व्यवस्थापन विभागका प्रमुख रविनमान श्रेष्ठले भने, 'अब भने अभियानकै रूपमा स्रोतमै वर्गीकरण भएको फोहोर संकलन गर्न संकेतसहितको गाडी पठाउन लागेका हौं ।' उनका अनुसार ३.५ क्युबिक मिटर क्षमताका गाडीको बीचबाट दुई खण्ड बनाइएको छ । दुवै खण्ड (कोठा) १.५ क्युबिक मिटर क्षमताका छन् । ती कोठाको पछाडि र बीचमा दुईवटा ढोका छन् । यसमध्ये बीचमा राखिएको ढोकाबाट फोहोर संकलन गरिन्छ । बाहिरबाट हेर्दा गाडी दुई रङको देखिन्छ । कुहिने फोहोर संकलन गरिने कोठातिर हरियो छ । नकुहिने तथा अन्य फोहोर संकलन गरिने कोठातिर नीलो रङ लगाइएको छ । श्रेष्ठका अनुसार कुहिने फोहोर संकलन हुने कोठामा करिब एक हजार पाँच सय किलो फोहोर संकलन गर्न सकिन्छ । नकुहिने फोहोरको आकार ठूलो देखिए पनि तौल कम हुन सक्छ । त्यसैले यसमा चाहिँ सामानको प्रकृति हेरेर मात्र तौल अनुमान गर्न सकिन्छ ।

महानगरले वैशाख ०७९ मा जारी गरेको सूचनामा १ साउनदेखि स्रोतमै फोहोर वर्गीकरण गर्नुपर्ने उल्लेख थियो । वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, ०७७ र फोहोरमैला व्यवस्थापन ऐन, ०६८ को हवाला दिँदै स्रोतमै फोहोर पृथकीकरण गर्न आग्रह गरेको थियो । घर वा कार्यालयमै फोहोर नछुट्याए वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, ०७७ र फोहोरमैला व्यवस्थापन ऐन, ०६८ अनुसार कसुर मानी प्रत्येकपटक पाँच सय रुपैयाँ जरिवाना गर्ने जनाएको थियो । तर, महानगरले आफ्नो तर्फबाट तयारी पुऱ्याउन नसक्दा महानगरवासीले फोहोर छुट्याए पनि त्यसले निरन्तरता भने पाउन सकेन । 'त्यतिबेला हामीले तयारी पुऱ्याउन सकेनौं । फोहोर छुट्याएर उठाए पनि हामीसँग कम्पोस्ट बनाउन ठाउँ थिएन । त्यसैले पूर्वतयारी राम्रोसँग गर्न खोजेका हौं,' उनले भने ।

■ वडा २७ बाट फोहोर वर्गीकरण अभियान

महानगरले फोहोर वर्गीकरणको नमुना कार्यक्रम वडा २७ बाट गरेको छ । यसका लागि मंगलबारदेखि फोहोर छुट्याउन थालिसकेको छ । फोहोर वर्गीकरणका विषयमा वडाध्यक्ष योगेश खड्गी भन्छन्, 'घरघरमै पुगेर फोहोर छुट्याउने विधि सिकाउँछौं । फोहोर संकलन गर्न जाने कर्मचारीलाई छुट्टिएको फोहोर गाडीमा राख्ने प्रभावकारी तरिका सिकाउँछौं । वडावासीबाट सकारात्मक प्रतिक्रिया पाएका छौं ।'

पाँच हजार जनसंख्या रहेको यस वडामा एक हजार चार सय घरधुरी छन् । आवासीय र व्यापारिक क्षेत्र भएकाले कुहिने र नकुहिने दुवै प्रकारको फोहोर उत्पादन हुन्छ । यो साताभर वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन हुनेछ । यसपछि कार्यक्रम पूर्ण कार्यान्वयनमा ल्याइने महानगरले जनाएको छ । २७ वडापछि क्रमिक रूपमा १२, ५, ६ लगायत वडामा विस्तार गर्दै लगिनेछ । विभागले हरेक घरदैलोमा पुगेर फोहोर संकलन गर्ने रुट निर्धारण गर्ने, साधन तथा उपकरणको प्रबन्ध गर्ने, जनशक्ति परिचालन गर्ने, संकलन तथा व्यवस्थापन विधि सिकाउने, समुदायको सहभागिता बढाउने र कामको अनुगमन मूल्यांकनको समेत योजना बनाइरहेको छ ।

■ चार हजारको कम्पोस्ट बिन १५ सयमै

महानगरले घरबाट निस्कने फोहोरलाई स्रोतमै वर्गीकरण गरी कम्पोस्ट मल बनाउन अनुरोध गर्दै कम्पोस्ट बिन वितरण पनि गरिरहेको छ । बिदाको दिनमा बाहेक प्रत्येक दिन बिहान १० देखि दिउँसो ३ बजेसम्म टेकुस्थित महानगरको कार्यालयबाट बिन किन्न सकिन्छ । ८ माघमा जारी सूचनाअनुसार बजार मूल्य चार हजार पर्ने कम्पोस्ट बिन १५ सयमै पाइनेछ ।

काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट जारी भएकोः मुद्दा फाँटः ३

लोक बहादुर भोछिभोयाको नाती देवदास भोछिभोयाको छोरा काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वडा नं. ६ बस्ने बर्ष ४३ को प्रेमभक्त भोछिभोया नाउँमा जारी भएको २१ (एक्काईस) दिने सूचना म्याद-

उप्रान्त वादी गोरखा विकास सेभिङ एण्ड क्रेडिट सहकारी सं.लि. र प्रतिवादी तपाई भएको कर्जा असुली लेनदेन (०७९-cp-०८०४) मुद्दामा २०८०/०५/१२ गतेको आदेशानुसार मुलुकी देवानी कार्यविधि संहिताको दफा १०५(२२) बमोजिम प्रतिवादी तपाईका नाउँमा २१ (एक्काईस) दिने म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१(एक्काईस) दिनभित्रमा प्रतिउत्तर पत्र कानुन बमोजिम आफ्नो लिखतको प्रमाण समेत लिई अदालत खुलेको समयमा यस अदालतमा हाजिर हुन आफै वा कानुन बमोजिम प्रतिनिधी पठाउनु । म्यादभित्र प्रतिउत्तर पत्र लिई आउनु नभए वारिस वा कानुन व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुने छ ।

काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट जारी भएकोः मुद्दा फाँटः ३

श्याम बहादुर नगरकोटीको बुहारी सुर्य बहादुर नगरकोटीको श्रीमती झापा जिल्ला काँकडभिट्टा न.पा वडा नं. ७ घर भई हाल का.प.जि. बनेपा न.पा वडा नं. ५ हस्पिटल मार्ग बर्ष ५२ की डोलमाया श्रेष्ठ नाउँमा जारी भएको २१ (एक्काईस) दिने सूचना म्याद-

उप्रान्त वादी गोरखा विकास सेभिङ एण्ड क्रेडिट सहकारी सं.लि. र प्रतिवादी तपाई भएको कर्जा असुली लेनदेन (०७९-cp-०८०६) मुद्दामा २०८०/०५/१२ गतेको आदेशानुसार मुलुकी देवानी कार्यविधि संहिताको दफा १०५(२२) बमोजिम प्रतिवादी तपाईका नाउँमा २१ (एक्काईस) दिने म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१(एक्काईस) दिनभित्रमा प्रतिउत्तर पत्र कानुन बमोजिम आफ्नो लिखतको प्रमाण समेत लिई अदालत खुलेको समयमा यस अदालतमा हाजिर हुन आफै वा कानुन बमोजिम प्रतिनिधी पठाउनु । म्यादभित्र प्रतिउत्तर पत्र लिई आउनु नभए वारिस वा कानुन व्यवसायी पनि पठाउनु भएन भने ऐन बमोजिम मुद्दा फैसला हुने छ ।

सावधान ! न्यानोको सुरमा ज्यान जाला

६ वर्षमा निस्सासिएर ५० जनाले गुमाए ज्यान, सचेत रहन प्रहरीको आग्रह

टेकराज थामी/नयाँ पत्रिका

● वर्षासँगै जाडो बढेपछि डडेल्धुरा अमरगढी नगरपालिका मालमका ६० वर्षीया धौलादेवी दियाल र २६ वर्षीया पुनम दियालले कोठाभित्र माकल बाले । कोठा तातो होस् भनेर झ्याल-ढोका बन्द गरे । कोठा तातेपछि सासू-बुहारी दुवै मस्तसँग निदाए । तर, उनीहरू भोलिपल्ट बिहान उठ्न सकेनन् । निस्सासिएर सुतेकै ठाउँमा ज्यान गयो । आइतबारको घटना सुनाउँदै जिल्ला प्रशासन कार्यालय डडेल्धुराका प्रमुख जिल्ला अधिकारी अञ्जन न्यौपानले भने, 'कोठा चिसो भएपछि माकल बालेर सासू-बुहारी सुतेका रहेछन् । बिहान अबेरसम्म पनि नउठेपछि स्थानीय ढोका फोडेर भित्र छिरे । उनीहरू सुतेकै ठाउँमा मृत फेला परे ।'

● काभ्रे नमोबुद्ध- १ का पूर्ववडाध्यक्ष ८२ वर्षीय कर्म ग्याल्बो लामाले गत ९ पुसमा कोठा न्यानो बनाउन इलेक्ट्रिक हिटर बाले । कोठा अझै नतातेपछि कराहीमा कोइला पनि बाले । कोठा तातिन थाल्यो । श्रीमती हसाइनी मायासँगै उनी आरामले सुते, तर बिहान ब्युँझिएनन् । कोठामा अक्सिजनको मात्रा घटेपछि उनी निस्सासिन पुगे । निस्सासिएरै उनको मृत्यु भयो । उनकी श्रीमती हसाइनी घाइते भएकी छिन् । अचेत अवस्थामा फेला परेकी उनको धुलिखेल अस्तालमा उपचार भइरहेको छ । जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रमुख एसपी भोगेन्द्रपुरुष ढकालले उनको स्वास्थ्य अवस्था गम्भीर रहेको बताए । उनले भने, '८२ वर्षीय लामाको निस्सासिएर मृत्यु भयो । उनको श्रीमती अचेत अवस्थामा फेला परिन् । उनको अहिले धुलिखेलमा अस्पतालमा उपचार भइरहेको छ । अवस्थामा सुधार छैन ।'

● ७ माघमा ललितपुर महानगरपालिका- २५ भैंसेपाटी पुलबारी मार्ग बस्दै आएकी धनकुटाकी ३९ वर्षीया नम्रता राईले जस्ताले छाएको टहरो न्यायो पार्न राति आगो बालिन् । हावा नछिरोस् भनेर कोठाको चारैतिर बन्द गरिन्, तर भोलिपल्ट उनी ब्युँझन सकिनन् । टहरासँगै दन्किएको आगोमा उनी खरानी भइन् । जिल्ला प्रहरी परिसर ललितपुरका अनुसार व्यापार गर्ने उद्देश्यले उनले केही दिनअघि मात्रै स्थानीय दुर्गा श्रेष्ठसँग जग्गा भाडामा लिएकी थिइन् । जग्गामा जस्ताले बारेर टहरा बनाइन् । तीन दिनअघिबाट उनले बस्न सुरु गरेकी थिइन् । चिसो बढेपछि उनले बेलुका आगो बालिन् । तर, ननिभाई न्यायोको सुरुमा मस्त निदाइन् । आगो सल्किएर टहराभित्र फैलियो । तर, निस्सासिएकी उनी बाहिर आउन सकिनन् । हेर्दाहेर्दै टहरा खारानी भयो । सँगै उनी पनि जलिन् ।

● ७ माघमै काठमाडौं महानगरपालिका- ३२ कोटेश्वरमा ३५ दिनकी सुत्केरी सेकाउन बेलुका ७० वर्षीया सिलमाया कदुवाललेमाकल बालिन् । चिसो नछिऱ्योस् भनेर कोठाको झ्याल-ढोका बन्द गरिन् । कोठा तातियो । न्यानोसँगै कोठामा रहेकी २४ वर्षीया सुत्केरी प्रमिण खत्री, ३५ दिनका छोरा श्रीयाल खत्री, आगो बाल्ने सिलमाया र ९० वर्षीया छलमाया खत्री निदाए । कोठामा अक्सिजन सकियो । कार्बन मनोअक्साइडले कोठा भरियो । निदाएका चारैजना अचेत भए । छिमेकीले ढकढकाउँदा कोठा नखुलेपछि प्रहरीलाई खबर गरे । प्रहरी तत्काल घटनास्थल पुग्यो । अचेत भएका सबैलाई उपचारका लागि अस्पताल लगियो । धन्न उनीहरूको ज्यान जोगियो ।



शरीरलाई न्यानो बनाउने सुरमा ज्यान गुमाएका केही प्रतिनिधि घटना हुन् माथिका । यस्ता घटना प्रत्येक वर्षको जाडो याममा हुने गरेका छन् । नेपाल प्रहरीको तथ्यांकले पनि यही बताउँछ । तथ्यांक भन्छ, 'न्यानो ताप्ने सुरमा प्रत्येक वर्ष जाडोयाममा सरदर नौजनाको मृत्यु हुने गर्छ ।' नेपाल प्रहरीका एसएसपी दानबहादुर कार्कीले यो तथ्यलाई स्विकार्दै भने, 'प्रत्येक वर्षको हिउँदमा निस्सासिएर मर्नेको संख्या बढ्दै गएको देखिन्छ । सरदरमा प्रत्येक वर्ष नौजनाले ज्यान गुमाउने गरेको देखिन्छ ।'

■ जसले कोठामै निस्सासिएर ज्यान गुमाए

प्रहरीको तथ्यांकअनुसार गत पाँच वर्षमा मुलुकभर ४७ जनाले निस्सासिएर ज्यान गुमाएका छन् । विशेष गरी झ्याल-ढोका बन्द गरी हिटर, गुइँठा, दाउरा, माकल र कोइला बल्ने क्रममा उनीहरूको मृत्यु भएको छ । बाथरुममा तातो पानीले नुहाउने क्रममा पनि केहीको मृत्यु भएको छ भने केहीको क्बल हाउसमा साउना लिने क्रममा पनि मृत्यु भएको प्रहरीको तथ्यांकले देखाउँछ ।

प्रहरीका अनुसार झ्याल-ढोका बन्द गरी हिटर, गुइँठा, दाउरा, माकल र कोइला बाल्दा कोठामा न्यायो हुन्छ । अक्सिजन उडेर सिलिन्डतर्फ जान्छ । खाली ठाउँमा भने कार्बोनडाइअक्साइड भरिन्छ । जुन मानिसको स्वास्थ्यका लागि हानिकारक छ । सोही कारण मानिस बेहोस हुन्छ । अन्ततः मृत्यु हुन पुग्छ ।

कुन वर्ष कतिको मृत्यु ?

०७४/७५	७
०७५/७६	१०
०७६/७७	१४
०७७/७८	७
०७८/७९	७
०८९/८०	५
०८० मंसिरसम्म	१
जम्मा	**५१**

त्यसो हुँदा झ्याल-ढोका बन्द गरेर न्यानो ताप्न नहुने नेपाल प्रहरीका एसएसपी कार्कीले बताए । उनले भने, 'न्यानो बनाउने क्रममा कोठाको झ्याल-ढोका बन्द गर्छौं । कोठामा अक्सिजन पातलो हुन्छ । बाहिरबाट रिफिल हुन पाउँदैन । अनि मानिस बेहोस हुन्छ । सोही कारण मृत्यु हुन्छ । यसलाई नियन्त्रण गर्न जरुरी छ । यसका लागि सचेतना फैलाउन मातहतका सबै निकायलाई सर्कुलर गरेका छौं ।'

■ सचेत बनाउन प्रहरीको सर्कुलर

प्रत्येक वर्षको हिउँदमा कोठा न्यानो बनाउने क्रममा सर्वसाधारणले ज्यान गुमाउन थालेपछि प्रहरीले सचेतना फैलाउने भएको छ । यसका लागि प्रहरीले मातहतका जिल्ला प्रहरी कार्यालयलाई निर्देशन नै जारी गरेको छ । विशेष गरी स्थानीय तहसँग समन्वय गरी सचेतना फैलाउन मातहतका प्रहरी युनिटलाई प्रहरी प्रधान कार्यालयले निर्देशन जारी गरेको छ । एसएसपी कार्कीले भने, 'न्यानो ताप्ने सुरमा सर्वसाधारणले ज्यान गुमाउन थाले । उनीहरूलाई अब सचेत गराउन जरुरी रहेको देखियो । यसका लागि स्थानीय तहसँग समन्वय गर्न मातहतका सबै प्रहरी युनिटलाई निर्देशन भएको छ । सञ्चारमाध्यममार्फत पनि यस्ता कार्यक्रम प्रवाह गर्न मातहतका निकायलाई भनेका छौं । अहिले सबैको हातमा मोबाइल छ । सचेता फैलाउने खालका सन्देश मोबाइलको 'रिङ टोन'मा राख्नुपऱ्यो । यसमा प्रहरी मात्रै होइन, अन्य निकाय पनि परिचालित हुनुपऱ्यो ।'

भेन्टिलेसन खुला राख्दा बच्न सकिन्छ

■ डा. नीरज बम
छातीरोग विशेषज्ञ, शिक्षण अस्पताल



न्यानो पार्ने लोभमा झ्याल-ढोका बन्द गरेर कोठामा हिटर, कोइला, माकल बाल्छौं । कोठाभित्र अक्सिजन आउन पाउँदैन । तर, बालिएको हिटर, कोइला र माकलले कार्बन मनोअक्साइड उत्पादन गर्छ । श्वासप्रश्वासमार्फत कार्बन मनोअक्साइड फोक्सोसम्म पुग्छ । यसले फोक्सोमा पानी जम्मा गराउँछ । फोक्सोको काम अक्सिजन रगतमा पठाउने र कार्बडाइअक्साइड फाल्ने हो । तर, अक्सिजनको ठाउँमा कार्बन मनोअक्साइड भरिएपछि फोक्सोले रगतमा त्यसैलाई पठाउँछ । रगत हुँदै यो ब्रेन र मुटुसम्म पुग्छ । यसले मानिसलाई अचेत बनाउँछ । र मुटको धड्कन बन्द गराउँछ । त्यसपछि मानिसको मृत्यु हुने हो । यसबाट जोगिन झ्याल-ढोका पूरै बन्द गरेर हिटर, कोइला, माकल बाल्नुभएन । भेन्टिलेसन खुला राख्नुपऱ्यो । कोठामा आक्सिजनलाई आउन दिनुपऱ्यो । र कोठाभित्रका कार्बनडाइअक्साइडलाई बाहिर जान दिनुपऱ्यो ।

■ भिजिट भिसाको सेटिङ

अध्यागमन अधिकृत खड्कासहित चार जेल चलान

६ जनालाई धरौटीमा छाड्ने आदेश

काठमाडौं/ भिजिट भिसाको सेटिङमा संलग्न भएको आरोपमा पक्राउ परेका अध्यागमन अधिकृत नरवीर खड्कासहित चारजना जेल चलान भएका छन् । संगठित अपराध र किर्ते मुद्दामा जिल्ला अदालत काठमाडौंले मंगलबार उनलाई थुनामा पठाएको हो ।

अधिकृत खड्कासहित बिचौलियाहरू अरुण दाहाल, सरोजकुमार यादव र मनोज तामाङ जेल चलान भएका हुन् । पक्राउ परेका अन्य ६ जनालाई धरौटीमा छाड्ने आदेश भएको छ । दिनेश ज्ञवाली र रामप्रसाद भण्डारीलाई ७-७ लाख, गीता शाहलाई पाँच लाख, विनोद कार्कीलाई दुई लाख, रविन अर्याल र पदम लामासँग १-१ लाख धरौटी माग भएको थियो ।

प्रहरीले गत बिहीबार सरकारी वकिलमार्फत गत साता २२ जनाविरुद्ध मुद्दा चलाएको थियो । जसमा आठजना अध्यागमन अधिकृतसहित १२ जना फरार छन् । यसमा मुछिएका अध्यागमन अधिकृतहरू ताराबहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णुप्रसाद आचार्य, विकास डंगोल, पीताम्बर रिमाल र सुजन फागो पनि फरार छन् । बिचौलिया समूहका केदारबहादुर खड्का, कौशिला मगर, लक्ष्मी राई र रिता दमाई पनि फरार रहेका छन् ।

राजस्व हिनामिनासम्बन्धी भ्रष्टाचार मुद्दामा यातायात कार्यालयका चार प्रमुखसहित १७ जना कर्मचारीले सफाइ पाएका छन् । यातायात व्यवस्था कार्यालय, इटहरीका राजस्व हिनामिना भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा विशेष अदालतले मंगलबार सफाइ दिएको हो । यातायातका तत्कालीन कार्यालय प्रमुखहरू नयराज नेपाल, तीर्थराज लम्साल, गोपाल थपलिया र भूपेन्द्र राईले सफाइ पाएका हुन् । उनीहरूमध्ये नेपाललाई एक करोड आठ लाख, लम्सललाई तीन करोड ३० लाख, थपलियालाई एक करोड ३० लाख र राईलाई ५६ लाख १२ हजार रुपैयाँ बिगो थियो ।

त्यस्तै, लेखा अधिकृत टीकाराम अधिकारी, लेखापाल सुरेश अधिकारी, रुद्रप्रसाद दाहाल, अर्जुन भट्टराई, कृष्णप्रसाद कट्टेलले पनि सफाइ पाएका छन् । लेखा अधिकृत अधिकारीलाई एक करोड २५ लाख, लेखापाल सुरेश अधिकारीलाई तीन करोड ७२ लाख, लेखापाल दाहाललाई तीन करोड ४८ लाख, लेखापाल भट्टराईलाई दुई करोड १७ लाख र लेखापाल कट्टेलविरुद्ध ७३ लाख ६२ हजार बिगो कायम गरी मुद्दा दायर भएको थियो ।

२०७३ को चैतदेखि २०७४ को असारसम्मको राजस्व हिनामिना गरेको अख्तियारको दाबी थियो । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले सफाइ दिएको हो । कराराका कम्प्युटर अपरेटरहरू सुजन राई, राकेश रोशन मगर, रमेश पौडेल, भूमिराज अधिकारी, हरिमदन ढुंगेल, दीपेन्द्र मण्डल, मैयाकुमार चापागाईं र रविन कुमार विश्वासले पनि सफाइ पाएका छन् । २५ जेठ २०७७ मा अख्तियारले उनीहरूविरुद्ध मुद्दा दायर गरेको थियो । यस भ्रष्टाचारमा मुछिएका लेखापाल सुरेश अधिकारी यातायात कार्यालयकै अन्य भ्रष्टाचार मुद्दामा दोषी ठहर भइसकेका छन् ।

संक्षेप

सञ्चारसम्बन्धी विधेयकमाथि छलफल गर्न महासंघको आग्रह

काठमाडौं/ नेपाल पत्रकार महासंघले सञ्चारमाध्यमसँग जोडिएका विधेयक ल्याउँदा सरोकारवाला पक्षसँग व्यापक छलफल गर्न सरकारसँग आग्रह गरेको छ । महासंघ केन्द्रीय समितिको मंगलबार सम्पन्न पदाधिकारी तथा सदस्यको बैठकले यस्तो निर्णयसहितका आग्रह गरेको हो । महासंघका केन्द्रीय सचिव गोविन्दप्रसाद चौलागाईंले जारी गरेको विज्ञप्तिअनुसार बैठकले महासंघको २७औं महाधिवेशन सम्पन्न गर्न आवश्यक तयारीलाई तीव्रताका साथ अघि बढाउँदै केन्द्रीय समिति बैठक यथाशीघ्र बोलाउने निर्णय गरेको छ । सरकारले संसद्को चालू अधिवेशनमा सञ्चार विधेयक प्रस्तुत गर्ने तयारी गरेको विषयलाई सकारात्मक रूपमा लिँदै महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । यसैगरी सञ्चारसम्बद्ध विधेयकहरू नेपालको संविधान, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यता र अभ्यासका आधारमा अघि बढाउन महासंघले माग गरेको छ ।

काठमाडौंका सडकमा एआई क्यामरा

काठमाडौं/ काठमाडौं महानगरपालिकाभित्र एआई (आर्टिफिसियल इन्टेलिजेन्स) भएका एनएफपिआर(अटोमेटिक नम्बर प्लेट रिकोग्नाइजेसन), एफआरएस (फेसियल रिकोग्नाइजेसन सिस्टम) सिसिटिभी (क्लोज सर्किट टेलिभिजन) क्यामरा जडान भएका छन् । महानगरपालिकाले नेपाल प्रहरीसँगको सहकार्यमा क्यामरा जडान गरेको हो । यी क्यामराले घटनासँग सम्बन्धित व्यक्ति तथा वस्तुको पहिचान र तिनीहरू कता गए, कसरी गए भन्ने दृश्य उपलब्ध गराउँछ । यस्ता विशेषता भएका क्यामरामध्ये तीन ठाउँमा एनएफपिआर (सवारीसाधन र चालकसम्बन्धी दृश्य तथा विवरण दिने) र १० ठाउँमा एफआरएस (घटनासँग सम्बन्धित व्यक्तिबारे विवरण र दृश्य दिने) क्यामरा राखिएका हुन् । यससँगै सहकार्यबाट सहरमा राखिएका सिसिटिभीको संख्या तीन सय ३५ पुगेको छ ।

उखु तौलमा मिलको हिनामिना

रौतहट/ कटरिया नगरपालिकास्थित बाबा बैजनाथ सुगर एन्ड केमिकल प्रालिले उखुको तौलमा हिनामिना गर्ने गरेको पाइएको छ । सय क्विन्टल उखु तौल गर्दा ७० क्विन्टल मात्रै भएपछि किसानले मंगलबार नाराबाजी र प्रदर्शन गरेका छन् । किसानहरूले मिल सञ्चालकविरुद्ध गरेको नाराबाजीको समाचार संकलन गर्न गएका एक पत्रकारलाई मिल सञ्चालकले निर्घात कुटपिट गरेका छन् । मिल्स सञ्चालक र किसानबीच भएको विवादको भिडियो खिच्दै गरेका पत्रकार कृष्ण तिवारीलाई सञ्चालक र उनीहरूका आफन्तले निर्घात कुटपिट गरेका थिए ।

बक्यौता नउठेपछि प्रधानमन्त्री भेट्न काठमाडौं पुगे चितवनका किसान

सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)सहित निजी डेरी उद्योगले महिनौं रोके पैसा

भरतपुरमा विवेक पोखरेल

दूध बिक्रीबापतको पैसा महिनौंसम्म नपाएपछि चितवनका किसान प्रधानमन्त्री भेट्न काठमाडौं पुगेका छन् । उनीहरूले मंगलबार चितवन जिल्ला दूध सहकारी संघमार्फत प्रधानमन्त्री कार्यालय सिंहदरबारमा पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाउँदै 'मिल्क होलिडे'बाट देशलाई बचाउन अनुरोध गरेका छन् ।

केन्द्रीय दुग्ध सहकारी संघ र चितवन जिल्ला दूध उत्पादक सहकारी संघबाट प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको चितवन जिल्ला दूध उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेले जानकारी दिए । उनले भने, 'दूध बिक्रीको समस्या र भुक्तानीबारे समस्या राखेका छौं । प्रधानमन्त्रीज्यू सकारात्मक हुनुहुन्छ । हाम्रै अगाडि कृषिमन्त्री र सचिवलाई फोन गरेर बैठक राख्न भन्नुभएको छ । आशावादी भएर चितवन फर्किएका छौं ।'

बगालेका अनुसार दूधको बिक्री सहज र सरल ढंगले हुनुपर्ने, हालसम्म बाँकी रकम पाउनुपर्ने, सहुलीयत पूर्ण ऋण कार्यक्रम र बिमा कार्यान्वयनमा आउनुपर्ने, कृषि ऋणको समय पाँच वर्ष बढाएर १५ वर्ष बनाउनुपर्ने, कृषक परिचयपत्र वितरण तुरुन्त हुनुपर्ने, दूध उत्पादनका आधारमा कृषकले अनुदान पाउनुपर्ने, सहकारीबाट उत्पादित दानामा अनुदान हुनुपर्ने, दुग्ध सहकारीलाई बिजुली महसुलमा ५० प्रतिशत छुट हुनुपर्नेलगायत माग प्रधानमन्त्रीलाई राखिएको थियो ।



प्रधानमन्त्री प्रचण्डलाई ज्ञापनपत्र बुझाउँदै केन्द्रीय दुग्ध सहकारी संघ र चितवन जिल्ला दूध उत्पादक सहकारी संघका प्रतिनिधि । **तस्बिर : नयाँ पत्रिका**

■ ४० हजार किसानको २२ करोड भुक्तानी बाँकी

चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघका सचिव कल्याण अधिकारीका अनुसार चितवनका ४० हजारभन्दा बढी पशुपालक किसानले करिब २२ करोड भुक्तानी पाएका छैनन् । चितवनमा उत्पादन हुने साढे तीन लाख लिटर दूधमध्ये डेढ लाख जिल्लाबाहिर खपत हुँदै आएको छ । पैसा माग्दा दूध खरिद गर्ने उद्योगले किन्न मान्दैनन् । अधिकारीका अनुसार चितवनका केही दूध सहकारीले साउनदेखिकै भुक्तानी पाएका छैनन् । उनले भने, 'सहकारीले बाध्य भएर दूध संकलन गर्न छाड्ने अवस्था आउन लागेकाले प्रधानमन्त्री भेट्न आएका हौं ।'

किसानले बिक्री गरेको दूध स्थानीय सहकारीले विभिन्न उद्योगलाई बिक्री गर्छ । यसअघि उद्योगले प्रत्येक १५ दिनमा किसानको रकम भुक्तानी दिन सहकारीलाई पैसा पठाउने र सहकारीमार्फत किसानले रकम पाउने गरेका थिए । तर, उद्योगले पैसा नदिएपछि सहकारीहरू किसानलाई पैसाको साटो घिउ, बटर दिन बाध्य भएका छन् । सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)सहित देशभरिका प्रायः निजी डेरी उद्योगले चितवनबाट दूध खरिद गर्छन् । दूध बेचेको पैसा लामो समयदेखि नपाउँदा साना किसानको जीविकोपार्जनमा समस्या भएको छ । ठूला किसानलाई पनि बैंकले ब्याज तिर्न ताकेता गरिरहेका छन् । गाईभैंसीको दाना-चोकर खुवाउने पैसा अभाव हुन थालेको किसानहरूको गुनासो छ । दूधमा आत्मनिर्भर चितवनमा एक सय १५ वटा दूध सहकारी संस्था सक्रिय छन् भने ६० बढी निजी डेरी छन् ।

संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा सुधार गर्दै अघि बढ्न सुझाव

काठमाडौं/ राजनीतिक दलका नेताहरूले संघीय लोकतान्त्रिक गणतन्त्रको विकल्प अन्य व्यवस्था हुन नसक्ने बताएका छन् । यद्यपि, अभ्यासमा कमजोरी रहेको स्विकार्दै सुधार गरेर अगाडि बढ्नुपर्ने आवश्यकता उनीहरूले औंल्याएका छन् । नेपाल अध्ययन केन्द्रले राष्ट्रिय सभागृहमा मंगलबार आयोजना गरेको 'अभ्यासमा संघीय लोकतान्त्रिक गणतन्त्र' विषयक राष्ट्रिय गोष्ठीमा कांग्रेस, एमाले, माओवादी, एकीकृत समाजवादी र रास्वपाका नेताहरूले व्यवस्थाको विकल्प नभए पनि कमजोरी सुधारेर अघि बढ्नुपर्नेमा जोड दिएका हुन् ।

एमाले उपमहासचिव पृथ्वी सुब्बा गुरुङले राजनीतिक दलका नेतृत्वको कार्यशैलीमा सुधार आवश्यक रहेको बताए । संघ सरकारले प्रदेशलाई अधिकार दिन नचाहँदा संघीयतामाथि प्रश्न उठेको उनले दाबी गरे ।

कांग्रेस नेता डा. मीनेन्द्र रिजालले कार्यान्वयनमा जानुपर्ने प्रधानमन्त्री निर्देशनमा सीमित बन्दा परिणाम आउन नसकेको बताए । अहिलेसम्मका योजना भन्नमा मात्रै सीमित भएको उनले औंल्याए । गठबन्धनमा सत्ता जोगाउनकै लागि समय खर्चिनुपर्ने अवस्थामा विकासबारे सोच्ने फुर्सद नभएको व्यंग्य उनले गरे । माओवादी स्थायी समिति सदस्य ओनसरी घर्तीले व्यवस्था सही भए पनि अभ्यासमा कमजोरी भएको स्विकारिन् । संघीयता कार्यान्वयनसँग सम्बन्धित विषयलाई छिटोभन्दा छिटो कार्यान्वयनमा लैजानुपर्नेमा उनले जोड दिइन् । उनले नकारात्मक टीकाटिप्पणी गरेर मात्रै समस्या समाधान नहुने भन्दै सकारात्मक सोचका साथ अगाडि बढ्नुपर्नेमा जोड दिइन् । उनले दलहरू रूपान्तरण हुन आवश्यक रहेको पनि औंल्याइन् । एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले अपेक्षा धेरै भएका कारण प्रश्न उठ्नु स्वाभाविक भएको बताए । रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले राजनीतिक दलहरूले संविधान कार्यान्वयनमा ध्यान नदिएका कारण संघीयता, धर्मनिरपेक्षताप्रति प्रश्न उठेको भन्दै दुःख व्यक्त गरे ।

■ नागरिक अगुवाले भने- दलबाटै सुधारौं

कार्यक्रमको पहिलो सत्रमा नागरिक अगुवाहरूले संसदीय समिति बनाएर समीक्षा गर्नुपर्ने सुझाव दिएका थिए । उनीहरूले संघीय लोकतान्त्रिक गणतन्त्र अक्षरमा खोजेर मात्रै नहुने बताए । कृष्ण खनालले नेतृत्वको गतिविधिले देश प्रभावित हुने भन्दै एउटै व्यक्ति पटक पटक दोहोरिने प्रणाली बदलेर नयाँ नेतृत्वको विकास गर्नुपर्नेमा जोड दिए ।

Mukhiyapatti Musaharniya Rural Municipality
Office of the Rural Municipality Executive
Tulsiyahi Jabdi, Dhanusha

Lettr of Intent

Date : 2080/10/23

To
Hulk Construction and Suppliers Private Limited
Janakpur-2, Dhanusa, Janakpur, Nepal

Subject: Issuance of letter of intent to award the contract MMRM/080/081/3

This is to notify you that, it is our intention to award the contract for execution of the Construction of Two room building with kitchen to you as your bid price NRs 55,06,244.34 as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

Sawan Kumar Chaudhary
Chief Administration Officer

Mukhiyapatti Musaharniya Rural Municipality
Office of the Rural Municipality Executive
Tulsiyahi Jabdi, Dhanusha

Lettr of Intent

Date : 2080/10/23

To
Hulk Construction and Suppliers Private Limited
Janakpur-2, Dhanusa, Janakpur, Nepal

Subject: Issuance of letter of intent to award the contract MMRM/080/081/2

This is to notify you that, it is our intention to award the contract for execution of the School Building Construction Work at Ma.Vi.Musaharniya to you as your bid price NRs 28,03,705.05 NRs as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bid.

Sawan Kumar Chaudhary
Chief Administration Officer

छिमेक लघुवित्त वित्तीय संस्था लि.

CHHIMEK LAGHUBITTA BITIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, काठमाण्डौं-३१, मध्यबानेश्वर
फोन ०१-४४९०५१३, ४४६४८५२, फ्याक्स ०१-४४६५७८५ (Email : info@chhimekbank.org)

Interim Financial Statements

Unaudited Condensed Statement of Financial Position
As on Quarter ended 29 Poush, 2080

Amount (NPR)

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	8,798,767,777.85	7,725,529,241.95
Statutory Balances and due from Nepal Rastra Bank	831,416,670.00	956,486,670.00
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	31,876,102,003.97	32,247,519,343.09
Investment Securities	662,680,000.00	532,341,071.97
Current Tax Assets	58,785,603.71	92,145,147.25
Investment Property	-	-
Property and Equipment	285,394,458.00	295,660,064.15
Goodwill and Intangible Assets	3,733,620.15	3,442,080.15
Deferred Tax Assets	19,233,697.34	19,233,697.34
Other Assets	693,135,744.19	859,684,962.25
Total Assets	**43,229,249,575.21**	**42,732,042,278.14**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	31,889,677,821.41	30,716,613,283.88
Borrowings	3,515,047,866.63	4,553,898,524.62
Current Tax Liabilities	-	-
Provisions	36,447,636.49	37,281,807.71
Deferred Tax Liabilities	-	-
Other Liabilities	895,286,360.88	677,381,957.13
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**36,336,459,685.41**	**35,985,175,573.34**
Equity		
Share Capital	2,977,172,100.00	2,835,402,000.00
Share Premium	40,967,834.00	40,967,834.00
Retained Earnings	1,289,322,699.28	1,374,377,304.27
Reserves	2,585,327,256.52	2,496,119,566.53
Total Equity	**6,892,789,889.80**	**6,746,866,704.80**
Total Liabilities and Equity	**43,229,249,575.21**	**42,732,042,278.14**

Unaudited Condensed Statement of Profit & Loss
For the Quarter ended 29 Poush, 2080

Amount (NPR)

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	1,406,103,090.72	2,916,131,383.36	1,395,507,701.64	2,824,074,777.21
Interest Expense	749,766,338.19	1,531,383,896.20	699,204,524.34	1,387,782,649.80
Net Interest Income	**656,336,752.53**	**1,384,747,487.16**	**696,303,177.30**	**1,436,292,127.41**
Fee and Commission Income	64,139,682.00	128,307,098.00	93,756,209.00	196,146,423.00
Fee and Commission Expense	567,596.45	693,577.45	12,787.69	36,090.69
Net Fee and Commission Income	**63,572,085.55**	**127,613,520.55**	**93,743,421.31**	**196,110,332.31**
Net Interest, Fees and Commission Income	**719,908,838.08**	**1,512,361,007.71**	**790,046,598.61**	**1,632,402,459.72**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	-	-
Total Operating Income	**719,908,838.08**	**1,512,361,007.71**	**790,046,598.61**	**1,632,402,459.72**
Impairment Charge/(reversal) for Loans and Other Losses	132,474,977.00	240,836,630.79	178,087,115.12	202,987,720.98
Net operating income	**587,433,861.08**	**1,271,524,376.92**	**611,959,483.49**	**1,429,414,738.74**
Operating Expense				
Personnel Expenses	240,735,712.58	561,683,129.89	230,598,486.32	536,254,860.15
Other Operating Expenses	38,576,143.20	77,149,079.78	40,755,000.00	76,854,394.07
Depreciation & Amortization	9,613,347.52	18,806,478.30	9,683,546.02	18,423,824.22
Operating Profit	**298,508,657.78**	**613,885,688.95**	**330,922,451.15**	**797,881,660.30**
Non-Operating Income	8,727,191.85	11,654,325.33	5,994,383.65	9,190,153.24
Non-Operating Expense	-	2,361,085.69	-	-
Profit before Income Tax	**307,235,849.63**	**623,178,928.59**	**336,916,834.80**	**807,071,813.54**
Income Tax Expense				
Current Tax	92,170,754.89	186,953,678.58	109,943,099.05	250,989,592.67
Deferred Tax	-	-		
Profit for the Period	**215,065,094.74**	**436,225,250.01**	**226,973,735.75**	**556,082,220.87**

Statement of Comprehesive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit or loss for the Period	**215,065,094.74**	**436,225,250.01**	**226,973,735.75**	**556,082,220.87**
Other Comprehensive Income	-	-	-	-
a) Items that will not be reclassified to profit or loss	-	-	-	-
- Gains/(losses) from investments in equity instruments measured at fair value	-	-	-	-
- Gain/(loss) on revaluation	-	-	-	-
- Actuarial gain/loss on defined benefit plans	-	-	-	-
- Income tax relating to above items	-	-	-	-
Net other compressive income that will not be reclassified to profit or loss			-	-
b) Items that are or may be reclassified to profit or loss	-	-	-	-
- Gains/(losses) on cash flow hedge	-	-	-	-
- Exchange gains/(losses) (arising from translating financial assets of foreign operation)	-	-	-	-
- Income tax relating to above items	-	-	-	-
Net other compressive income that are or may be reclassified to profit or loss				
c) Share of other comprehensive income of associate accounted as per equity method	-	-	-	-
Other comprehensive income for the period, net of income tax	-	-	-	-
Total Comprehensive Income for the period	**215,065,094.74**	**436,225,250.01**	**226,973,735.75**	**556,082,220.87**
Earnings per share				
Basic earnings per share		29.30		47.85
Annualized Basic Earnings Per Share		29.30		47.85
Diluted earnings per share		29.30		47.85

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		17.86%		17.22%
Non-performing loan (NPL) to total loan		2.95%		0.94%
Total Loan Loss Provision to Total NPL		395.15%		266.60%
Cost of Funds		8.85%		8.90%
Credit to Deposit and Borrowing Ratio		93.41%		100.55%
Base Rate		11.38%		11.56%
Interest Rate Spread		5.78%		6.03%

Statement of Distributable Profit or Loss
For the Quarter ended 29 Poush, 2080
(As per NRB Regulation)

Particulars	Current Year	Previous Year Corresponding
	Upto this Qtr	Upto this Qtr
Net Profit or (Loss) as per statement of profit or loss	**436,225,250.01**	**556,082,220.87**
Appropriations:		
a. General Reserve	87,245,050.00	111,216,444.17
b. Foreign exchange fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	4,362,252.50	5,560,822.21
e. Employee's training fund	-	-
f. Other	4,362,252.50	5,560,822.21
Profit or (Loss) before regulatory adjustment	**340,255,695.01**	**433,744,132.28**
Regulatory Adjustment:		
a.Interest receivable (-) / previous accrued interest received (+)	-	-
b. Short loan loss provision in accounts (-)/ reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/ reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/ reversal (+)	-	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/ reversal (+)	-	-
h. Actuarial loss recognised (-)/reversal (+)	-	-
i. Other	-	-
Net Profit for the Quarter end Poush 29, 2080 available for distribution	**340,255,695.01**	**433,744,132.28**
Opening Retained Earning as on Shrawn 1, 2080	1,374,377,304.27	1,206,401,946.17
Adjustment (+/-)	-	-
Distribution		
Bonus share issued	141,770,100.00	-
Cash Dividend Paid	283,540,200.00	-
Total Distributable profit or (loss) as on Quarter end date	**1,289,322,699.28**	**1,640,146,078.45**
Annualised Distributable Profit/Loss per share	43.31	57.85

Notes:

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards(NFRS) and certain Carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).These figures may vary at the instances of statutory auditors and regulators.
2. The detailed interim financial report has been published in the website (www.chhimekbank.org).
3. Loans and Advances are presented net of impairment charges and includes staff loans.
4. Actuarial Valuation will be done for Employee Benefits.
5. Personnel Expenses also include employee's bonus provision. 6. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
7. Immediate Previous Year Ending of Financial Position are Audited figures.

Disclosure Pursuant to Securities Registration and Issue Regulation 2073
(Rule 26(1), Annexure 14)
Second Quarter of Financial Year 2080/81

1 Financial Statement

a) The Nepal Financial Reporting Standard (NFRS) compliant financial statement of the second quarter has been published along with this report.

b) Key Financial Indicators

Earnings Per Share	29.30	Liquidity Ratio	28.33%
Price Earnings Ratio	29.76	Return on Equity	12.86%
Net Worth Per Share	231.52	Total Assets Value Per Share	1,452.02

2 Management Analysis

a) Quarterly analysis of the microfinance's incomes and liquidity:
The microfinance has registered NPR 43,62,25,250.01 in net profit and its liquidity ratio stands at 28.33%.

b) Business Analysis and Business Plan
Having the license to operate all over Nepal, the microfinance is currently providing its services in 69 districts through 197 branches. With the aim of improving access to financial services to the poor and marginalized women members and developing micro-entrepreneurship, the microfinance is serving 415,673 households and has provided various loans to 205,356 members till the end of this quarter. The microfinance is further planning to timely improve its quality of services as per the contemporary circumstances and needs & requirements of the members. The microfinance will keep on continually developing the micro-enterpreneurship on its members through micro-credit services and training facilities.
To ease the collection of deposits and installments from its members, the microfinance has collaborated with various private digital payment service providers.Further microfinance is planning to enhance the digital services to its members.

3 Details Related to Legal Proceedings
a) No information regarding the lawsuit against the microfinance has been filed during the Quarterly period under review.
b) No information regarding the lawsuit on account of violation of prevailing laws or commission of criminal offences has been filed against the promoter or director of the microfinance during the quarterly period under review.
c) No information regarding the lawsuit of financial fraud/crime has been filed against the promoters and management team of the microfinance during the quarterly period under review.

4 Analysis of the Microfinance's Share Transaction
a) The shares of the microfinance are listed on Nepal Stock Exchange. The microfinance's share price is determined by the market's movement and microfinance's management is neutral in this regard.
b) The microfinance has complied with all the prevailing norms of SEBON and directives issued by NRB.
c) Details of share transaction during the quarter is as follows:

Maximum Price	1,025.00	Total Days Transacted	49.00
Minimum Price	808.80	Total Shares Transacted	558,687.00
Closing Price	872.00	Total Number of Transaction	9,468.00
		Total Amount Transacted	501,248,003.20

(Source: - www.nepalstock.com.np)

5) Problems and Challenges
The recovery and lending process of the microfinance has not taken its pace, as it was before the COVID-19 pandemic.Low credit demand due to economic slow down and reduction of SOL has affected the growth of loan portfolio. High cost of borrowing from the BFIs has increased cost of fund.Quality of Portfolio has been deteriorated due to the activities of Group, carrying out act against the microfinance sectors.
The microfinance has been continuously involved in providing quality financial services to its members .
The challenges faced by the microfinance during this period are listed below:

i) Internal Challenges:
a) Challenges in the timely recovery of loans,
b) Recruitment and retention of quality manpower,
c) Increasing cost of operation,
d) Decrease in employee productivity due to geographical dificulties,
e) Management of increased operational risk with the increase in business volume & number of branches.
f) Difficulty in conducting members field meeting due to the activities of group, carrying out act against Microfinance sectors.

ii) External Challenges
a) Increment in the interest rate of Deprived Sector and other Borrowings availed by the microfinance,
b) Changes in Regulatory provisions,
c) Challenges in the management of the liquidity,
d) Multiple Borrowings and Duplication of members,
e) Larger numbers of microfinances and Unhealthy Competition among them,
f) Lack of Markets for the productions of the members,
g)Long term impact of Covid-19 pendamic.

iii) Future Strategies to overcome the challenges
a) Optimum and efficient utilization of the available means and resources,
b) Enhancing the Quality of Assets,
c) Incorporating Digital banking in every possible aspects of the services,
d) Expansion of branches to the untapped areas of the country,
e) Enhancing the competitive advantages,
f) Extension of the lending in Productive and Agricultural Sector.

6) Corporate Governance
The microfinance is committed in maintaining the highest level of ethical standards, corporate governance, and compliance. The board of directors and management strictly comply with all the regulatory norms issued by NRB and various other regulatory authorities. Further, the microfinance adheres to all the regulatory and legal requirements and the industry best practices.

7) Declaration by CEO
I, CEO of the microfinance, take responsibility for the truthfulness of the information disclosed in this report to the best of my knowledge. Further, the information disclosed herein are true and fair and have not knowingly concealed any material information which may affect the decision of the investor.

कोशीमा चार महिनापछि मिल्यो मन्त्रालयको भागबन्डा

कांग्रेस पाँच, माओवादी तीन र एकीकृत समाजवादीलाई एक मन्त्रालय, जसपा तत्काल सरकारमा नजाने

झापामा चिरञ्जीवी घिमिरे

सरकार परिवर्तनको अखडा बनेको कोशीमा सरकार गठनको चार महिनापछि सत्तागठबन्धनमा भागबन्डा मिलेको छ। २७ असोजमा मुख्यमन्त्री नियुक्त भएका केदार कार्कीले सहमतिसँगै सरकार विस्तारको तयारी थालेका छन्। 'अब चाँडै मन्त्रिपरिषद् विस्तार हुन्छ, एक्सरसाइज गरिरहेको छु,' मुख्यमन्त्री कार्कीले भने।

नौ मन्त्रालय रहेको कोशीमा कांग्रेसले मुख्यमन्त्रीसहित पाँच, माओवादीले तीन र एकीकृत समाजवादीले एक मन्त्रालय पाउने भएका छन्। हाल कांग्रेसबाट मुख्यमन्त्रीसहित दुई तथा माओवादी र एकीकृत समाजवादीबाट एक-एक मन्त्री छन्। अझै पाँच मन्त्रालय मुख्यमन्त्रीले नै सम्हालिरहेका छन्।

कांग्रेस संसदीय दलका नेता उद्धव थापाका अनुसार अब कांग्रेसले तीन र माओवादीले दुईजना मन्त्री सरकारमा पठाउनुपर्नेछ। एक सांसद रहेको जसपा भने तत्काल सरकारमा नजाने थापाले बताए। 'अहिलेलाई भागबन्डा टुंगियो, जसपा सरकारमा जाने भएमा त्यहीअनुसार हुन्छ,' उनले भने, 'हामी पार्टीको आन्तरिक तयारीमा छौं। कसलाई कुन मन्त्रालयमा पठाउने छलफल गर्दै छौं। केही दिनभित्र सरकारले पूर्णता पाउँछ।'

प्रदेशको नामांकनमा पहिचानको मुद्दा नसमेटिएकाले जसपा तत्काल सरकारमा नजाने जसपाका प्रदेश अध्यक्ष दीपक याक्खाले बताए। 'प्रदेशको नामको विषयलाई लिएर जनता आन्दोलनमा छन्। पहिचानको मुद्दा समेटिएको छैन। मुख्यमन्त्रीसँग छलफल गर्दा पनि पहिचानको मुद्दा समेटिने विश्वासको वातावरण बनेको छैन,' उनले भने, 'यो प्रदेशको अस्थिर राजनीतिले सरकारमा गएर जनताको पक्षमा काम गर्ने अवस्था पनि छैन। तसर्थ अहिले जसपा सरकारमा जाँदैन।'

गठबन्धनले मंगलबार नै सरकार विस्तारको तयारी गरेको थियो। तर, कांग्रेस केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीको निधनका कारण मन्त्रिपरिषद् विस्तार रोकिएको माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले बताए। 'भागबन्डा टुंगिएको छ। अब मुख्यमन्त्रीज्यूले सरकार विस्तार गर्नुहुन्छ,' आङ्बोले भने।

सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री शमशेर राईले केही प्राविधिक कुराले सरकार विस्तार हुन नसकेको बताए। उनले केही दिनभित्र नै सरकारले पूर्णता पाउने बताए। २७ असोजमा एमालेको समर्थनमा कार्की मुख्यमन्त्री नियुक्त भएका थिए। उनीसँगै कांग्रेसका शमशेर राई र एमालेका रामबहादुर मगर मन्त्री बनेका थिए। तर, १७ कात्तिकमा नियुक्त भएका माओवादीका गणेश उप्रेती र कमलप्रसाद जबेगूलाई मन्त्री नियुक्त गर्दै मुख्यमन्त्री कार्कीले गठबन्धन दलबाट माओवादी र एकीकृत समाजवादीलाई भित्र्याएपछि एमालेले मगरलाई फिर्ता बोलाएको थियो। मगर २२ दिन विनाविभागीय भएर बिदा भएका थिए।

अस्थिर राजनीतिका कारण एक वर्षमा कोशीमा पाँचपटक मुख्यमन्त्री परिवर्तन भए। एमालेका हिक्मतकुमार कार्की दुईपटक, कांग्रेसका उद्धव थापा दुईपटक मुख्यमन्त्री बनेका थिए भने पाँचौंपटकमा केदार कार्की सरकारको नेतृत्वमा आइपुगेका छन्। २४ पुसमा राप्रपाका अम्बरबहादुर विष्ट कोशीको सभामुख भएसँगै कोशीमा राजनीतिक अस्थिरता तत्काललाई टरेको छ। ९३ सदस्यीय कोशी प्रदेश सभामा सत्तागठबन्धनसँग आवश्यक बहुमत ४७ मात्र थियो। विष्ट सभामुख भएसँगै कोशीमा सत्तागठबन्धनको सहज बहुमत पुगेको थियो।

संक्षेप

कांग्रेसका सबै कार्यक्रम स्थगित

काठमाडौं/ कांग्रेस केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य केशवकुमार बुढाथोकीको निधनप्रति दुःख व्यक्त गर्दै कांग्रेसले तीन दिनसम्म पूर्वनिर्धारित सबै कार्यक्रम स्थगित गरेको छ। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार मंगलबार बिहान बसेको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले २३ देखि २५ माघसम्म पार्टीको झन्डा आधा झुकाउने र पूर्वनिर्धारित सबै कार्यक्रम स्थगित गर्ने निर्णय गरेको हो।

यसँगै कांग्रेसको जारी 'समुदायमा कांग्रेस' अभियानका बाँकी कार्यक्रम स्थगित भएको छ। २६ माघमा सम्पन्न हुने अभियान अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको कांग्रेसले जनाएको छ। यसँगै अभियान अनिश्चित बनेको छ। ७ देखि १० फागुनसम्म महासमिति बैठकको मिति तय भएकाले महासमिति बैठकपछि मात्रै अभियानका बाँकी कार्यक्रम गर्ने कांग्रेसको तयारी छ। महामन्त्री गगन थापाले समेत जारी मेची-महाकाली संवाद अभियान स्थगित गरेका छन्। बुढाथोकीको सोमबार निधन भएको थियो। ००१ मा जन्मिएका बुढाथोकीले ०२४ देखि विद्यार्थी आन्दोलनबाट सक्रिय राजनीति थालेका थिए। लोकतान्त्रिक आन्दोलनका क्रममा विभिन्न समयमा उनले पटक-पटक बन्दी जीवनसमेत व्यतस्त गरेका थिए। उनी ०६४ साल र ०७० मा झापा ५ बाट संविधान सभा सदस्य निर्वाचित भएका थिए भने ०७३ मा सामान्य प्रशासनमन्त्री बनेका थिए।

भाइरल ज्वरो नियन्त्रणउन्मुख

मकवानपुर/ राक्सिराङ गाउँपालिका- ९ मा फैलिएको भाइरल ज्वरो नियन्त्रणउन्मुख रहेको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ। जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेका अनुसार चार दिनदेखि राक्सिराङ गाउँपालिका- ९ को तर्लिङआसपास क्षेत्रमा भाइरल ज्वरो फैलिएको थियो। चिकित्सकसहितको स्वास्थ्यकर्मीको टोलीले भाइरल ज्वरो फैलिएको क्षेत्रमा उपचार सेवा प्रदान गरी अवस्था नियन्त्रणमा लिएको उनले बताए। राक्सिराङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाका अनुसार चार दिनअघि एकैपटक एक सय पाँचजनामा घाँटी दुख्ने, ज्वरो आउने समस्या देखिएको थियो। भाइरल प्रकोपका कारण गत शुक्रबार ६० वर्षीय टीकाबहादुर नगरकोटीको मृत्यु भएको थियो।

गैंडाको आक्रमणबाट महिला घाइते

नवलपरासी/ पूर्वी नवलपरासीमा गैंडाको आक्रमणमा परी मंगलबार एक महिला घाइते भएकी छिन्। जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायब उपरीक्षक वेदबहादुर पौडेलका अनुसार मंगलबार दिउँसो साढे २ बजेतिर देवचुली- १० पृथ्वीनगर लोकाहा खोला किनारमा सोही ठाउँकी ६० वर्षीया ठगीसरा सुनारी मगरलाई गैंडाले आक्रमण गरेको हो। उनी बाख्रा चराउन जंगल गएकी थिइन्। उनको ढाड, बायाँ गाला, दायाँ खुट्टा र दुवै पाखुरामा चोट लागेको छ। उनको दलदलेस्थित देवचुली अस्पतालमा उपचार भइरहेको छ।

घाइतेको उपचार गर्दै लुम्बिनी सरकार

दाङ/ लुम्बिनी प्रदेश सरकारले सशस्त्र द्वन्द्वका घाइते तथा अपांगता भएका व्यक्तिको उपचार सुरु गरेको छ। प्रदेश गृह मन्त्रालयका शाखा अधिकृत मेघराज सोनीका अनुसार उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवलसँग समन्वय भएको छ। सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपांग भएकाको उपचारसम्बन्धी कार्यविधि, २०८० तयार गरी उपचारको प्रक्रिया अघि बढाइएको उनको भनाइ छ। घाइते तथा अपांगता भएका व्यक्तिको उपचारका लागि लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८०/८१ का लागि ५० लाख बजेट विनियोजन गरेको थियो। सोही कार्यक्रम सुरु गरिएको प्रदेश अर्थमन्त्री धनबहादुर मास्कीले जानकारी दिए।



दक्षिण कोरियामा कन्सर्ट गर्दै मंगोलियन हार्ट

चर्चित ब्यान्ड मंगोलियन हार्टले दक्षिण कोरियामा कन्सर्ट गर्ने भएको छ। आगामी शुक्रबार दक्षिण कोरियाको सिओलमा प्रस्तुति दिने तय भएको ब्यान्डका म्यानेजर तथा गितारिस्ट बबी लामाले जानकारी दिए। गायक राजु लामासँगै ड्रमर सन्तोष थापा, लिड गिटारिस्ट भूपेन्द्र बज्राचार्यलगायतले प्रस्तुति दिनेछन्।



राजनीतिमा थलपति विजय

दक्षिण भारतीय स्टार अभिनेता थलपति विजयले राजनीतिमा लाग्ने घोषणा गरिसकेका छन्। तर, त्यसअघि उनी दुईवटा फिल्ममा देखिनेछन्। बैंकट प्रभुको निर्देशनमा 'थलपति ६८' विभिन्न स्थानमा छायांकन भइसकेको छ। यसपछि पनि उनी अर्को फिल्ममा देखिनेछन्। उक्त फिल्मको नाम भने फाइनल भइसकेको छैन।

नियमित योग गर्छु

नृत्यगुरु भैरवबहादुर थापा ९२ वर्षको उमेरमा पनि उत्तिकै सक्रिय छन्। स्वस्थ्य रहनका लागि व्यायाम र खानपानमा विशेष ध्यान दिनुपर्ने उनको सुझाव छ।

दीर्घायु सूत्र
भैरवबहादुर थापा, नृत्यगुरु



खानपान : पानी बिहान तीन लिटर पिउँछु। त्यसपछि ब्रेकफास्टमा फरक-फरक कुरा लिन्छु। दालचिनी, हर्रो, बर्रो, अमला, मेथी, टिमुर, मरिच, सुठो, बिरेनुन हालेर कागतीपानी, आलस, ओखर (दैनिक दुईवटा), बदाम (चारवटा), छोकडा, किमसिम, जिरा, ज्वानोलगायत ऊर्जा दिने खानेकुरा खान्छु। बिहान कोदोको ब्राउन ब्रेड एउटा टुक्रा र दुईवटा बिस्कुट लिन्छु। पाँच चम्चाजति फापर तातोपानीमा घोलेर खान्छु। सिजनल फलफूल लिन्छु। १२ बजेपछि ब्रेकफास्ट लिन्छु। खाना खान धेरैभन्दा धेरै समय लगाउँछु। ग्याप राखेर, मजाले चपाएर खान्छु। माछामासु खान्नँ। बेलुकीको खान साढे ७ बजेभित्र लिइसक्छु। बेलुकी कहिलेकाहीं जौको च्याँख्ला लिन्छु।

योग : योगाभ्यासका विभिन्न विधि छन्। म श्वासप्रश्वासको पनि अभ्यास गर्छु। झन्डै २० मिनेटजति म श्वासप्रश्वासका अभ्यास गर्छु। २५ मिनेटजति फरक-फरक आसन गर्छु। सैनिक ट्रेनिङ पनि मार्चपास, कदम चाल्ने, रनिङ (घरभित्रै गन्ती गरेर गर्छु), ब्यान्डलगायत अभ्यास गर्दा ४५ मिनेट जान्छ। यसरी, झन्डै दुई घन्टा श्वासप्रश्वास, मन्त्र जप र योगासनसमेत गरेर जान्छ।

सपना : मानिसलाई आफ्नो सपनाले पनि दीर्घ जीवन बाँच्न सहयोग गर्ने रहेछ। मैले नृत्यको आफ्नै लिपि लेख्नका लागि ६५ वर्ष लगाएँ। यो मेरो सपना थियो। नेपाली लोकसांस्कृतिक नृत्यलाई विश्वभर चिनाउनुपर्छ भन्ने सपना छ। सपना आफैं पूरा गर्नुपर्छ भन्ने लागेकाले स्वस्थ्य रहनका लागि मैले खानपान र योगमा विशेष ध्यान दिन थालें। बिस्तारै यस्तै बानी पऱ्यो। त्यसैले सपना देख्न नछाड्नुसु, आशावादी रहनुस्।

प्रदूषण कम गर्ने केही उपाय

प्रदूषणका कारण मानिसमा विभिन्न समस्या देखिन्छन्। तर, जीवनमा थोरै परिवर्तन ल्याएर यसको असर कम गर्न सकिन्छ। हामीले टेकेको धर्तीसँग हाम्रो जीवन जोडिएको हुनाले यसको रक्षाका लागि हामीले केही कुराहरू ख्याल गर्नुपर्ने हुन्छ।

- प्लास्टिकका सामग्रीको कम प्रयोग गरौं। पानीको बोतल प्रयोग गर्दा वातावरणलाई दूषित गरिरहेको हुन्छ। हामीले यसको प्रयोग गर्न छाड्नुपर्छ।
- धर्तीमा ७१ प्रतिशत पानी भए पनि ताजा पानीका स्रोत कम छन् समुद्रको पानी नुनिलो हुन्छ। ताजा पानीका स्रोत कम छन्। तसर्थ, नुहाउँदा, शौचालयको प्रयोजन, भाँडा माझ्दा कमभन्दा कम पानीको प्रयोग गर्नुपर्छ। अनावश्यक रूपमा धारा खोलेर पानी खेर फाल्नु हुँदैन।
- हामीले प्रयोग गर्ने सवारीबाट निस्कने धुवाँले वातावरणलाई असर गरिरहेको हुन्छ। यस कुरालाई हामीले हेक्का राख्नुपर्छ। सवारीको प्रयोग बढाउनुको साटो कम गर्नु हाम्रो दायित्व हो। यसका लागि सार्वजनिक सवारीको प्रयोगलाई बढावा दिनुपर्छ।
- घरका कोठामा विभिन्न बिरुवा लगाउन सकिन्छ। इन्डोर प्लान्टस्ले कोठाभित्र स्वच्छ हावा प्रवाह गर्छ। कोठाको सुन्दरता पनि बढाउँछ। त्यस्तै, घरबाहिर रूख रोप्न सकिन्छ।

गुरुङ संस्कृति नियाल्न घलेगाउँ

पर्यटकीय गाउँबाट सुरु भएको घलेगाउँको उपमा अहिले स्मार्ट भिलेज हुँदै सुखी गाउँको रूपमा परिचित छ। गाउँमा सुशासन कायम, पर्यटकलाई आवश्यक विभिन्न भौतिक सुविधाको उपलब्धता, स्थानीयमा आत्मनिर्भरता, गाउँमा प्रकृति र संस्कृतिको संरक्षणलगायतका विभिन्न मापदण्ड पुगेसँगै गत वर्ष घलेगाउँलाई नेपालकै पहिलो 'सुखी गाउँ' घोषणा गरिएको घलेगाउँ पर्यटन व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर घलेले बताए। घलेगाउँका एक सय ३५ घरमध्ये हाल ४२ घरमा होमस्टे सञ्चालन गरिएका छन्।



घलेगाउँ किन जाने ?

लमजुङ सदरमुकाम बेँसीसहरबाट डेढ घन्टामै (२४ किलोमिटर) मोटरमा घलेगाउँ पुगिन्छ। यहाँ हिमाल, जंगल, खोलानाला, चियाबारी, गुरुङ संग्रहालय, भ्यु टावर, उत्तरकन्या मन्दिर, कोइवो धिँलगायत प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू हेर्न पाइन्छ। छिमेकी गाउँहरू घनपोखरा, भुजुङ र बागलुङपानीमा हाइकिङ गर्न मिल्छ। गुरुङ भाषा, कला, संस्कृति, परम्परा र रहनसहन नियाल्नका लागि घलेगाउँ राम्रो गन्तव्य मानिन्छ। यहाँ आउने पाहुनालाई मागअनुसार कृष्णचरित्र, घाँटु, रोधी, घ्याप्री, सेर्गा र पच्चु नाच देखाइन्छ। लोकल कुखुराको मासु, ढिँडो, सिस्नोको खोलेलेगायत अर्गानिक खानेकुरा खुवाउने गरिन्छ।

● **शान्ता कमली**/नयाँ पत्रिका

बच्चाको कोठामा यस्ता बालपेपर



बच्चा बस्ने कोठा सिँगार्दा उनीहरूको मनोविज्ञानलाई ख्याल गर्न जरुरी हुन्छ। उनीहरूलाई मनपर्ने सामाग्रीहरूले यस्ता कोठा सिँगार्नुपर्छ। उनीहरूलाई मनपर्ने कार्टुन प्रिन्ट भएको 'वालपेपर' टाँस्नु राम्रो हुन्छ। जनावर, रुख-बिरुवालगायतका चित्रले उनीहरूलाई आकर्षित गर्छ। रंगीचङ्गी पुतली, चरालगायतका चित्र राख्दा हुन्छ। यस्ता चित्र हेर्दा उनीहरूको मुड निकै राम्रो बन्छ।

स्कुल जान थालिसकेका बालबालिकाको कोठामा पृथ्वीको नक्सा, तारामण्डल, ग्रह, उपग्रहलगायतका तस्बिरअंकित वालपेपर राख्न सकिन्छ। उसले उनीहरूको कल्पनाशक्ति बढाउन सहयोग गर्छ। नयाँ विशेषहरूमा सोच्न सिकाउँछ।

आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८०/१०/२४)

कास्की जिल्ला सिल्दुजुरे गा.वि.स. हाल मादी गाउँ पालिका स्थित मादी पावर प्रा. लि. अन्तर्गत सन्चालनमा रहेको २५ मेगावाटको माथिल्लो मादी जलविद्युत आयोजनाको लागि निम्न दक्ष कामदाहरुको आवश्यक्ता परेको हुँदा इच्छुक हरुले यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आवेदन दिनु हुन अनुरोध गरिन्छ।

सि. नं	पद	योग्यता	अनुभव	माग संख्य
1	**Electrical Operator**	BE (Electrical)	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको अङ्ग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको	५
2	**Hydraulic Engineer**	BE (water conservancy and hydropower engineering)	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको अङ्ग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको	१
3	**Mechanical Engineer**	BE (water conservancy and hydropower Mechanical)	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको अङ्ग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको	४
4	**Chinese Cook**	General Education	सम्बन्धित काममा कम्तिमा ३ वर्ष को अनुभव भएको अङ्ग्रेजी भाषामा दक्ष एवम कम्प्युटरको राम्रो ज्ञान भएको	१

गर्नु पर्ने कामको विवरण : आयोजनाको आवश्यक्ता अनुसार
काम गर्नु पर्ने क्षेत्र तथा स्थल : आयोजना स्थल को आवश्यक्ता अनुसार
कार्यरत रहने अवधि : १ वर्ष
संलग्न कागजातहरु : शैक्षिक प्रमाण पत्र र अनुभवका कागजहरु

सम्पर्क ठेगना :

१. मादी पावर प्रा लि
आयोजना स्थल
मादी ७, कास्की, गण्डकी
इमेल : career.madipower2@gmail.com

२. मादी पावर प्रा लि
आयोजनाको कार्यलय, बालुवटार, काठमाडौं

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा त्रताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीहरुको विवरण	
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २५०४०६/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/०५ मा कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं.८, सभागृहचोक स्थित **होटल रबिन रेष्टुरेन्ट एण्ड भान्छा घर प्रा.ली.** **अध्यक्ष तथा जमानीकर्ता: मन बहादुर गुरुङ्ग** स्थायी ठेगाना : लमजुङ जिल्ला, फलेनी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा.वडा नं. ९ बाबु : जीतु गुरुङ्ग बाजे : दलसिं गुरुङ्ग	**२) इन्द्रकुमारी गुरुङ्ग** स्थायी ठेगाना : लमजुङ जिल्ला, फलेनी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ बाबु : चेष्ट नारायण गुरुङ्ग ससुरा : जीतु गुरुङ्ग पति : मन बहादुर गुरुङ्ग
	जमानीकर्ताहरुको विवरण	
	१) मन बहादुर गुरुङ्ग स्थायी ठेगाना : लमजुङ जिल्ला, फलेनी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा.वडा नं. ९ बाबु : जीतु गुरुङ्ग बाजे : दलसिं गुरुङ्ग	**२) इन्द्रकुमारी गुरुङ्ग** स्थायी ठेगाना : लमजुङ जिल्ला, फलेनी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ९ बाबु : चेष्ट नारायण गुरुङ्ग ससुरा : जीतु गुरुङ्ग पति : मन बहादुर गुरुङ्ग
	धितोको विवरण	
	१) दलसिं गुरुङ्गको नाति, जीतु गुरुङ्गको छोरा, लमजुङ जिल्ला, फलेनी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा.वडा नं. ९ बस्ने मन बहादुर गुरुङ्गको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ ज स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः १-०-०-० र १-५-३-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत । २) **होटल रबिन रेष्टुरेन्ट एण्ड भान्छा घर प्रा.ली.** को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	पूर्ण बहादुर पुन स्थायी ठेगाना : म्याग्दी जिल्ला, बाबियाचौर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : म्याग्दी जिल्ला, मालिका गा.पा. वडा नं. ६, बाबु : पक्क बहादुर पुन बाजे: कर्ण बहादुर पुन	इन्द्र कुमारी पुन स्थायी ठेगाना : म्याग्दी जिल्ला, बाबियाचौर गा.वि.स. वडा नं. ९ हालको ठेगाना : म्याग्दी जिल्ला, मालिका गा.पा. वडा नं. ६, बाबु : बम बहादुर शेरपुन्जा ससुरा : पक्क बहादुर पुन पति : पूर्ण बहादुर पुन
	धितोको विवरण	
	कर्ण बहादुर पुनको नाती, पक्क बहादुर पुनको छोरा, म्याग्दी जिल्ला, बाबियाचौर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल म्याग्दी जिल्ला, मालिका गा.पा. वडा नं. ६ बस्ने पूर्ण बहादुर पुनको नाममा मालपोत कार्यालय म्याग्दीको लगतमा दर्ता कायम रहेको म्याग्दी जिल्ला, रुम गा.वि.स. वडा नं. १क स्थित कित्ता नं. १३४ को क्षेत्रफल ०-५-०-० (रोपनी)को जग्गा र म्याग्दी जिल्ला, कुंहु गा.वि.स. वडा नं. ६ख स्थित कित्ता नं. १७५ को क्षेत्रफल १-०-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सुम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय बागवानी अनुसन्धान कार्यक्रम
खुमलटार, ललितपुर

प्लास्टिक टनेल निर्माण कार्य सम्बन्धीको शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/१०/२४

यस केन्द्रको चालु आ.व.२०८०/८१ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार तपसिलमा उल्लेखित २ वटा प्लास्टिक टनेल निर्माण कार्य दरभाउपत्र प्रकृयाबाट गराउनु पर्ने भएकाले नेपाल सरकारवाट ईजाजत प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरुबाट तपसिल अनुसारका शर्तहरुको परिधिभित्र रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्वन गरिएको छ ।

शर्तहरु:

१. दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिदेखि १५औं दिनको कार्यालय समय सम्म तपसिलमा उल्लेखित रकम नगदै तिरी (फिर्ता नहुने गरी) नबिकरण भएको सम्बन्धित कार्यको ईजाजत प्रमाणपत्र, संस्था दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि सहित निवेदन दिई यसै केन्द्रवाट खरिद गर्न सकिने छ ।
२. माग भए अनुसार खरिद भएका दरभाउपत्र फारामहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको २:०० वजे विभिन्न कार्यालयका प्रतिनिधि, उपस्थित दरभाउपत्रदाताहरु तथा निवेदकहरुको प्रतिनिधिहरुको रोहवरमा यसै केन्द्रको सभाहलमा खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थिति नभएमा पनि शिलवन्दी दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन । दरभाउपत्र फारम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र खोल्नेदिनमा विदा पर्न गएकोमा सोको भोलीपल्ट वा लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा खरिद गर्न, दर्तागर्न र खोल्न सकिनेछ ।
३. दरभाउपत्रदाताले दरभाउपत्र साथ धरौटी रकम वापत तपसिलमा उल्लेखित रकम कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नेपाल बैंक लि. गावहाल, ललितपुरमा रहेको धरौटी खाता नं च.हि.नं ०१८०१०००००२००३०००००१, कार्यालय कोड नं. ३१२४१३४३७ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त वाणिज्य बैंकहरुले यस केन्द्रको नाममा जारी भएको दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन म्याद भएको शर्त रहित बैंक जमानी पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ। निर्माण कार्यको सम्झौता भएपछि मात्र अन्य दरभाउपत्रदाताहरुको धरौटी रकम फिर्ता एवं फुकुवा गरिने छ ।
४. दरभाउपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा (भ्याट बाहेक) स्पष्ट भाषामा बुझिने गरी लेखेको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिईनेछ।
५. दरभाउपत्रदाताले शिलवन्दी खाम बाहिर यस केन्द्रलाई सम्बोधन गरि ठेक्का नं. दरभाउपत्रदाताको नाम, ठेगाना, फोन नं. कार्य बिवरण दरभाउपत्रदाताको संस्थाको छाप स्पष्ट रुपमा हुनु पर्नेछ। दरभाउपत्र खोलेको मितिले ४५ (पैतालिस) दिन भित्र कार्य आदेश दिने प्रक्रिया पुरा गरिनेछ ।
६. कुनैपनि शर्त राखि पेश गरेको, यस सूचनाको शर्त बिपरित भएको, केन्द्रवाट उपलब्ध गराईएको दरभाउपत्रमा थपघट गरिएको, रित नपुगेको तथा म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. एउटा फर्म वा संस्थाको नामवाट खरिद भएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामवाट दर्ता गर्न सकिने छैन ।
८. सिलवन्दी दरभाउपत्र पेश गर्दा हरित गृहसंग सम्बन्धित कार्यअनुभव कागजातहरु, विदेशी सामाग्रीको हकमा Manufacturing Authorization Letter र सो को फोटो तथा क्याटलग अनिवार्य सलग्न गर्नुपर्नेछ ।
९. दरभाउपत्रदाताले पेश गरेको दरभाउपत्र निर्माण कार्य, कार्यस्थल एवं सम्बन्धीत कागजातहरु राम्ररी हेरी बुझी दरभाउपत्र पेश गरेको मानिने छ ।
१०. दरभाउपत्र स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसै केन्द्रमा निहित रहनेछ ।
११. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४, तथा नेपालको प्रचलित कानून अनुसार लागु हुनेछ ।
१२. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस केन्द्रमा सम्पर्क गरि बुझ्न सकिने छ ।

तपसिल

सि. नं.	ठेक्का नं	कामको बिबरण	संख्या	लागत अनुमान रकम (मु.अ.कर र कन्टेन्जेन्सी वाहेक)	धरौटी/जमानत वापतको रकम	दरभाउपत्र फारम दस्तुर	कैफियत
१.	०१/८०/८१	प्लास्टिक टनेल घर निर्माण कार्य	२ (दुई)	१४,५०,९९७/२८	४४,०००/००	रु. १,०००/-	

वैदेशिक रोजगारीका समस्या र समाधान

सामाजिक तथा पारिवारिक विखण्डन र विग्रह बढ्दै जानुलाई सबैभन्दा पेचिलो नकारात्मक प्रभावका रूपमा लिन सकिन्छ



● टेकेन्द्र जोशी

अग्रलेख



'बेरोजगारी' जीविकोपार्जनका लागि आवश्यक काम, इलम, पेसा वा व्यवसाय नभएको अवस्था हो । इच्छा, जाँगर र योग्यता हुँदाहुँदै पनि काम नपाएको अवस्था हो । श्रमबजारमा मागको तुलनामा श्रमशक्तिको आपूर्ति बढी भएको अवस्था हो । देशमा मौजुदा श्रमशक्ति निष्क्रिय हुँदा एकातिर मुलुकमा आर्थिक प्रगतिले गति लिन सक्दैन भने अर्कोतर्फ पारिवारिक कलह, अशान्ति, गरिबी, झैझगडा, हिंसा, कुलत, दुर्व्यसन र सामाजिक अपराधहरू बढ्न जान्छन् । नेपालमा शिक्षित र दक्ष जनशक्तिले समेत मुलुकभित्र रोजगारी नपाउने अवस्था सिर्जना भएको छ । यसकारण, प्रतिभा पलायन डरलाग्दो ग्राफमा बढ्दो छ ।

शिक्षित, दक्ष र इच्छुक भएर पनि आफ्नो योग्यताअनुसार काम नपाउने बेरोजगारी व्याप्त छ । मौसमअनुसार मात्र रोजगारी पाउने, बाँकी समय काम नपाउने बेरोजगारी पनि उस्तै संख्यामा छ । यसैगरी खुला बेरोजगारी अर्थात् केही कारणवश सक्षम र इच्छुक युवाहरू बेरोजगार भएको, अक्षमता बेरोजगारी अर्थात् शारीरिक वा मानसिक रूपले काम गर्न सक्षम नहुने बेरोजगारी पनि उल्लेख्य छ । तथ्यांकअनुसार नेपालमा बेरोजगारी दर ११.४ प्रतिशत छ । रोजगारीमा रहेको जनसंख्यामध्ये ६९ प्रतिशत सहरमा र ३१ प्रतिशत ग्रामीण क्षेत्रमा छन् । रोजगारीमा रहेका पुरुषमध्ये सहरमा ६८ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२ प्रतिशत छन् । रोजगारीमा रहेका महिलामा ७० प्रतिशत सहरमा र ३० प्रतिशत ग्रामीण क्षेत्रमा रहेको तथ्यांकले देखाउँछ । शिक्षित र अशिक्षित बेरोजगारको संख्या देशमा ठूलो छ । यसले व्यक्तिको जीवन मात्र होइन, देशको अर्थतन्त्रलाई समेत प्रभावित पारेको छ । केन्द्रीय तथ्यांक विभाग (२०२१)का अनुसार नेपालमा कुल ८६ लाख व्यक्तिले आफ्नो योग्यता र सीपअनुरूप रोजगारी पाएका छैनन् ।

वैदेशिक रोजगारी : वैदेशिक रोजगार बोर्डका अनुसार आर्थिक वर्ष ०६५/६६ देखि ०७८/७९ सम्मको अवधिमा अर्थात् बितेको १५ वर्षमा ५० लाख ८३३ जना नेपाली वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देशमा पुगेका छन् । यो संख्या पुनः श्रम स्वीकृति लिनेबाहेकको हो । वैदेशिक रोजगारीमा जानेमध्ये ४७ लाख १४ हजार ५९१ जना पुरुष र दुई लाख ८६ हजार २४२ जना महिला छन् । नेपालले ११० मुलुकलाई संस्थागत रूपमा वैदेशिक रोजगारीका लागि खुला गरेकामा व्यक्तिगत श्रम स्वीकृतिमा करिब १७२ मुलुकमा नेपालीहरू कामका लागि गएको पाइन्छ । देशमा अशिक्षित बेरोजगारी १८ प्रतिशत छ भने साक्षर शिक्षित बेरोजगारी नौ प्रतिशत छ । वैदेशिक रोजगारीमा जानेहरूमा करिब ७४ हजार स्नातकोत्तर, दुई लाख १६ हजार स्नातक, करिब चार लाखभन्दा बढी उच्च माध्यमिक वा सोसरह र १५ लाखभन्दा बढी एसएलसी पास गरेकाहरू छन् ।

उमेर समूह : १५-५९ उमेर समूहलाई उत्पादनशील उमेर समूह भनिन्छ । यो उमेर समूहको ५७ प्रतिशत जनसंख्या वैदेशिक रोजगारीमा संलग्न छ । ६० वर्षभन्दा माथिकाको जनसंख्यामा पनि करिब ८.१ प्रतिशतले रोजगारीका लागि विदेशमा पसिना चुहाइरहेका छन् । करिब तीन करोड जनसंख्या भएको मुलुकमा १५ वर्षमाथि काम गर्ने उमेरको जनसंख्या अहिले दुई करोड आठ लाख छ । देश विकासका लागि यो दुर्लभ जनसांख्यिकीय अवसर हो । तर दुर्भाग्य, देशको आधाभन्दा बढी जनसंख्या रोजगारीका लागि विदेशमा छ ।

सर्वेक्षणले देशभित्र १५.४ प्रतिशत औपचारिक रोजगारी र ८४.६ प्रतिशत अनौपचारिक रोजगारीमा छन् । औसत मासिक आम्दानी १७ हजार ८०९ रुपैयाँ रहेकोमा पुरुषको औसत मासिक आम्दानी १९ हजार ४६४ र महिलाको औसत मासिक आम्दानी १३ हजार ३६० रुपैयाँ रहेको पाइन्छ । पुरुषको तुलनामा महिलाले औसत ३० प्रतिशत कम तलब पाउने गरेका छन् ।

नेपालमा वर्तमान वैदेशिक रोजगारीको औपचारिक तथा अनौपचारिक माध्यमबाट (भारतबाहेक) अन्य देशमा करिब ४५ लाख जनशक्ति वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागका अनुसार हाल प्रत्येक दिन करिब १५ सय जनशक्ति वैदेशिक रोजगारीका लागि जाने गरेका छन् ।

बोर्डका अनुसार आर्थिक वर्ष ०७८/७९ मा सबैभन्दा ठूलो संख्यामा नेपाली वैदेशिक रोजगारीमा गएका छन् । गत वर्ष ६ लाख ३० हजार ९७ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए । वैदेशिक रोजगारीमा गएकामध्ये ७५.५ प्रतिशत अदक्ष, २३ प्रतिशत अर्धदक्ष र १.५ प्रतिशत मात्र दक्ष छन् । वैदेशिक रोजगारीमा जाने प्रमुख देशमा मलेसिया, कतार, साउदी अरब, युएई, कुवेत, बहराइन, ओमन, दक्षिण कोरिया, लेबनान, इजरायल, जापानलगायत छन् । मलेसियासहित खाडी मुलुकले ८६.४२ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । प्रत्येक वर्ष करिब चार लाख ५० हजारभन्दा बढी श्रमशक्ति बजारमा आउने गरेको तथ्यांकमा देखिन्छ । मुलुकभित्र अवसर सीमित भएको र आर्थिक उन्नति सोचेअनुरूप हुन नसकेका कारण ठूलो संख्यामा नेपाली युवा विभिन्न गन्तव्य मुलुकमा रोजगारीका लागि जाने गरेका छन् । उच्च शिक्षा अध्ययनका लागि भनेर विभिन्न मुलुक जाने युवा नेपाल फर्किएर आयआर्जन गर्न सकिँदैन भन्ने मानसिकताका कारण उतै पलायन हुने गरेका छन् ।

सकारात्मक र नकारात्मक प्रभाव : वैदेशिक रोजगारीले आर्थिक विप्रेषणमार्फत गरिबी घटाउन सहयोग गरेको छ । बितेको १४ वर्षमा वैदेशिक रोजगारीमा गएकाबाट नेपालमा ८४.६६ खर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । यो अवधिमा सबैभन्दा बढी रेमिट्यान्स गत आर्थिक वर्ष भित्रिएको थियो । आर्थिक वर्ष ०७८/७९ मा नौ खर्ब ८६ अर्ब रुपैयाँ नेपाल भित्रिएको बोर्डले जनाएको छ । सामाजिक विप्रेषणमार्फत पेसा व्यवसायको विस्तार, शिक्षा, स्वास्थ्य, पोषण, आवास तथा स्थानीय आयआर्जनमा योगदान पुगेको र आधारभूत आवश्यकताको परिपूर्ति ठूलो मात्रामा भएको छ । अर्कोतर्फ, विप्रेषणबाट मुलुकको अर्थतन्त्रमा योगदान पुगेको छ भने वैदेशिक मुद्रा आर्जन तथा शोधनान्तर बचतमा सहयोग पुगेको छ । विदेशमा सिकेको ज्ञान, सीप, प्रविधि र उद्यमशीलता स्वदेशमा आएको छ र आंशिक रूपमा तीनको प्रयोग पनि भएको छ । जनताको जीवनस्तर सुधारमा योगदान गरेको छ । बहुसंख्यक युवालाई रोजगारीको अवसर प्रदान गरेको र वैदेशिक रोजगारीलाई रोजगारीका वैकल्पिक स्रोतको रूपमा पनि हेरिएको छ । विश्वमा नेपाली पहिचानको विस्तार हुनुका साथै र अन्तर्राष्ट्रियकरणमा सहयोग पुऱ्याएको छ । विदेशमा आर्जित रकम र सीपले स्वदेशमा उद्यम र स्वरोजगारी सिर्जनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । केही हदसम्म आधुनिकीकरण र सहरीकरणमा योगदान पुऱ्याउनुका साथै लगानीका लागि पुँजी उपलब्धताको वातावरण बनाएको छ । सबैभन्दा महत्त्वपूर्ण, बेरोजगार युवाको नैराश्य र कुण्ठालाई हटाउन सकारात्मक प्रभाव पारेको छ । यति हुँदाहुँदै पनि वैदेशिक रोजगारीका धेरै नकारात्मक प्रभाव पनि छन् ।

> बेरोजगारीमा कमी ल्याउन र गरिबी घटाउन सहयोग पुऱ्याएकाले वैदेशिक रोजगारीलाई वैकल्पिक माध्यमको रूपमा लिइए पनि यो देशका लागि शुभसंकेत होइन । मुलुकभित्रै पर्याप्त रोजगारीका अवसरको वातावरण निर्माण गर्दै वैदेशिक रोजगारीको संख्या घटाउने कार्ययोजना ल्याउन आवश्यक छ ।

सामाजिक तथा पारिवारिक विखण्डन र विग्रह बढ्दै जानुलाई सबैभन्दा पेचिलो नकारात्मक प्रभावका रूपमा लिन सकिन्छ । युवा जनशक्ति बिदेसिनाले देशको विकास निर्माणमा युवाशक्तिको अभाव भएको छ । गाउँघरमा युवा जमातको कमी छ । मलाम र जन्तीमा युवाको संख्या डरलाग्दो गरी कम देखिन थालेको छ । युवा जनशक्तिको कमीले कृषियोग्य जमिन बाँझो हुँदै गएका छन् । मुलुकमा विकासको गति सुस्त हुँदा बेरोजगारीको समस्या झन् बढ्दै गएको छ । वैदेशिक रोजगारीका नाममा हवाई टिकट, कमिसन र भिसा शुल्कबापतको ठूलो रकम बिदेसिएको छ भने वैदेशिक रोजगारीका नाममा कमिसनको जालो बढ्दै गएको छ । ठूलो ऋण लिएर विदेश जाने क्रम बढ्न थालेको छ । विदेशमा समेत सम्झौताअनुसारको तलब नपाउने र अलपत्र पर्ने क्रम पनि बढेको छ । विप्रेषणबाट प्राप्त रकम उत्पादनमूलक कार्यमा खर्च नभई करिब ९८ प्रतिशत दैनिक उपभोग, लत्ताकपडा र विलासिताका सामान खरिदमा खर्च हुनु पक्कै राम्रो होइन । स्थानीय उत्पादनभन्दा आयातीत वस्तुको माग हुनुले आयात बढ्दा व्यापार घाटा बढ्दै गएको छ । वैदेशिक रोजगारीमा रहेका नेपाली युवाले बर्सेनि ठूलो संख्यामा ज्यान गुमाएका छन् । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार ०६४ सालदेखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १० हजारभन्दा धेरै नेपालीको मृत्यु भएको छ । मृत्यु हुने क्रम बर्सेनि बढ्दो छ । सबैभन्दा बढी नेपाली कामदारको विदेशी भूमिमा मृत्यु गत आर्थिक वर्ष ०७८/७९ मा भएको थियो । सो वर्ष वैदेशिक रोजगारीका सिलसिलामा एक हजार ४७९ जनाको मृत्यु भएको बोर्डले जनाएको छ । विदेशमा ज्यान गुमाउने श्रमिकको ग्राफ बढ्दो भए पनि सरकार उदासीन देखिन्छ । कतिपय व्यक्तिको त मृत्युको कारण थाहा नभएर गन्तव्य मुलुकबाट शव नेपाल पठाउँदा त्यसका साथ पठाइने कागजातमा त्यस्तो कारणै खुलाइएको पाइँदैन । कारणहरू थाहा भए नेपालबाट जाने श्रमिकलाई त्यस्ता समस्याबाट जोगिन आवश्यक प्रशिक्षण दिन सकिन्थ्यो । धरैजसो रिपोर्टमा मृत्युको कारणमा 'नेचुरल डेथ' उल्लेख हुने गर्छ ।

सम्बन्धित देशको सरकारी अस्पतालले प्रायः सबैखाले मृत्युलाई नेचुरल डेथ भनी रिपोर्ट दिने गरेको आकलन सहजै गर्न सकिन्छ । श्रमिकको मृत्युको कारण यकिन गर्न सरकारी तवरबाट नै रोजगारदाता देशसँग कूटनीतिक पहल गरिनुपर्छ ।

निष्कर्ष : रोजगार, आर्थिक अवसर, गरिबी निवारण, विप्रेषण र राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानको दृष्टिले वैदेशिक रोजगार नेपालमा ज्यादै महत्त्वपूर्ण छ । प्रतिवर्ष श्रमबजारमा प्रवेश गर्नेको तीनचौथाइ युवायुवतीको प्रमुख आकर्षक वैदेशिक रोजगारी बन्न पुगेको छ । उच्च दक्षता भएका र प्रतिभावान् युवासमेत मुलुकभित्र रोजगारीको अवसर नहुँदा बिदेसिने गरेका छन् । बेरोजगारीमा कमी ल्याउन र गरिबी घटाउन सहयोग पुऱ्याएकाले वैदेशिक रोजगारीलाई तत्काल रोजगारीको वैकल्पिक माध्यमको रूपमा लिइए पनि यो देशका लागि शुभ संकेत होइन ।

सरकारले मुलुकभित्रै पर्याप्त रोजगारीका अवसरको वातावरण निर्माण गर्दै वैदेशिक रोजगारीमा जानेको संख्या घटाउने कार्ययोजना ल्याउन आवश्यक छ । कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरण गर्ने, लगानीमैत्री वातावरण बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई आकर्षित गरी रोजगारीका क्षेत्रको विस्तार गर्ने, उद्योग, व्यापार, पर्यटन, निर्माण आदि क्षेत्रको प्रवर्द्धन गर्ने, उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्ने, उद्यमशीलता तथा स्वरोजगारी प्रवर्द्धनका कार्यक्रमलाई स्थानीय स्तरसम्म वितरण गर्ने, व्यापक जनशक्तिलाई परिचालन गर्ने र विदेशबाट स्वदेश फर्केका युवाहरूको सीपलाई प्रयोग गर्ने जिम्मा राज्यले लिने जस्ता कार्य र कार्यक्रम कागजी रूपमा मात्र होइन, व्यावहारिक रूपमा सरकारले ल्याउन सके वैदेशिक रोजगारीको समस्या समाधान गर्न सकिन्छ ।

---

३ प्रश्न

एकीकृत समाजवादीकी नेतृ **रामकुमारी झाँक्री**लाई



■ समाजवादीको कार्यक्रम जबज कि समाजवादी ?

'जबज' भर्सेस 'समाजवादी कार्यक्रम' गरेर जानुपर्ने कुनै जरुरत छैन । नेपाल मात्रै होइन, विश्वकै कम्युनिस्ट आन्दोलनमा जबजले एउटा माइलस्टोन सिर्जना गरेकै हो । सन् १९९० को दशकमा विश्वभर कम्युनिस्ट आन्दोलन रक्षात्मक रहेको वेला मदन भण्डारीले ल्याएको 'जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको मौलिक कार्यक्रम'ले नेपाली कम्युनिस्ट आन्दोलनलाई यहाँसम्म ल्याउन ठूलो योगदान गरेको छ । यसले पुऱ्याएको योगदानलाई बिर्सेर यसको भर्त्सना गर्नु किमार्थ उचित हुँदैन । समाजवादमा जान्छौं भन्दै गर्दा जबजभित्र समाजवादी कार्यक्रम पर्छ कि पर्दैन ? अथवा समाजवाद भन्दै गर्दा जबजका बारेमा भर्त्सना गरेर जानुपर्छ भन्ने खालको भाषा र भाष्य एकदमै गलत हो । रसियन कम्युनिस्ट पार्टीको कित्ता कि चाइनिज भनेर विभाजित भएको हाम्रो विगत छ । यस्ता प्राविधिक विषयमा आन्दोलनलाई दिग्भ्रमित गर्ने काम कसैले गर्नुहुँदैन ।

■ एकीकृत समाजवादीको तात्कालिक प्राथमिकता के हुनुपर्छ ?

हाम्रा नेताले इतिहास र भविष्यको विश्लेषण त भयंकर गर्नुभएको छ । तर, आज वर्तमान के गर्ने भन्ने कुरामा दिग्भ्रम छ । पुरानो समाज र हजार वर्षपछिको चाहिँ कुरा गर्ने, तर वर्तमानको छलफल नगर्ने कुरा कसरी उचित हुन्छ ? वर्तमानमा यो समाज फेर्ने तरिका के हो त ? आज त्यसमा छलफल गर्ने हो । प्राथमिकता यो हुनुपर्छ ।

■ पार्टीमा पुस्तान्तरणको मुद्दा कहाँ छ ?

विचार, सिद्धान्तहीन पुस्तान्तरणको कुनै अर्थ छैन । जति वेला हामी एमाले छाडेर यता आयौं, त्यसपछि पुस्तान्तरणको मुद्दा लगभग सकियो । किनकि हामी जुन जोस, जाँगरका साथ जे भन्दै थियौं । हाम्रा 'दोस्रो पुस्ता' भनिएका साथीहरूले जे भूमिका निर्वाह गर्नुभयो । पार्टीलाई विभाजनको डिलमा पुऱ्याउने र डिलमा पुऱ्याएर फर्किने मामिलामा उहाँहरूले जे गरेर धोका दिनुभयो, त्यसपछि पुस्तान्तरणको मुद्दा सकियो । विचार, राजनीति, संकल्प र समर्पणविनाको पुस्तान्तरणको कुनै अर्थ छैन ।

प्रेरक प्रसंग

वैराग्य

एउटा निकै प्रसिद्ध राजा थिए । सन्तानमा उनकी एक मात्र छोरी थिइन्, जो अत्यन्त धर्मपरायण र वैराग्यपूर्ण भावनाले ओतप्रोत थिइन् । उनको यो स्वभावलाई ध्यानमा राखेर राजाले छोरीको विवाह कुनै वैरागीसँग गरिदिने निश्चय गरे । सौभाग्यवश उनले एकजना त्यस्तै वैरागी भेट्टाए पनि । उनले त्यस वैरागीसँग आफ्नो एक मात्र छोरीको विवाह गरिदिए ।



विवाह भएपछि राजकुमारी आफ्ना फकिर पतिसँगै बस्न उनको कुटियामा गइन् । कुटी पुगेर त्यहाँको सरसफाइ गर्न लागिन् । उनले त्यहाँ एउटा छड्केमा एउटा सानो पोका झुन्ड्याइएको देखिन् । त्यो सुक्खा रोटीको पोको थियो । 'यी रोटी किन यहाँ राखेको ?', उनले सोधिन् । पत्नीको यो कुरा सुनेर ऊ केही असमञ्जसमा पऱ्यो र अनकनाउँदै भन्यो, 'दुइटा रोटी छन्, भोलिलाई खान हुन्छ भनेर राखेको । एक-एकवटा खाँदा हामीलाई भोलिको गुजारा भइहाल्छ ।' पतिको यो कुरा सुनेर पत्नीलाई खुबै हाँसो उठ्यो । उनले भनिन्, 'मेरो बुबाले त तपाईंलाई वैरागी, अपरिग्रह फकिर ठानेर मेरो विवाह गरिदिनुभएको थियो । तर, तपाईंलाई त आज नै भोलि के खाने चिन्तालले सताउँदो रहेछ । यस्तो व्यक्ति कसरी वैरागी हुन सक्छ ?'

'घाँस खाने पशु त भोलि के खाने भनेर फिक्री गर्दैनन् । न पक्षी नै भोलिका लागि भनेर साँचेर राख्छन् । हामी त मनुष्य हौं । केही पाइयो भने खाऔंला, नपाए प्रभु चिन्तन गर्दै बसौंला ।' पत्नीको कुरा सुनेर उसको आँखा खुल्यो । उसले पत्नीको सोच आफ्नो तुलनामा निकै प्रगतिशील रहेको पायो । मनमनै उनको प्रशंसा गर्दै भन्यो, 'तिमीले मेरो आँखा खोलिदियौ । वैराग्यको अर्थ अब मेरो समझमा आयो ।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

अनुसन्धान नसकी अभियुक्त रिहा गर्ने आदेश दिन मिल्छ ?

बाँसबारी छालाजुत्ता उद्योगको सरकारी जग्गालाई निजी बनाएको मुद्दामा जिल्ला अदालत काठमाडौंले सोमबार अनौठो आदेश दियो । आरोपी अरुण चौधरीविरुद्ध दुई दिनभित्र अनुसन्धान पूरा गरेर जमानतमा छोड्नू भन्ने अदालतको आदेश नेपालको कानुनी इतिहासकै पहिलो हुन सक्छ । कानुनले कुनै मुद्दा अनुसन्धान गर्न बढीमा २५ दिनको समय दिने गरेको छ । अझ कानुनले संगठित अपराध र लागुऔषधको हकमा प्रहरीलाई ९० दिनसम्मको समय दिएको छ । अनुसन्धानपश्चात् सरकारी वकिलले अभियुक्तलाई मुद्दा चलाउने वा नचलाउने, कुन मुद्दा चलाउने, कति सजायको माग गर्ने भन्ने निर्णय गर्छन् । त्यसपछि अदालतले मुद्दाको प्रकृति, अभियोजन पक्षको माग र अभियुक्तको कुरा सुनेर जमानत माग्ने कि थुनामै राखेर कारबाही अगाडि बढाउने भन्ने आदेश दिन्छ ।

जिल्ला न्यायाधीशले यी प्रावधान बेवास्ता गर्दै यस्तो आदेश दिएको छ, जुन न्याय परिषद्को छलफलको विषय हुन सक्छ । परिषद्ले उक्त आदेश दिँदा कानुनमा भएको व्यवस्थाभन्दा बाहिर गएर स्वच्छन्द आदेश भएको हो-होइन छलफल हुनुपर्छ । सरकारी जग्गा हिनामिना गर्नेलाई कानुनमा १० वर्षसम्मको जेल सजायको व्यवस्था छ । र, तीन वर्षभन्दा माथिको जेल सजाय हुन सक्ने मुद्दाका अभियुक्तलाई पूर्पक्षका लागि थुनामा राख्न सकिने प्रावधान छ । यस्तो हुँदाहुँदै जिल्ला न्यायाधीशले कुन प्रावधानमा टेकेर अरुण चौधरीसम्बन्धी मुद्दालाई दुई दिनभित्र अनुसन्धान सकाएर जमानतमा छोड्न आदेश दिए ? के मुद्दा अभियुक्तको आर्थिक हैसियतले प्रभावित भएको हो ? अदालतले आदेश दिँदा अभियुक्तको आर्थिक स्थिति हेर्नु नैतिक र कानुनी रूपमा उचित हो ? यो गम्भीर विषय हो । अथाह सम्पत्ति भएकै आधारमा व्यक्तिमाथिको कानुनको प्रयोगमा छुट दिने हो भने विधिको शासनप्रति नै आममानिसको विश्वास उठ्छ, जुन निकै घातक हुन सक्छ । अहिलेकै आदेश दिने न्यायाधीशकै बेन्चमा पछि यो मुद्दा पऱ्यो भने त यो मुद्दामा सरकारी पक्ष हार्ने प्रबल सम्भावना देखिन्छ ।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं

समन्वय किन नगरेको ?

काठमाडौंका सडकलाई कुरूप बनाउने र कहिल्यै बनेर पूरा हुन नदिनेमा मेलम्ची, विद्युत् प्राधिकरणलगायतको निकै ठूलो भूमिका छ । सरकारका यी निकाय समन्वय र सहकार्य नगरी काम गर्छन् । यसबाट सरकारको धन त खेर गइरहेको छ नै, जनताले पनि सधैं सास्ती खेपिरहनुपरेको छ । लौन सरकार, यी निकायलाई जिम्मेवार बनाइदेऊ । समन्वय गरी काम गर्न सिकाइदेऊ ।

● **विमला थापा**, सिन्धुपाल्चोक

जनआवाज सुन्ने कांग्रेसको खोजी

कांग्रेसी नेताले हरेक प्रजातान्त्रिक आन्दोलनमा सहिदले देखेका सपनालाई सम्झने हो र जनताको आवाज सुन्ने हो भने सही ट्र्याकमा आउँथे कि ? गणतन्त्रको छवीलाई धमिल्याउन प्रयास भइरहेको समयमा नेपाली कांग्रेसभित्रका गुट-उपगुट जुध्नुभन्दा बेरोजगारी, भ्रष्टाचार तथा महँगीको अन्त्यमा सोचमग्न हुनुपर्छ । जनताहरू त्यस्तो कांग्रेस र कांग्रेसी नेताको खोजीमा छन् ।

● **बलराम थापा**
कुश्लेचौर, क्षेत्रपाटी, काठमाडौं

मेरो बयान लिइएको छैन

२३ माघ ०८० मंगलबारको नयाँ पत्रिका दैनिकमा प्रकाशित 'एमडिएमएस अनियमितता प्रकरण : खरिद प्रक्रियामा संलग्न एक दर्जनको बयान, दुई पूर्वअध्यक्षलाई पनि बोलावट' शीर्षकको समाचारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेरो पनि बयान लिएको उल्लेख छ । मसँग अख्तियारबाट कुनै बयान नलिइएको र उक्त आयोजना मेरो महाशाखाअन्तर्गतको विषय पनि नरहेको हुँदा उक्त समाचारप्रति सम्पादकज्यूको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु ।

● **विजयकुमार राय**, निर्देशक, अनुगमन महाशाखा, नेपाल दूरसञ्चार प्राधिकरण

लोकतन्त्रविरोधी उम्मेदवारमाथि प्रतिबन्ध

बारम्बार लोकतन्त्रको मानमर्दन गर्ने ट्रम्प र होइकजस्ता नेतालाई प्रतिबन्ध लगाउनु उपयुक्त देखिन्छ



देश / विदेश

● जेन-वेर्नर म्युलर

चुनाव र लोकतान्त्रिक माध्यमबाट नै लोकतन्त्रलाई मास्न उद्यत् पार्टीलाई लोकतान्त्रिक मुलुकले के गर्नुपर्छ ? प्रश्नको स्थापित जवाफ भनेको त्यस्ता पार्टीलाई सत्तामा पुग्नुअघि नै प्रतिबन्ध लगाउनुपर्छ । तर, पार्टीको सट्टा व्यक्तिगत उम्मेदवार त्यस्तो निस्किए के गर्ने ? अमेरिकी कंग्रेस (क्यापिटोल)मा सन् २०२१ को जनवरी ६ मा भएको हमलामा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको संलग्नता रहेको भनेर उनलाई दोस्रोपटक चुनावमा प्रतिस्पर्धा गर्न रोक्ने वा नरोक्ने विषयमा अमेरिकीमाझ ठूलै बहस चलिरहेको छ । पार्टी वा व्यक्तिलाई प्रतिबन्ध लगाउने वा नलगाउनेबारे जर्मनीमा पनि बहस छेडिएको छ । जर्मनीमा एक प्रस्तावका अनुसार व्यक्तिगत तवरबाट नेतालाई प्रतिबन्ध लगाउनुपर्ने माग उठिरहेको छ भने अर्को प्रस्तावअनुसार उग्र-दक्षिणपन्थी पार्टी अल्टरनेटिभ फर जर्मनी (एएफडी)लाई नै प्रतिबन्ध लगाउनुपर्ने माग उठिरहेको छ । राजनीतिक पार्टी वा व्यक्तिलाई प्रतिबन्ध लगाउने प्रक्रिया जहिल्यै पनि अन्तिम विकल्प हुनुपर्छ । यदि व्यक्तिले बारम्बारको चेतावनीका बाबजुद लोकतन्त्रविरुद्ध हमला गरिरहन्छ भने प्रतिबन्ध जायज ठहरिन्छ । त्यसो हुँदैन भने लोकतान्त्रिक मुलुक आफूलाई नैतिक रूपमा अप्ठ्यारो अवस्थामा पार्छन् । यही नैतिक अप्ठ्यारोलाई कुनैवेला नाजी प्रोपगन्डा मन्त्री जोसेफ गोइबल्सले 'लोकतन्त्रले आफैंलाई मास्न आफ्नो सबैभन्दा ठूलो शत्रुलाई मौका दिने गर्छ र यो नै लोकतन्त्रको सबैभन्दा उत्कृष्ट ठट्टा हो' भनेर डिङ हाँकेका थिए । यो गम्भीर चुकलाई देखेर त्यसवेला राजनीतिशास्त्री कार्ल लोवेन्स्टाइनले 'लडाकु लोकतन्त्र'को अवधारणा अगाडि सारेका थिए । लोवेन्स्टाइनका अनुसार लोकतन्त्रले सुरुमै देखिने खतराबाट आफूलाई जोगाउन सक्नुपर्छ । उनको यो अवधारणा राजनीतिक पार्टीलाई प्रतिबन्ध लगाउनमा केन्द्रित थियो र यसको प्रभाव दोस्रो विश्वयुद्धपछिको पश्चिम जर्मनीको संविधानमा झल्केको थियो ।

सन् १९५० को दशकमा कम्युनिस्ट र एक नवनाजी पार्टीलाई पश्चिम जर्मनीमा प्रतिबन्ध लगाइएको थियो । लोवेन्स्टाइनले आफ्नो अवधारणालाई आगोजत्तिकै खतरनाक भनेका थिए । उनका अनुसार लडाकु लोकतन्त्रमा विश्वास गर्नेले यो जोखिम उठाउन सक्नुपर्छ । एक लोकतन्त्र, जसले आफ्नो रक्षा अलोकतान्त्रिक ढंगले गर्छ, त्यसले आफ्नै अस्तित्वलाई धरापमा पनि पार्न सक्छ । उदाहरणका लागि टर्कीलाई हेर्दा हुन्छ, जहाँ गलत नियतको मापदण्डमा राजनीतिक दललाई प्रतिबन्ध लगाइन्छ । लडाकु लोकतन्त्रका आलोचक यदि बहुसंख्यक लोकतन्त्रलाई जोगाउन चाहँदैनन् भने लोकतन्त्र जोगिँदैन भन्ने दलिल व्यक्त गर्छन् । उनीहरूका अनुसार यदि लोकतन्त्रविरोधी अल्पसंख्यक छन् भने राजनीतिक व्यवस्था राजनीतिक प्रक्रियाबाट नै जोगिन्छ । सारमा भन्ने हो भने यी आलोचक लोकतन्त्रविरोधीलाई औपचारिक एवं प्राविधिक ढंगले प्रतिबन्ध लगाउन खोज्ने नीतिको विरोध गर्छन् ।

यो बहस दोस्रो विश्वयुद्धताका एकदमै चर्चित थियो र अहिले यो बहस प्रतिशोधसहित फर्किएको छ । अमेरिकामा १४औं संशोधन उद्धृत गर्दै ट्रम्पलाई अल्पकालीन रूपमा कोलोराडो र मेइनबाट चुनाव लड्न रोक लगाइएको छ । जर्मनीको आधारभूत कानुनले राजनीतिक पार्टीमाथि प्रतिबन्ध मात्रै लगाउँदैन, यसले ती व्यक्तिको राजनीतिक अधिकार पनि खोस्छ, जसले लोकतन्त्रमाथि हमला गर्न खोज्छ ।

जर्मनीमा राजनीतिक नेताविरुद्ध आधारभूत कानुनको धारा १८ अन्तर्गत चार मुद्दा दायर गरिएका थिए र चारै मुद्दा असफल भएका छन् । तर, अहिले धारा १८ कै नियम थुरिंगिया राज्यका एएफडीका नेता जोर्न होइकविरुद्ध लगाउनेबारे गम्भीर बहस भइरहेको छ । थुरिंगियामा एएफडी पार्टीलाई औपचारिक रूपमै 'उग्र-दक्षिणपन्थी पार्टी'को संज्ञा दिइएको छ र यति हुँदाहुँदै पनि यही ग्रीष्ममा हुने चुनावअगाडिका सर्वेक्षणमा एएफडी पार्टी अगाडि छ ।



तस्बिर : मार्टिन सुट/पिक्चर एलायन्स

जर्मनी र अमेरिकामा सिंगो पार्टीलाई प्रतिबन्ध लगाउने विषय असम्भवप्रायः छ । अमेरिकामा व्यवहारतः दुईदलीय व्यवस्था छ । यस अवस्थामा डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीलाई प्रतिबन्ध लगाउनु लोकतन्त्रलाई नै मास्नुबराबर हो । जर्मनीमा पनि विभिन्न सर्वेक्षणलाई आधार मान्ने हो भने एएफडीले करिब २० प्रतिशत जनसमर्थन पाएको छ, यस अवस्थामा एएफडीमाथि प्रतिबन्ध लगाउनु भनेको आमजनतालाई सामूहिक रूपमा मतदानबाट वञ्चित गर्नु जस्तो हो । यो अवस्थाले विरोधाभास निम्त्याउँछ, अर्थात् पार्टी सानो भए प्रतिबन्धको अर्थ नै छैन र पार्टी ठूलो भए प्रतिबन्ध सम्भव छैन । विभिन्न अन्य टिप्पणीकर्ताले यो विरोधाभासलाई गम्भीर रूपमा हेरेका छन् । जहाँ लोकतन्त्रप्रति सबैको सहमति हुन्छ, त्यहाँ लडाकु लोकतन्त्र सम्भव हुन्छ, तर त्यहाँ यो अनावश्यक हुन पुग्छ । उदाहरणका लागि तत्कालीन पश्चिम जर्मनीमा नवनाजी पार्टी र कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध नलगाएको भए पनि खासै फरक पर्दैन थियो होला । तर, जब लोकतन्त्रमा ध्रुवीकरण बढ्छ, त्यसवेला लडाकु लोकतन्त्रप्रति सहमति हुँदैन, किनभने राजनीतिक दलका नेता प्रतिबन्ध आफ्नाविरुद्ध सोझिन सक्छ कि भनेर चिन्तित हुन्छन् ।

यी त भए बहसका कुरा, तर जसले लडाकु लोकतन्त्रको विरोध गर्छन्, तिनले विकल्पलाई आदर्श बनाउने गर्छन् । उनीहरू निर्णायक नतिजासहितको स्वच्छ राजनीतिक प्रतिस्पर्धा हुनेछ र ट्रम्पको अर्को पराजयले उनलाई राष्ट्रिय मञ्चबाट हटाउनेछ भनेर अनुमान गर्छन् । ट्रम्पले चुनावी अभियानलाई नश्लवादले दूषित पार्ने र सम्भवतः हिंसा आह्वान गर्ने भनेर संकेत दिइसकेका छन् । ट्रम्प चुनावमा जस्तोसुकै नतिजा आए पनि विजयको दाबी गर्नेछन् । यदि चुनावमा झिनो मतले पराजित भए धाँधली भएको आरोप लगाउनेछन् र केही गरी भारी मतले हारे उनी व्य

अन्तर्राष्ट्रिय न्यायालयले इजरायलविरुद्ध दिएको निर्देशन कसरी हुन्छ कार्यान्वयन ?

अन्तर्राष्ट्रिय न्यायालयले जनवरी १९ मा इजरायललाई गाजामा उसले सञ्चालन गरिरहेको बमबारी सम्बन्धमा ६ निर्देशन दियो । दक्षिण अफ्रिकाले इजरायलविरुद्ध लगाएको मुद्दामा फैसला दिने क्रममा न्यायालयले उक्त निर्देशन दिएको थियो । यस मुद्दा सम्बन्धमा जनवरी महिनाभर अदालतमा पक्ष र विपक्षमा बहस भएको थियो । बहसमा दक्षिण अफ्रिकाले गाजामाथि व्यापक बमबारी गरेर इजरायलले मानव नरसंहार (जेनोसाइड) गरेको आरोप लगायो । प्रतिरक्षामा इजरायलले हमासलाई निर्मूल गर्न र 'आत्मरक्षा'का लागि बमबारी गर्न आफू बाध्य भएको तर्क दिएको थियो । इजरायलले ती लक्ष्य हासिल नभइसक्दासम्म बमबारी रोक्न नसक्ने दलिलसमेत पेस गरेको थियो ।

यस मुद्दा सम्बन्धमा ४५ मिनेट लामो फैसला सुनाउने क्रममा हेगस्थित अदालतका प्रमुख न्यायाधीश जोआन डोनाघुईले इजरायलविरुद्ध पाँच आपत्कालीन कदम उठाउन आदेश दिए । निर्देशनहरू यस्ता थिए :-

- इजरायलले सन् १९४८ को 'जेनेसाइड'सम्बन्धी महासन्धिको धारा २ मा उल्लिखित कार्य रोक्न आवश्यक सबै कदम अवलम्बन गर्नुपर्नेछ । यसअन्तर्गत निश्चित समूहलाई निसाना बनाएर नमार्ने (यस सन्दर्भमा प्यालेस्टिनी), सो समूहका सदस्यलाई भौतिक तथा मानसिक क्षति नपुऱ्याउने, आममानिसको अस्तित्वको अन्त्य गर्ने हिसाबको परिस्थिति ननिम्त्याउने, र उक्त समूहको मानिसमाझ जन्म रोक्ने खालको कार्य सञ्चालन नगर्ने ।



- इजरायलले उसको सेनाले माथिका कुनै कार्यहरू नगर्ने सुनिश्चित गर्नुपर्छ ।
- इजरायलले 'गाजापट्टीमा प्यालेस्टिनी समूहका सदस्यमाथि नरसंहार गर्न प्रत्यक्ष र सार्वजनिक उक्साहट'लाई रोक्ने र दण्डित गर्ने काम अघि बढाउनुपर्छ ।
- इजराय-लले गाजा क्षेत्रका नागरिकलाई आधारभूत सेवा र आवश्यक मानवीय सहायताको आपूर्ति सुनिश्चित गर्नुपर्छ ।
- इजरायलले गाजा क्षेत्रमा भएको युद्ध-अपराधका प्रमाण नष्ट हुनबाट रोक्नुपर्छ र तथ्य खोजी गर्ने अभियानलाई पहुँच दिलाउनुपर्छ ।
- इजरायलले फैसलाको एक महिनाभित्र अदालतले भनेका सबै कदमको पालना गर्न चालिएका सबै कदमबारे प्रतिवेदन पेस गर्नुपर्छ । दक्षिण अफ्रिकासँग यस रिपोर्टबारे टिप्पणी गर्ने अधिकार हुनेछ ।

अन्तर्राष्ट्रिय न्यायालय आफैँसँग उसका आदेश लागू गर्ने संयन्त्र छैन । यसका लागि दक्षिण अफ्रिका वा अन्य कुनै देश यी निर्णय कार्यान्वयन गराई माग्दै संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्मा जानुपर्छ । त्यहाँ पहिले त अन्तर्राष्ट्रिय न्यायालयको फैसला इजरायललाई मान्न बाध्य पार्ने विषयमा मतदान हुनेछ । गाजा युद्ध सुरु भएपछि गाजामा युद्धविराम र जवाफदेहिता माग गर्दै सुरक्षा परिषद्मा पेस गरिएका हरेक प्रस्तावलाई अमेरिकाले उसको भिटो शक्ति प्रयोग गरेर निस्तेज बनाउँदै आएको छ । इजरायल अमेरिकाको घनिष्ट मित्रशक्ति भएकाले उसले इजरायललाई जोगाउँदै आएको छ । तथापि अमेरिकालाई यस मुद्दाविरुद्ध भिटो हाल्न कठिन हुनेछ । प्रतिद्वन्द्वी मुलुक चीन र रुसलाई विधिमा आधारित अन्तर्राष्ट्रिय व्यवस्थामा प्रतिबद्ध रहन आह्वान गरिरहेको सन्दर्भमा इजरायलका लागि आफैँ त्यस्तो विधिविरुद्ध उभिन गाह्रो पर्नेछ । अझ विधिको शासनमा बढी जोड दिने वर्तमान बाइडेन प्रशासनलाई उसको प्रतिष्ठामा धक्का लाग्ने डर छ ।

यदि अन्तर्राष्ट्रिय न्यायालयले इजरायलविरुद्ध सुनाएको फैसला संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्बाट पारित भयो भने दण्डात्मक कदम उठाउने बाटो खुल्नेछ । विगतमा सुरक्षा परिषद्बाट पारित भएपछि आर्थिक तथा व्यापारिक प्रतिबन्ध, सैन्य नाकाबन्दी र यात्रा प्रतिबन्ध लागेका उदाहरण छ । इजरायलले अदालतले दिएका आपत् कालीन निर्देशन अवलम्बन गर्न उसले चालिरहेका कदमबारे फेब्रुअरी २६ अर्थात फैसलाको एक महिनापछि रिपोर्ट पेस गर्नुपर्छ । दक्षिण अफ्रिकालाई उक्त प्रतिवेदनमा प्रतिक्रिया दिने मौका दिइनेछ । अदालतले त्यसपछि त्यस प्रतिवेदन र अन्य थप जानकारीमार्फत गाजाको वास्तविकताको मूल्यांकन गर्नेछ । यदि उसले इजरायलले अघिल्ला प्रावधानको पालना नगरेको ठानेमा थप नयाँ प्रावधान लागू गर्न सक्छ ।


अदालतले त्यसपछि सुनुवाइका क्रममा दक्षिण अफ्रिकाले इजरायलविरुद्ध लगाएको आरोप र इजरायलले आफ्नो प्रतिरक्षामा पेस गरेको प्रमाणबारे अतिरिक्त सुनुवाइ र छलफल अगाडि बढाउनेछ । अदालतका हरेक न्यायाधीशले गाजामा इजरायले नरसंहार मच्चाएको भन्ने अरोपलाई अलग रूपमा मूल्यांकन गर्नेछन् र अन्तिम फैसला बहुमतले निर्धारण गर्नेछ । अदालतले यस मुद्दा अगाडि बढाउने उसको निर्णयका पछाडि इजरायलले नरसंहार गरेको भन्ने दक्षिण अफ्रिकाले पेस गरेको प्रमाण 'बलियो' रहेको भन्ने निचोडले काम गरेको बताएको छ । विज्ञले यसलाई गाजाको पक्षमा बलियो आधार मानेका छन् ।

बेलायतका राजालाई क्यान्सर



लन्डन/ बेलायतका राजा चार्ल्स तृतीयमा क्यान्सर देखिएको छ । राजा चार्ल्सलाई एक प्रकारको क्यान्सर भएको पत्ता लागेको बकिंघम दरबारले जनाएको हो । प्रोस्टेटको उपचारका क्रममा उनमा क्यान्सर भएको पत्ता लगाएको हो । तर, उनलाई कुन क्यान्सर भएको हो भन्नेबारे दरबारले केही खुलासा गरेको छैन । दरबारले यो प्रोस्टेट क्यान्सर नभएको बताएको छ । ७५ वर्षीय राजाले हालै लन्डनको एक निजी अस्पतालमा क्लिनिकमा प्रोस्टेटका लागि उपचार गराएका थिए । चार्ल्स सार्वजनिक गतिविधिमा सहभागी हुनेछैनन् । उनको उपचारको समयमा रानी कमिला एवं राजकुमार विलियमले राजकीय दायित्व निर्वाह गर्नेछन् । तर, राजाले निजी बैठकसहित राज्य प्रमुखको रूपमा आफ्नो संवैधानिक भूमिका जारी राख्नेछन् । राजाले व्यक्तिगत रूपमा दुवै छोरा राजकुमार विलियम र हयारीलाई आफूलाई भएको क्यान्सरबारे जानकारी दिएका छन् । बकिंघम दरबारले राजा 'आफ्नो उपचारप्रति पूर्ण रूपमा सकारात्मक रहेको र सक्दो चाँडो सार्वजनिक जिम्मेवारीमा फर्किन इच्छुक रहेको' उल्लेख गरेको छ ।

इतिहासमा आज



सन् १९९२ : युरोपियन कम्युनिटी (इसी)का १२ देशले युरोपेली संघ (इयू) निर्माण गर्ने विषयमा म्यास्टिच सन्धिमा हस्ताक्षर गरे ।

सन् १९१४ : चार्ली च्यापलिन 'किड अटो रेसेस एट भेनिस' नामक फिल्ममा उनको चर्चित 'द ट्र्याम्प' पात्रमा पहिलोपटक देखिए ।

सन् १९६२ : सोभियत संघका मिसाइल राखेको सार्वजनिक भएपछि अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले क्युवामाथि नाकाबन्दी सुरु गरे ।

सन् १९६९ : अल-फताह समूहका नेता यासिर अराफात प्यालेस्टाइन स्वतन्त्रताका लागि लडिरहेका समूहको छाता संगठन प्यालेस्टाइन लिबरेसन अर्गनाइजेसनको अध्यक्ष बने ।

INVITATION FOR BIDS FOR THE PROCUREMENT OF HARDWARE AND SOFTWARE

(Date of publication 2080/10/24)

National Cooperative Bank Limited (NCBL) would like to invite sealed bid from qualified agency/ firm/organization for Hardware and Software for the Bank. The detailed Bid documents for preparation of proposal is available at the General Service Department (G.S.D) of the National Cooperative Bank Limited (NCBL) Head Office during working day (Sunday to Friday) within office hours.

S. N	Description	Unit	Minimum Bid Security Amount	Cost of Bid Documents	Bid validity	Bid Security Validity
1	Hardware (Servers)	3 Units	5 % of Bid Amount	1000|-	90 Days from the last date of submission	120 Days beyond validity of bid
2.	Software (Windows, Server, SQLServer, Crystal Report, VMware)	As Per Bid Document				

Criterion:

1. Eligible and interested bidder may obtain the bid documents from the General Service Department of the bank at Pulchowk, Lalitpur after payment of non-refundable fee of NPR 1,000 (One Thousand Only) that should be deposited in Main Branch at Kupandol.
2. Eligible and interested bidder should be a registered firm or company in Nepal and shall be an authorized dealer/agent of the producer of goods. Authorization letter of the respective goods must be submitted as per technical specifications.
3. Eligible and interested bidder shall have to accompany notarized copy of incorporation certificate, VAT/ PAN registration certificate and certificate of tax clearance of last F/Y while submitting the sealed bid to the bank.
4. Eligible and interested bidder must have and experiences of implementing at least in two BFI's and have worked for more than 2 years of experience on supply, setup, installation, and implementation of Hardware and Software.
5. Concerned agency/firm/organizations fulfilling the criterion may send their bid giving the details of their firm to be provided to NCBL as mentioned above to reach NCBL Head Office, General Service Department, Pulchowk, Lalitpur, Nepal within 15 days (2080/11/09) effecting from the first date of publishing of this notice during the office hour. In case the last date of submission is declared a public holiday, the sealed bid can be submitted on the next working day.
6. The bid will be opened in the presence of Bidders' representatives and staff members of bank's management who choose to attend on 16th day from the date of publication notice at 15:00 hrs at the Head office, Pulchowk, Lalitpur.
7. If the bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in the **bank account No. 0010001486600001 at Kumari Bank Putalisadak Branch**, or may submit Bank Guarantee from Commercial Bank.
8. For further correspondence, interested firm may feel free to contact **admin@ncbl.coop.** Profile of bank can be obtained from www.ncbl.coop.

Note: Any decision taken by bank at any point of time in connection with this process shall be final and conclusive and no claim or dispute in that regard shall be entertained. The bank reserves the right to accept or reject any or all sealed bid proposals fully or partially without assigning any reasons whatsoever.

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५९८०१८२, Web: www.ncbl.coop

Invitation for Quotations

Devghat Rural Municipality
Office of the Rural Municipal Executive
Devghat, Tanahun
Gandaki Province, Nepal
Invitation for Quotations for the Construction of Infrastructure for Citrus Nursery
at
Devghat Ward-4, Kafaldanda, Tanahun
Contract Identification No: **11/2080/081**
Date of publication: **February 7th, 2024 (24th Magh, 2080)**

1. The ***Devghat Rural Municipality, Office of the Rural Municipal Executive*** invites sealed quotations for the ***Construction of Infrastructure for Citrus Nursery*** .The estimated amount for the works is ***NRs. 1,948,586.84 (Including VAT and Contingencies).***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Devghat Rural Municipality, Office of Rural Municipal Executive, Devghat, Tanahun.
3. A complete set of Bidding Documents may be purchased from the **Office of Devghat Rural Municipality, Office of Rural Municipal Executive, Devghat, Tanahun** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till ***21 th February 2024 during office hours***.
   Information to deposit the bidding documents fee in Bank:
   Name of the Bank: Siddhartha Bank Limited Office Code no.: Ga.1.1 Internal revenue
   Name of Office: Devghat Rural Municipality, Office account No.: 00815412921
4. Sealed bids must be submitted to the **Office of Devghat Rural Municipality, Office of Rural Municipal Executive, Devghat, Tanahun** by *hand* on or before **12:00 Hrs on *22th February 2024* .** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hrs on 22th *February 2024*** at the office of Devghat Rural Municipality, Office of Rural Municipal Executive, Devghat, Tanahun. Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security amounting to a minimum **of NRs 47,000.00 (Forty-Seven thousand Rupee only)**, which shall be valid for **30 days** beyond the validity period of the bid **(i.e. May 6th, 2024).**
   Information to deposit the bid Security in Bank:
   Name of the Bank: Siddhartha Bank Limited Office Code no.:Ga.3 sthaniya taha dharauti khata
   Name of Office: Devghat Rural Municipality, Office account No.: 00815169863
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject wholly or partly any or all the sealed quotations without assigning any reason, whatsoever.

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/१०/२४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैँतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: भरतपुर, चितवन

ऋणीको विवरण

धन राज रानाको नाति, हेम बहादुर रानाको छोरा, चितवन जिल्ला, गुन्जनगर गा.वि.स/न.पा वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा./न.पा. वडा नं. १८ बस्ने **मिलन राना (ना.प्र.प.नं. ६३८९/०५९, चितवन)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. धन राज रानाको बुहारी, हेम बहादुर रानाको पत्नी, गोरखा जिल्ला, घैरुङ गा.वि.स/न.पा वडा नं. १, स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा./न.पा. वडा नं. १८ बस्ने **धन माया राना मगर (ना.प्र.प.नं. ग.गो ५८८, गोरखा)**
२. चित्र बहादुर सारु थापाको नातिनी, हर्क बहादुर सारु थापाको छोरी, चितवन जिल्ला, रत्ननगर गा.वि.स/न.पा वडा नं. १०, स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा./न.पा. वडा नं. १८ बस्ने **प्रतिमा सारु (ना.प्र.प.नं. ०३५३६३, चितवन)**
३. धन राज रानाको नाति, हेम बहादुर रानाको छोरा, गोरखा जिल्ला, घैरुङ गा.वि.स/न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा./न.पा. वडा नं. १८ बस्ने **नर बहादुर राना (ना.प्र.प.नं. ७३०, गोरखा)**
४. हेम बहादुर रानाको बुहारी, नर बहादुर रानाको पत्नी, गोरखा जिल्ला, घैरुङ गा.वि.स/न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा./न.पा. वडा नं. १८ बस्ने **चिनी माया राना (ना.प्र.प.नं. ३।२।४३४, गोरखा)**

शाखा कार्यालय: न्यूरोड पोखरा

ऋणीको विवरण

प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति: २०७७/१०/१२ मा दर्ता नं. ३२०६/०७७/०७८ कायम भई दर्ता भएको पर्बत जिल्ला, कुश्मा न.पा.वडा नं. १० पिपलटारी स्थित **गण्डकी ह्यो फर्म** **प्रोप्राइटर : पार्वती शर्मा लामिछाने**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दुर्गा दत्त लामिछानेको बुहारी, सुमन लामिछाने को पत्नि, पर्वत जिल्ला कुश्मा गा.बि.स/न.पा. वडा नं. १०, स्थित स्थायी ठेगाना भएको **पार्वती शर्मा लामिछाने (ना.प्र.प.नं.: ५२९८५, पर्वत)**
२. गौरीश्वर लामिछानेको नाति, दुर्गा दत्त लामिछानेको छोरा, पर्वत जिल्ला पिपलटारी गा.बि.स /न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **सुमन लामिछाने (ना.प्र.प.नं.: ४०१, पर्वत)**

शाखा कार्यालय: धनगढी, कैलाली

ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य कार्यालय धनगढी, कैलालीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति: २०६७/०५/१४ मा दर्ता नं. १४५७५/०६७/६८ (स्थानिय व्यापार) कायम भई दर्ता भएको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ स्थित **ॐ लक्ष्मी ट्रेड एण्ड कन्सर्न** **प्रोप्राइटर: लाल केश जैशी**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. महानन्द जैशीको नाति, रामशरण जैशीको छोरा, कैलाली जिल्ला, टिकापुर गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **लाल केश जैशी (ना.प्र.प.नं. २०३, कैलाली)**
२. साउने जैशीको नाति, महानन्द जैशीको छोरा, मुगु जिल्ला, धैनकोट गा.वि.स/न.पा.वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **रामशरण जैशी (ना.प्र.प.नं. ५३७, मुगु)**
३. रामशरण जैशीको बुहारी, लाल केश जैशीको पत्नी, कैलाली जिल्ला, नारायणपुर गा.वि.स/न.पा.वडा नं.२ स्थित स्थायी ठेगाना भएको **चन्द्रकला पाण्डेय (ना.प्र.प.नं. ६७२०४२/१०७७२, कैलाली)**

शाखा कार्यालय: ४ नं. जीतपुर, कपिलवस्तु

ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति : २०७६/०६/२४ मा दर्ता नं. ९२८४/०७६, स्थानिय व्यापार कायम भई दर्ता भएको कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ३, स्थित **राज इलेक्ट्रिक एण्ड प्लम्बिङ पसल** **प्रोप्राइटर : डोल राज चापागाईं**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. तिलकराम चापागाईंको नाति, खेम नारायण चापागाईंको छोरा, स्याङ्जा जिल्ला, ध्लादी गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **डोल राज चापागाईं (ना.प्र.प.नं. २८८४, स्याङ्जा)**
२. खेम नारायण चापागाईंको बुहारी, डोल राज चापागाईंको पत्नी, स्याङ्जा जिल्ला, ध्लादी गा.वि.स./न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **भिमादेवी चापागाईं (ना.प्र.प.नं. ४२३०४०/२१६, स्याङ्जा)**
३. खेम नारायण चापागाईंको नातिनि, डोल राज चापागाईंको छोरी, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **डीलमाया चापागाईं (ना.प्र.प.नं. ३८-०६-७४-००७३९, कपिलवस्तु)**
४. खेम नारायण चापागाईंको नाति, डोल राज चापागाईंको छोरा, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **प्रदिप चापागाईं (ना.प्र.प.नं. ३८-०६-७७-०१०९८, कपिलवस्तु)**
५. खेम नारायण चापागाईंको नाति, डोल राज चापागाईंको छोरा, कपिलवस्तु जिल्ला, वाणगंगा न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **हेमराज चापागाईं (ना.प्र.प.नं. ३८-०६-७४-००७३८, कपिलवस्तु)**

कञ्चनपुरमा पहिलो तेल उद्योग सञ्चालनमा

कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरको दक्षिणी क्षेत्र बेलौरी नगरपालिकामा तोरीको तेल उद्योग सञ्चालनमा आएको छ। सीमावर्ती बेलौरी नगरपालिका-४ मा तोरीको तेल उद्योग सञ्चालनमा आएको हो।

बेलौरी तोरीको तेल ब्रान्डिङ, लेभलिङ तथा प्याकेजिङ उद्योगले सोमबारदेखि शुद्ध तोरीको तेल उत्पादन गरिरहेको छ। प्रशोधितसहित यो जिल्लामै पहिलो तोरीको तेल उत्पादन बिक्री वितरण गर्ने उद्योग भएको नगरपालिकाले जनाएको छ। बेलौरी नगरका मेयर पोतिलाल चौधरीले स्थानीय सरकारसहितको निजी क्षेत्रसँगको संयुक्त साझेदारीमा तोरीको तेल उद्योग सञ्चालनमा आएको बताए। मेयर चौधरीका अनुसार नगरपालिकाको १५ लाख, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रको १० लाख र सम्झौता सहकारी संस्थाको पाँच लाखको संयुक्त लागतमा उद्योग सञ्चालनमा आएको हो। 'हामी बेलौरी नगरबासी सीमावर्ती क्षेत्रका हौं, घरमै उत्पादन हुने तोरी बिक्री गरेर भारतीय बजारमा अखाद्य तेल उपभोग गरिरहेका छौं,' उनले भने, 'अखाद्य तेलबाट मानव स्वास्थ्यमा असर हुनुका साथै हाम्रो पैसा भारतीय बजारमा बेकारमा गइरहेको छ।' बेलौरी नगरपालिकाले आव ०७९/८० को नीति, कार्यक्रममार्फत ८० प्रतिशत लगानीमा उद्योग सञ्चालन गरेको बताए। 'किसानबाट कच्चा पदार्थ खरिद गर्ने र त्यसलाई प्रशोधन गरी बजारमा शुद्ध तोरीको तेल बिक्री वितरण गर्ने हो,' मेयर चौधरीले भने, 'हामीले पनि स्थानीयस्तरमा रहेका वस्तु तथा सेवाको उपभोग गरेर जनतालाई स्वच्छ खाने तेल पुऱ्याउने हो।'

बेलौरीसहित आसपासका बेलडाँडी, लालझाडी र पुनर्वासमा तोरी उत्पादनको राम्रो सम्भावना रहेकाले त्यसको उचित खपत गर्दै किसान र उपभोक्तालाई लाभान्वित गराउने योजना रहेको मेयर चौधरीले बताए। 'स्थानीयस्तरमा उत्पादन भएको तोरीको उपभोगदेखि उत्पादित तेलको प्रशोधनसहित बजारमा उपभोक्ताका लागि शुद्ध तोरीको तेल बिक्री वितरण गर्ने नगरपालिकाको लक्ष्य हो, 'मेयर चौधरीले भने, 'यसबाट एकातिर रोजगारी, अर्कातिर नागरिकको स्वास्थ्य सुधार हुनेछ।' उद्योग सञ्चालनमा आएपछि किसानलाई समेत तोरी बेच्न समस्या नहुने र उपभोक्तालाई समेत शुद्ध तोरीको तेल उपभोगका लागि सहज हुनेछ। सम्झौता सहकारीका लेखा संयोजक मनराज उपाध्यायले दक्षिणी क्षेत्रमा तोरीको राम्रो सम्भावना भएकाले सहकारीले स्थानीय सरकारसहितका सरकारी निकायसँगको समन्वयमा उद्योग सञ्चालनमा ल्याएको बताए।

रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पत्तिको लिलाम बिक्रिका लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति: २०८०/१०/२४)

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा हिसाव फरफारक नगरेकोले यो सूचना प्रकाशीत गरीएको छ। यो सूचना प्रकाशित गरेको मितिले ७ दिन भित्र कर्जा हिसाव फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सूचनाद्वारा सुचित गरिन्छ। उक्त म्याद भित्र पनी कर्जा हिसाव राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्वन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानूनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ। साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। ऋणीले सो म्यादमा कर्जा हिसाव राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा ८औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सूचना प्रकाशित भएको ७ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आवहान गर्दछौं। सो जेथा लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ।

तपसिल

शाखा कार्यालय: मणिग्राम, रूपन्देही

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण
१. **नाम: लुम्बिनी स:मिल** ठेगाना: तिलोत्तमा-७,रुपन्देही दर्ता नं.: १०६९/०७६/०७७ कर्जा शिर्षक: व्यापार कर्जा	सन्तराम प्रसाद लोध र अन्जली शाहीको नाममा दर्ता रहेको रुपन्देही जिल्ला, साविक बलरामपुर ७ को कित्ता नं७५ क्षेत्रफल १-१-१७ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**हिक्मत बहादुर राना क्षेत्री** ठेगाना: सूर्यपूरा-२, रुपन्देही हाल बुटवल-११, रुपन्देही बुवा: टेक बहादुर राना क्षेत्री बाजे: भक्त बहादुर राना क्षेत्री **दिलिप कुमार सिंह लोध** ठेगाना: भगवानपुर-७, रुपन्देही हाल लुम्बिनी सांस्कृतिक-२,रुपन्देही बुवा: सन्तराम प्रसाद लोध बाजे: सीता लोध **सन्तराम प्रसाद लोध** ठेगाना: असुरेना-९, रुपन्देही हाल लुम्बिनी सांस्कृतिक-२,रुपन्देही बुवा: सीता लोध बाजे: मथुरा लोध **अन्जली साही** ठेगाना: बुटवल-५, रुपन्देही हाल बुटवल-११, रुपन्देही ससुरा: टेक बहादुर राना क्षेत्री श्रीमान्: हिक्मत बहादुर राना क्षेत्री **सुधा कुमारी लोधी** ठेगाना:लुम्बिनी सांस्कृतिक-२,रुपन्देही ससुरा: सन्तराम प्रसाद लोध श्रीमान्: दिलिपकुमार सिंह लोध **श्याम दुलारी देवी लोध** ठेगाना: बलरामपुर-७, रुपन्देही हाल लुम्बिनी सांस्कृतिक-२,रुपन्देही ससुरा: सीता लोध श्रीमान्: सन्तराम प्रसाद लोध
२. **नाम: अन्जली पि आर सप्लायर्स** ठेगाना: बुटवल उप.म.न.पा-९, रुपन्देही दर्ता नं.: ४२४०३/०७४ कर्जा शिर्षक: व्यापार कर्जा	हिक्मत बहादुर राना क्षेत्रीको नाममा दर्ता रहेको रुपन्देही जिल्ला, साविक आनन्दवन ३/ङ को कित्ता नं १३१८ को क्षेत्रफल ०-०-४.५, साविक खुदावागर ३ ङ को कित्ता नं १२९ क्षेत्रफल ०-२-५, साविक खुदावागर ३क को कित्ता नं ७९९ क्षेत्रफल ०-०-९ र साविक खुदावगर ३ क को कित्ता नं ८०० क्षेत्रफल ०-३-१७ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**हिक्मत बहादुर राना क्षेत्री** ठेगाना: सूर्यपूरा-२, रुपन्देही हाल बुटवल-११, रुपन्देही बुवा: टेक बहादुर राना क्षेत्री बाजे: भक्त बहादुर राना क्षेत्री **अन्जली साही** ठेगाना: बुटवल-५, रुपन्देही हाल बुटवल-११, रुपन्देही ससुरा: टेक बहादुर राना क्षेत्री श्रीमान्: हिक्मत बहादुर राना क्षेत्री

शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरु: १. शिलबन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको शाखा कार्यालय मनिग्राम, रुपन्देहीमा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट हुनेछ। २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्क तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ। आफुले कवोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ। ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ। ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन। बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन। ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ। ६. कबुल अंकमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ। ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ। ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ। ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Branch Office: Manigram, Rupandehi. Tel: 071 562902
info@reliancenepal.com.np | www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

NIC ASIA
एन आई सी एशिया बैंक लि.


एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७०६७५


गैर बैंकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैंकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, दार्हाफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दार्हाफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३३९६, ३३९९, ३३९३, ३३९५, ३३९० को क्षेत्रफल क्रमश : ०-९-२-२, ०-१-३-३, ०-१-१-२, ०-३-०-०, ०-१-३-१ (रोपनी) को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स वडा नं. १ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७ को क्षेत्रफल ८८.६० (व.मी) को घरजग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमशः ०-०-६-० र ०-०-७-० (विगाह) को घरजग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागाडी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
८.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ८३४ को क्षेत्रफल ०-२-११-८ (विगाह) को जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय बार्कैको लगतमा दर्ता कायम रहेको बार्के जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बार्के जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ९३१ को क्षेत्रफल ४६० (व.मी) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ५९९ को क्षेत्रफल ३४० (व.मी) को जग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १८७५ र १८७६ को क्षेत्रफल क्रमशः १६९३.१५ र १६९३.१५ (व.मी) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३१३.५० (व.मी) को जग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३/ख (हाल तिलोतमा न.पा. वडा नं.७) स्थित कित्ता नं. ४०८६, ६०८ र ४०८७ को क्षेत्रफल क्रमश : ०-१-५-०, ०-०-९-० र ०-२-०-० (विगाह) को घर/जग्गा ।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. २ (हाल चन्द्रपुर न.पा. वडा नं.८) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स. वडा नं. १ख (हाल तारकेश्वर न.पा. वडा नं.४) स्थित कित्ता नं. ९६० र ९६१ को क्षेत्रफल क्रमश : १०७.३१ र ३५.७७ (व.मी) को घरजग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीको लगतमा दर्ता कायम रहेको सर्लाही जिल्ला, जाब्दि गा.वि.स. वडा नं. १/ग (हाल लालबन्दी न.पा. वडा नं.४) स्थित कित्ता नं. ७६१, ७०६, ७५९, ११९३ र १०४४ को क्षेत्रफल क्रमश : ०-०-१५-०, ०-०-१५-०, ०-०-८-०, ०-०-१०-० र ०-०-१०-० (विगाह) को जग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ०८ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. २० को क्षेत्रफल ९१५ (व.मि) को जग्गा ।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १४६०, १४७२, १४६१, १४७३, १४६२ र १४७४ को क्षेत्रफल क्रमश : २११, २१२, २११, २११, २०९ र २१० (व.मि) को जग्गा ।
२२.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
२३.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगर नाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा ।
२४.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१७.५० व.मि.को जग्गा ।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको, मुगु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १०५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा ।
२६.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
२७.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. २६५ र ७२१ को क्षेत्रफल क्रमशः ८४.६५ र १५१.३२ (व.मि.) को जग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय, मुगुको लगतमा दर्ता कायम रहेको मुगु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा ।
२९.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ५ क (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६८, १४६५, १४७०, १४६७, १४६६ र १४६९ को क्षेत्रफल क्रमशः १-१-१०, ०-२-०, ०-१७-२, ०-१-०, ०-२-० र ०-१९-१८ (विगाह) को जग्गा ।
३०.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
३१.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
३२.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमशः ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
३३.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स. वडा नं. ४ क (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३७७२ को क्षेत्रफल ३०९ (व.मि) को जग्गा ।
३४.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वाग्येश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ (हाल पर्सागाडी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २२७ को क्षेत्रफल ४३१३.८७ (व.मी) को जग्गा ।
३५.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ६६ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा
३६.	यस बैंकको नाममा भुमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ३०१ को क्षेत्रफल ०-६-०-० (विगाह) को जग्गा ।
३७.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ९ क (हाल गाढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०८० र ८२६ को क्षेत्रफल ०-१-१०-० र ०-०-५-८ (विगाह) को जग्गा ।





लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २४ माघ ०८०

पुँजी निर्माण सुस्त हुँदा थुप्रिन थाल्यो विदेशी मुद्रा सञ्चिति

चालू आवको ६ महिनामा विदेशी मुद्रा सञ्चिति १५ खर्ब ३९ अर्ब ५७ करोड, एक वर्षको वस्तु तथा सेवा आयात गर्न पुग्ने

पवन तिमिल्सिना/नयाँ पत्रिका

देशमा पुँजी निर्माणका गतिविधि ठप्प हुँदा विदेशी मुद्रा सञ्चिति थुप्रिन थालेको छ। चालू आर्थिक वर्षको ६ महिनाको विदेशी मुद्रा सञ्चिति एक वर्षको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकको तथ्यांक छ। त्यस्तै, वस्तु मात्रै आयात गर्न यो सञ्चिति एक वर्ष दुई महिना १२ दिनका लागि पर्याप्त रहेको देखिन्छ। केन्द्रीय बैंकका अनुसार गत असार मसान्तसम्म ११ अर्ब ७१ करोड अमेरिकी डलर (१५ खर्ब ३९ अर्ब ३६ करोड रुपैयाँ) रहेको यस्तो सञ्चिति बढेर १३ अर्ब ६९ करोड डलर (१८ खर्ब १६ अर्ब ५७ करोड रुपैयाँ) पुगेको छ।

विदेशी मुद्रा सञ्चिति सुविधाजनक स्थितिमा रहनुलाई सकारात्मक मानिए पनि नेपालजस्तो अति कम विकसित राष्ट्रका लागि भने प्रत्युत्पादक हुने जोखिम रहेको केन्द्रीय बैंकका पूर्वकार्यकारी अधिकृत नरबहादुर थापाले बताए। उनले भने, 'पुँजी निर्माणमा खासगरी निजी क्षेत्रका नयाँ योजना आउन सकेका छैनन्। हाम्रा निजी क्षेत्रसँग क्षमता नभएको हो कि ? लगानीको वातावरण नभएको हो ? मूल्यांकन गर्न आवश्यक छ।'

विगत दुई वर्षको तथ्यांकलाई हेरेर अर्थतन्त्रको बाह्य क्षेत्रमा आएको सुधारलाई नै समग्र अर्थतन्त्रको सुधार मान्न नमिल्ने उनको तर्क छ। अर्थतन्त्रमा सुधार आउनका लागि आन्तरिक र बाह्य दुवै क्षेत्रबीच सन्तुलन हुनुपर्ने उनको विश्लेषण छ। तर बाह्य क्षेत्रका सूचक एकोहोरो सुधार हुँदै जाने र आन्तरिक अर्थतन्त्रका सूचक कमजोर बन्दै गइरहेको छ। उनले भने, 'हिजोको दिनमा बाह्य क्षेत्रको चिन्ता स्वाभाविक थियो। तर, अब आन्तरिक अर्थतन्त्रमा बढी चासो दिनुपर्ने समय आएको छ। हामी बाह्य क्षेत्रमा आएको सुधारमै रमाइरहेका छौं। यो गलत छ।'

केन्द्रीय बैंकका अनुसार यस अवधिमा विदेशी लगानीका रूपमा भित्रिने र बाहिरिने (लाभांशका रूपमा समेत) रकमबीचको अन्तर चार अर्ब ५३ करोड पुगेको छ। गत आर्थिक वर्षको पहिलो ६ महिनामा ७४ करोड ९४ लाख मात्रै थियो। यसले विदेशी लगानी भित्रिने क्रममा सुधार आएको देखाएको छ।

■ ढुकुटीमा थुप्रियो सरकारी पैसा

पुँजी निर्माणमा निजी क्षेत्रभन्दा बढी दायित्व बोकेको तीन तहको सरकारको केन्द्रीय बैंकमा दुई खर्ब ३६ अर्ब ७१ करोड मौज्दात रहेको छ। अघिल्लो वर्ष यस्तो मौज्दात ६५ अर्ब ३६ करोड थियो। वाणिज्य बैंकहरूमा स्थानीय तहको अलगै एक खर्ब हाराहारीको मौज्दात छ। राजस्वमा सुधार गरिरहेको सरकारले पुँजी निर्माणमा आवश्यक खर्च गर्न सकेको छैन। गत वर्षको ६ महिनाको तुलनामा संघीय सरकारको खर्च १.७ प्रतिशतले घटेर पाँच खर्ब ६६ अर्ब ६२ करोडमा सीमित भएको छ।



- **मुद्रास्फीति ५.२६ प्रतिशत**
- **आयात ३.१ प्रतिशत, निर्यात ७.२ प्रतिशत र कुल वस्तु व्यापार घाटा २.६ प्रतिशतले घट्यो**
- **रेमिट्यान्स नेपाली रुपैयाँमा २५.३ प्रतिशतले र अमेरिकी डलरमा २२.६ प्रतिशतले बढ्यो**
- **शोधनान्तर स्थिति २ खर्ब ७३ अर्ब ५२ करोडले बचतमा**
- **कुल विदेशी विनिमय सञ्चिति १८ खर्ब १६ अर्ब ५७ करोड र अमेरिकी डलरमा १३ अर्ब ६९ करोड पुग्यो**
- **सरकारको खर्च ५ खर्ब ६६ अर्ब ६२ करोड र राजस्व परिचालन ४ खर्ब ९६ अर्ब ५० करोड**
- **निजी क्षेत्रमा प्रवाहित कर्जा ४ प्रतिशतले बढ्यो**

■ कर्जा प्रवाह सन्तोषजनक रहेन

आन्तरिक अर्थतन्त्रको अवस्थाबारे बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जाको तथ्यांकले देखाएको छ। निजी क्षेत्रमा जाने कर्जा विस्तार ५ प्रतिशत पनि नाघ्न सकेको छैन। ६ महिनामा कर्जा प्रवाह ४ प्रतिशतले मात्रै बढेको छ। पुँजी निर्माणमा ७७ प्रतिशत योगदान दिनुपर्ने निजी क्षेत्र चलायमान बन्न सकिरहेको छैन। बैंक, जलविद्युत् क्षेत्र र सिमेन्टबाहेकका क्षेत्रमा निजी क्षेत्रको लगानी उत्साहप्रद छैन। नगद प्रवाह नहुँदा बैंकहरूसमेत कर्जा प्रवाह गर्न डगमगाएको उनको विश्लेषण छ। बैंक तथा वित्तीय संस्थाले छोटो अवधिको कर्जा मात्रै प्रवाह गर्दै आइरहेका छन्। त्यस्तै, विगत दुई वर्षयता आयात नबढ्नु र उपभोग गर्ने युवा पुस्ता बाहिरिनुले पनि अर्थतन्त्रलाई चलायमान बनाउन नसकेको उनको भनाइ छ। कर्जा लगानीमा हतोत्साही बन्नुको अर्को कारणमा विगतमा बैंक तथा वित्तीय संस्थाहरूले गरेका अधिक कर्जा लगानी र अहिलेको निष्क्रिय कर्जाको ठूलो आकार पनि मानिन्छ। यी सबै विषयलाई समाधान गर्न वैदेशिक लगानी भित्र्याउनुपर्ने उनको तर्क छ।

■ रेमिट्यान्स २५.३ प्रतिशतले बढ्यो

बाह्य क्षेत्रलाई सुविधायुक्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने रेमिट्यान्सको आप्रवाह २५.३ प्रतिशतले बढेको छ। ६ महिनामा सात खर्ब ३३ अर्ब २२ करोड रेमिट्यान्स भित्रिएको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ। अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह २४.३ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा हेर्ने हो भने रेमिट्यान्स २२.६ प्रतिशतले वृद्धि भई ५ अर्ब ५२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १३.९ प्रतिशतले बढेको थियो।

प्रत्युत्पादक हुने जोखिम रहन्छ

● **नरबहादुर थापा**, पूर्वकार्यकारी अधिकृत, नेपाल राष्ट्र बैंक



विदेशी मुद्रा सञ्चिति सुविधाजनक स्थितिमा रहनुलाई सकारात्मक मानिए पनि नेपालजस्तो अति कम विकसित राष्ट्रका लागि भने प्रत्युत्पादक हुने जोखिम रहन्छ। पुँजी निर्माणमा खासगरी निजी क्षेत्रका नयाँ योजना आउन सकेका छैनन्। हाम्रा निजी क्षेत्रसँग क्षमता नभएको हो कि ? लगानीको वातावरण नभएको हो ? मूल्यांकन गर्न आवश्यक छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit रेमीटेन्स रेमिट

सो अवधिमा अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या दुई लाख सात हजार नौ सय ७० पुगेको छ। त्यस्तै, पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ३५ हजार चार सय ३५ छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या दुई लाख ७५ हजार ६ सय ४३ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ४२ हजार पाँच सय ४८ थियो। पछिल्लो समय देशका युवा जनशक्ति अनौपचारिक एवं भ्रमण भिसाका माध्यमबाट श्रम सम्झौता नभएका मुलुकमा जानेक्रम पनि बढेको छ। यसले युवा पुस्ता विदेशमै पलायन हुने जोखिमसमेत बढाउँदै लगेको विज्ञहरू बताउँछन्।

■ चालू खाता एक खर्ब ६१ अर्बले बचतमा

बाहिरिनेभन्दा भित्रिने विदेशी मुद्रा बढी हुँदा चालू खाता एक खर्ब ६१ अर्ब ६२ करोडले बचतमा पुगेको छ। अघिल्लो वर्ष यही अवधिमा चालू खाता ३५ अर्ब ५७ करोडले घाटामा थियो। त्यस्तै, शोधनान्तर स्थिति दुई खर्ब ७३ अर्ब ५२ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ९२ अर्ब १५ करोडले बचतमा थियो। ६ महिनामा कुल वस्तु निर्यात ७.२ प्रतिशतले कमी आई ७४ अर्ब ९७ करोड कायम भएको छ। त्यस्तै, कुल वस्तु आयात ३.१ प्रतिशतले कमी आई सात खर्ब ६८ अर्ब १७ करोड कायम भएको छ। ६ महिनामा कुल वस्तु व्यापार घाटा २.६ प्रतिशतले कमी आई ६ खर्ब ९३ अर्ब २० करोड कायम भएको छ।

■ सेवा आम्दानी ३६ अर्ब घाटामा

चालू आवको ६ महिनामा खुद सेवा आय ३६ अर्ब ६ करोडले घाटामा रहेको तथ्यांकले देखाएको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय ३६ अर्ब २२ करोडले घाटामा थियो।

पर्यटक आगमन उल्लेख्य संख्यामा वृद्धि हुँदा सेवा खाताअन्तर्गतको भ्रमण आय भने बढेको छ। ६ महिनामा भ्रमण आय ४४.४ प्रतिशतले बढेर ३९ अर्ब ५६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २७ अर्ब ४० करोड थियो। तर, भ्रमण खर्च पनि बढेको तथ्यांकले देखाउँछ।

यस अवधिमा भ्रमण व्यय ६०.६ प्रतिशतले बढेर ९२ अर्ब ८७ करोड पुगेको छ। यसमध्ये विदेशमा अध्ययन गर्न जाने विद्यार्थीले भर्ना शुल्कबापत ५८ अर्ब ९५ करोड बिदेसिएको छ। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय ५७ अर्ब ८२ करोड थियो। शिक्षातर्फको व्यय ३५ अर्ब ३६ करोड थियो।

■ महँगी ५.२६ प्रतिशतमा सीमित

केन्द्रीय बैंकका अनुसार पुस महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.२६ प्रतिशत छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.२६ प्रतिशत थियो। नेपालमा मूल्यवृद्धिको प्रमुख स्रोत आयातीत वस्तु रहेकाले आयातको परिमाणमा आएको कमीले महँगीदर घटेको देखिन्छ। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.७७ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.८५ प्रतिशत छ। घिउ तथा तेल, तरकारी, मासु तथा माछा र यातायात उपसमूहको वार्षिक विन्दुगत मूल्य सूचकांक घटेको छ। मरमसला र चिनी तथा चिनीजन्य वस्तु उपसमूहको सूचकांकमा समेत क्रमशः कमी आइरहेको अवस्था छ।

दुईवटा न्यारोबडी भाडामा लिन टेन्डर

काठमाडौं/ राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेवानि)ले अन्तर्राष्ट्रिय उडानका लागि दुईवटा न्यारोबडी जहाज वेट लिजमा लिन अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको छ। नेवानिले मंगलबार सार्वजनिक सूचना प्रकाशित गरी सार्वजनिक खरिद ऐन-नियमबमोजिम बोलपत्र आह्वान गरेको जनाएको छ।

निगमले देशको पर्यटन प्रवर्द्धनमा सशक्त उपस्थिति देखाई विदेशी पर्यटकलाई सुलभ सेवा दिन दुईवटा न्यारोबडी भाडामा लिन लागेको जनाएको छ। यसरी भाडामा लिने जहाजको क्रु मेम्बर, मेन्टेनेन्स, इन्स्योरेन्सलगायत सम्बन्धित कम्पनीको हुनेछ। अहिले निगमसँग दुईवटा न्यारोबडी जहाज छन्, दुईवटा थपेपछि चारवटा पुग्नेछन्।

निगमको कार्ययोजनाअनुरूप दुईवटा वाइडबडी जहाज जापान, सिङ्गापुर र कोरिया उडानमा प्रयोग भएपछि दुईवटा न्यारोबडी जहाजले उडान चाप धान्न नसक्ने भएकाले जहाज भाडामा लिन लागेको जनाएको छ। जहाज थपेपछि दिल्ली, दुबई, दोहा, मलेसियालगायतका सेक्टरमा उडानहरू थप गरी आय बढाउने तथा भैरहवाबाट समेत अन्य गन्तव्यमा उडान गर्ने योजना निगमको छ। उक्त जहाजहरू आगामी जुलाई २०२४ सम्ममा निगमको उडानमा आइसक्ने बताइएको छ।

अमरपुर–ढुंगेसाँघु १३२ केभी प्रसारणलाइन निर्माण सुरु

नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले पाँचथरको हिलिहाङ गाउँपालिकास्थित अमरपुर सबस्टेसनदेखि ताप्लेजुङको मैवाखोला गाउँपालिकास्थित ढुंगेसाँघु सबस्टेसनसम्मको अमरपुर-ढुंगेसाँघु एक सय ३२ केभी डबल सर्किट प्रसारणलाइन निर्माण सुरु गरेको छ। हिलिहाङ गाउँपालिका अध्यक्ष, वडाध्यक्ष, स्थानीय बासिन्दालगायतको उपस्थितिमा सोमबार अमरपुर-ढुंगेसाँघु एक सय ३२ केभी प्रसारणलाइनको टावर निर्माण शिलान्यास गरिएको छ। करिब १९ किलोमिटर प्रसारणलाइनमा ६७ वटा टावर निर्माण गर्नुपर्नेछ। उक्त प्रसारणलाइनबाट दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सकिनेछ।

झापाको लखनपुरदेखि (दमक सबस्टेसन) अमरपुर सबस्टेसनसम्मको काबेली करिडोर एक सय ३२ केभी प्रसारणलाइन र सुनसरीस्थित इनरुवा सबस्टेसनदेखि संखुवासभाको वसन्तपुर हुँदै ढुंगेसाँघुसम्मको कोशी करिडोर दुई सय २० केभी प्रसारणलाइनलाई एक-आपसमा आबद्ध गर्न यो प्रसारणलाइन बनाइँदै छ। कोशी करिडोरअन्तर्गत वसन्तपुर-इनरुवा खण्ड सञ्चालनमा आइसकेको छ। वसन्तपुर-ढुंगेसाँघु खण्ड निर्माण अन्तिम चरणमा छ। काबेली करिडोर सञ्चालनमा छ।

काबेली नदी जलाधार क्षेत्रमा निर्माण भएका र हुने जलविद्युत् आयोजनाहरूको विद्युत्लाई विश्वसनीय तथा प्रभावकारी रूपमा प्रवाह गर्न अमरपुर-ढुंगेसाँघु एक सय ३२ केभी प्रसारणलाइन सुरु गरिएको आयोजना प्रमुख अनुप गौतमले बताए।

आयोजना प्रमुख गौतमका अनुसार कोशी र काबेली करिडोर प्रसारणलाइन एक-आपसमा आबद्ध हुने भएकाले कुनै कारणले काबेली करिडोरमा समस्या आएमा उक्त लाइनमा जोडिएको विद्युत् कोशी करिडोरतर्फ पठाउन सकिन्छ।

यसले गर्दा पूर्वी नेपालको राष्ट्रिय प्रसारण ग्रिडको विश्वसनीयता बढ्नुका साथै स्थानीय विद्युत् आपूर्ति पनि विश्वसनीय, गुणस्तरीय र सुदृढ बन्नेछ। तमोर नदी जलाधार क्षेत्रमा निर्माणाधीन र निर्माण हुने जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् ढुंगेसाँघु सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा समाहित हुनेछ।

नेपाल सरकारको करिब एक अर्ब २० करोड रुपैयाँ लगानीमा आर्थिक वर्ष ०७५/७६ मा आयोजना सुरु गरिएको हो। प्रसारणलाइन निर्माणका लागि ०७९ मा ठेक्का सम्झौता भएको थियो। आयोजनाअन्तर्गत अमरपुर तथा ढुंगेसाँघु सबस्टेसनमा दुई-दुईवटा लाइन वे निर्माण गरिनेछ।

यसका अतिरिक्त स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि ढुंगेसाँघु सबस्टेसनमा ११ केभीको संरचना निर्माण गरिनेछ। लाइन वे र ११ केभीका संरचना बनाउन चालू आर्थिक वर्षमा ठेक्का लगाइनेछ। आयोजनाअन्तर्गतका सम्पूर्ण काम आर्थिक वर्ष ०८१/८२ मा सक्ने लक्ष्य राखिएको आयोजना प्रमुख गौतमले जानकारी दिए।

हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीको मार्ग निर्माण तीव्र, आगामी वर्ष पूरा हुने

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने छोटो दूरीको सडकमार्ग स्तरोन्नति तथा निर्माण कार्यले यसपटक तीव्रता पाएको छ। हेटौंडा-भैंसे-भीमफेदीबाट कुलेखानी-फाखेल हुँदै हुमाने फर्पिङसम्मको सडकखण्डको कामले पछिल्लो समय भने गति लिएको हो।

गत साता मात्रै बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले यस सडकखण्डको स्थलगत अवलोकन गरी निर्माण कम्पनीलाई चाँडोभन्दा चाँडो काम सक्न निर्देशन दिएका थिए। हेटौंडाबाट भीमफेदी, फाखेल हुँदै हुमाने फर्पिङसम्मको ३३.५ किलोमिटर लम्बाइको उक्त सडक निर्माण धमाधम भइरहेको यातायात पूर्वाधार विकास निर्देशनालय हेटौंडाका सूचना अधिकारी हरि ओझाले जानकारी दिए।

हेटौंडाबाट भैंसे ११ किलोमिटर र फर्पिङबाट बल्खुसम्मको सडक कालोपत्रे रहेकाले सोबाहेकका क्षेत्रको निर्माण कार्य भइरहेको छ। सो सडक निर्माणका लागि प्रदेश सरकारमातहका कार्यालयबाट एक अर्ब १४ करोड २४ लाख बजेट रहेको सूचना अधिकारी ओझाले बताए। उक्त सडक निर्माणका लागि पाँचवटा प्याकेजमा ठेक्का सम्झौता गरी काम भइरहेको छ। ११.५ किलोमिटर लम्बाइको उक्त सडकखण्डको विस्तार तथा स्तरोन्नतिसहित कालोपत्रे गर्ने योजनाअनुसार निर्देशनालयले ३८ करोड ७६ लाख रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो।

आगामी फागुनभित्रमा सम्पूर्ण भाग कालोपत्रे गर्ने लक्ष्यअनुसार काम भइरहेको सूचना अधिकारी ओझाले बताए। आगामी चैत २३ गतेसम्मको म्याद रहेको उक्त खण्डको ठेक्का सम्झौतासमेत संशोधन गरी बजेटसमेत बढाइएको हो। उक्त खण्डमा केही थप संरचनाहरू निर्माण गर्नुपर्ने भएकाले सम्झौता रकमलाई २४ करोड ६५ लाख रुपैयाँ पुऱ्याइएको ओझाको भनाइ छ।

यता सो सडकको इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत पर्ने कुलेखानी-फाखेल खण्डको ठेक्का भने केही समयअघि मात्र भएको छ। ढिलो ठेक्का लागेको १६ किलोमिटर लम्बाइको उक्त खण्डमा हाल सडक विस्तारको काम भइरहेको सूचना अधिकारी ओझाले जानकारी दिए। उक्त खण्डको काम पूर्वाधार विकास कार्यालय चितवनबाट कार्यान्वयन भइरहेको छ। ०८२



वैशाख १६ मा निर्माण सम्पन्न गर्नुपर्ने उक्त सडकखण्डको निर्माणका लागि ३५ करोड ४८ लाख रुपैयाँमा ठेक्का सम्झौता गरिएको हो।

यसै सडकखण्डको काडमाडौंतर्फ भने तीनवटा ठेक्का सम्झौता गरी काम भइरहेको छ। काठमाडौंको दक्षिणकाली नगरपालिकाअन्तर्गत पर्ने ललितपुरमार्फत ठेक्का सम्झौता गरी काम भइरहेको सूचना अधिकारी ओझाले बताए। उक्त सडकखण्डको हुमानेदेखि मगर गाउँसम्मको प्याकेजको काम अन्तिम चरणमा पुगेको उनको भनाइ छ।

जम्मा चार किलोमिटर लम्बाइको उक्त खण्डको केही भागमा मात्र कालोपत्रे गर्न बाँकी छ। १४ करोड ७४ लाख रुपैयाँमा ठेक्का सम्झौता गरी भइरहेको काम अब एक हप्ताभित्रै सम्पन्न हुने उनले बताए। यसैगरी, मगर गाउँदेखि टुल्के मोडसम्मको चार किलोमिटर सडक निर्माणका लागि अर्को प्याकेजमा सम्झौता गरी काम भइरहेको छ। हाल सो खण्डमा कालोपत्रे गर्ने तयारी भइरहेको छ भने सो खण्डको निर्माणका लागि कार्यालयले १२ करोड ३२ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको छ। सोही सडकखण्डको टुल्के मोडदेखि फर्पिङसम्मको सडक निर्माणका लागि ठेक्का सम्झौता भई काम भइरहेको छ। साउन १ गतेसम्ममा काम सक्ने गरी सम्झौता भएको र हाल सडक विस्तार कार्य चलिरहेको सूचना अधिकारी ओझाले बताए।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय कमलादी, काठमाण्डौका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/२४ गते बुधवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएकोले यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा संचालक लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन अर्थात मिति २०८०/११/३० गते देखि ४२ औं दिन अर्थात मिति २०८०/१२/०६ भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहल काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/१२/०७ गते बुधवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दिनको ठीक ३ बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ अर्न्तगत मिति २०७७/०८/०७ मा दर्ता नं. २४७७८६/०७७/०७८ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय बालाजुबाट मिति २०७७/०८/१२ मु.अ.करमा समेत दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९८५५२०५ को प्रमाणपत्र प्राप्त **मस्टा ग्रुप प्रा. लि. । रजिष्टर्ड ठेगाना : काठमाडौं** जिल्ला का.म.न.पा. वडा नं. १६, नयाँबजार **हालको ठेगाना** : काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा., चुनदेबी वडा नं. ४ ।

सञ्चालक तथा जमानतकर्ता : जिवन चलाउने (ना.प्र.प.नं. २१६०७ जारी मिति २०६२/०७/०३ जारी गर्ने कार्यालय जि.प्र.का., बर्दिया) । ठेगाना : बर्दिया जिल्ला, गोला गा.बि.स., वडा नं.४ । बाबु : भुवाने चलाउने । बाजे : गोरे चलाउने ।	**सञ्चालक तथा जमानतकर्ता : जगत बहादुर धामी** (ना.प्र.प.नं. ६९-०१-७०-०१३५४ जारी मिति २०७०/०४/०४, जारी गर्ने कार्यालय जि.प्र.का, अछाम) । ठेगाना : अछाम जिल्ला, बिनायक गा.बि.स., वडा नं. २ । हालको ठेगाना : काठमाण्डौं जिल्ला, नागर्जुन.न.पा., रानीवन वडा नं. १ । बाबु : भज्जने धामी । बाजे : बजिरे धामी ।
सञ्चालक तथा जमानतकर्ता : श्याम थापा (ना.प्र.प.नं. २१७८-०४५-४६, जारी मिति २०४५/१२/१६, जारी गर्ने कार्यालय जि.प्र.का, धादिङ) । ठेगाना : धादिङ जिल्ला, नैबिसे गा.बि.स., वडा नं. ५ हाल धुनिबेशी न.पा., वडा नं. ९ । बाबु : चन्द्र बहादुर थापा । बाजे : समर थापा ।	**जमानतकर्ता : कृतिका उप्रेती** (ना.प्र.प.नं. १२/१, जारी मिति २०६१/०४/०१, जारी गर्ने कार्यालय जि.प्र.का, धादिङ) । ठेगाना : धादिङ जिल्ला, त्रिपुरासुन्दरी गा.पा., वडा नं. १ । बाबु : नारायण बहादुर उप्रेती । पति : जिवन चलाउने । ससुरा : भुवाने चलाउने ।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. जिवन चलाउने को नाममा दर्ता श्रेष्ठा कायम रहेको झापा जिल्ला, भद्रपुर न. पा. वडा नं. ३ स्थित कि.नं. ८९५, १०५३, १०५६, १४१, १४३, १४४, १४५, १४९९, १५००, १३७७, २१८३, २१८२, २१८४, को क.म.श. ०-७-०, ०-१-०, ०-८-०, ०-१५-१०, ०-५-१५, ०-८-०, ०-६-०, ०-१-५, ०-१-१०, ०-२-०, ०-१२-१५, ०-३-०, ०-२-० बिघा को जग्गा, उक्त जग्गामा बनेको घर र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **श्री मस्टा ग्रुप प्रा. लि.** को नाममा दर्ता श्रेष्ठा कायम रहेको बारा जिल्ला, भवानीपुर जितपुर गा. बि. स. वडा नं. ४ नक्सा सि.नं. ४ख स्थित कि.नं. १९, २०, २९४, २९५, ४६ को क्षेत्रफल क.म.श. ०-७-०, ०-१३-०, १-२-०, १-०-०, ०-३-० बिघा को जग्गा, उक्त जग्गामा बनेको घर र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. **श्री मस्टा ग्रुप प्रा. लि.** को नाममा दर्ता श्रेष्ठा कायम रहेको बारा जिल्ला, पिप्रासिमरा गा. बि. स./उप म.न.पा. वडा नं. २ स्थित कि.नं. १३६१ को क्षेत्रफल ४-०-० बिघा को जग्गा, उक्त जग्गामा बनेको घर र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. **जिवन चलाउने** को नाममा दर्ता श्रेष्ठा कायम रहेको रौतहट जिल्ला, जुडिबेला गा. बि. स. वडा नं. ७ स्थित कि.नं. ११४१, ६९५, ४४५, ४४६, ११४० को क्षेत्रफल क.म.श. ०-९-०, ०-९-०, ०-४-०, ०-३-१०, ०-१२-० बिघा को जग्गा, उक्त जग्गामा बनेको घर र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

५. प्रभु बैंक लि. (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.), सनराईज बैंक लि. तथा हिमालयन बैंक लि. (साबिक सिभिल बैंक लि.) बीच पारिपासू सम्झौता अनुसार ऋणी **श्री मस्टा ग्रुप प्रा. लि.को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग**बाट प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय जाजरकोटबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको नाम, ठेगाना	धितोको विवरण
१.	**नाम : कलसी सुनार** ना.प्र.नं. ३५५०, जि.प्र.का. जाजरकोट जारी मिति : २०६२/०३/२० पतिको नाम : हिमे सुनार, ससुराको नाम : मोहन सुनार ठेगाना : जाजरकोट जिल्ला, भेरीमालिका वडा नं. १३	कलसी सुनारको नाममा मालपोत कार्यालय खलंगा, जाजरकोटमा दर्ता श्रेष्ता कायम रहेको जाजरकोट जिल्ला, जगतिपुर गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. १०७० र ५०४ को क्षेत्रफल क्रमशः ०-१४-१-१ र ०-६-३-० रोपनी भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
	जमानतकर्ताको विवरण	
	१. नाम : नरेश सुनार ना.प्र.नं. ६२-०१-७४-०३६२६, जि.प्र.का. जाजरकोट जारी मिति : २०७४/११/१० बाबुको नाम : हिमे सुनार, बाजेको नाम : मोहन सुनार ठेगाना : जाजरकोट जिल्ला, भेरी वडा नं. १३	**२. नाम : विशाल सुनार** ना.प्र.नं. ६२१००७/१३०८, जि.प्र.का. जाजरकोट जारी मिति : २०७१/०३/२२ बाबुको नाम : हिमे सुनार, बाजेको नाम : मोहन सुनार ठेगाना : जाजरकोट जिल्ला, जगतिपुर वडा नं. ९
	ऋणीको नाम, ठेगाना	**जमानतकर्ताको विवरण**
२.	**नाम : भिम बहादुर सुनार** ना.प्र.नं. ३४९०, जि.प्र.का. जाजरकोट जारी मिति : २०६०/०५/२२ बाबुको नाम : नन्दराम सुनार, बाजेको नाम : दलबीर सुनार ठेगाना : जाजरकोट जिल्ला, खलंगा गा.वि.स. वडा नं. २	**नाम : रुपा सुनार** ना.प्र.नं. ४१९२, जि.प्र.का. जाजरकोट जारी मिति : २०६२/०८/२३ पतिको नाम : भिम बहादुर सुनार, ससुराको नाम : नन्दराम सुनार ठेगाना : जाजरकोट जिल्ला, खलंगा गा.वि.स. वडा नं. २
	धितोको विवरण	
	१. रुपा सुनारको नाममा मालपोत कार्यालय खलंगा, जाजरकोटमा दर्ता श्रेष्ता कायम रहेको जाजरकोट जिल्ला, खलंगा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. २१३१ को क्षेत्रफल ३-७-१-३ (१७६२.६७ व.मि.) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. भिम बहादुर सुनारको नाममा मालपोत कार्यालय खलंगा, जाजरकोटमा दर्ता श्रेष्ता कायम रहेको जाजरकोट जिल्ला, खलंगा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. ६३४ को क्षेत्रफल १-१५-३-० (१००९.४४ व.मि.) र वडा नं. ३ स्थित कित्ता नं. १००७ को क्षेत्रफल ०-३-०-० (९५.३७ व.मि.) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जाजरकोट, फोन नं. ०८९-४३०२८१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/१०/२४ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाईं ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईंहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाईं ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

तपसिल

बाजुरा शाखा

ऋणी फर्म : जिवन सुन चाँदी गहना पसल
ठेगाना : बुढिनन्दा न.पा. ०७ सास्ता
प्रा.फ.र.नं. १४१६/०७६/०७७
स्थायी लेखा नम्बर ६१२३७२२७०
प्रोपाइटर : जयलक्ष्मी सुनार
ठेगाना : पाण्डुसैन गा.वि.स. ०२ हाल बुढिनन्दा नगरपालिका वडा नं. ०७ बाजुरा

व्यक्तिगत्त जमानीकर्ताहरु :
क. जयलक्ष्मी सुनार, ससुरा : बजिरे सुनार, पति : ज्ञान बहादुर सुनार
ठेगाना : पाण्डुसैन गा.वि.स. ०२ हाल बुढिनन्दा नगरपालिका वडा नं. ०७ बाजुरा
ख. ज्ञान बहादुर सुनार, बाबु : बजिरे सुनार, बाजे : टिसे सुनार
ठेगाना : पाण्डुसैन गा.वि.स.०२ हाल बुढिनन्दा नगरपालिका वडा नं. ०७ बाजुरा
ग. जिवन सुनार, बाबु : ज्ञान बहादुर सुनार, बाजे : बजिरे सुनार
ठेगाना : बुढिनन्दा नगरपालिका वडा नं. ०७ बाजुरा
कर्जा : व्यापार ओभरड्राप्ट कर्जा
धितो सुरक्षणको विवरण : ऋणी जिवन सुन चाँदी पसलका प्रोप्राइटर जयलक्ष्मी सुनारको पति, ज्ञान बहादुर सुनारको नाममा मालपोत कार्यालय, मार्तंडी, बाजुरामा दर्ता श्रेस्ता कायम रहेको बाजुरा जिल्ला, पाण्डुसैन गा.वि.स. वडा नं. ०२ स्थित कि.न. ४१९ क्षेत्रफल ८५५ व.मी.को सम्पूर्ण लिगलगापात समेत ।

राजापुर शाखा

ऋणी : अस्मिता तमाङ (ना.प्र.न. ६५-०२-७२-०१६६४, वर्दिया जारी मिति : २०७२/०८/२९)
बाबु : श्री युवराज तमाङ, ससुरा : श्री मोहन सिंह गुरुङ, श्रीमान : श्री अनमोल गुरुङ
ठेगाना : जिल्ला वर्दिया राजापुर न.पा. वडा नं. ११, हाल : जिल्ला वर्दिया राजापुर न.पा वडा न.७, भिमापुर

व्यक्तिगत जमानीकर्ताहरु :
क) श्री अस्मिता तमाङ, बाबु : श्री युवराज तमाङ, ससुरा : श्री मोहन सिंह गुरुङ, श्रीमान : श्री अनमोल गुरुङ
ख) श्री उषा देवी गुरुङ, ससुरा : श्री काजिमान गुरुङ, श्रीमान : श्री मोहन सिंह गुरुङ
ग) श्री पुजा गुरुङ, बाबु : श्री मोहन सिंह गुरुङ, बाजे : श्री काजिमान गुरुङ
ठेगाना : जिल्ला वर्दिया राजापुर न.पा. वडा नं. ४
कर्जा : महालक्ष्मी होम इक्विटी कर्जा

धितो सुरक्षणको विवरण : श्री काजिमान गुरुङको बुहारी श्री मोहन सिंह गुरुङको श्रीमती जिल्ला वर्दिया भिमापुर गा.वि.स. वडा नं. १, हाल वर्दिया जिल्ला राजापुर न.पा. वडा नं. ४ बस्ने श्री उषा देवी गुरुङको नाममा मालपोत कार्यालय राजापुर वर्दियामा दर्ता रहेको वर्दिया जिल्ला भिमापुर गा.वि.स. वडा नं. ६ स्थित कि.न. ८३० को क्षे.फ. ०-१७-० (वि.क.धु) र वर्दिया जिल्ला राजापुर गा.वि.स. वडा नं. १क स्थित कि.न. ८५६ को क्षे.फ. ०-०-४.२५ (२०६७.८७ वर्ग फिटको पक्की घर) को जग्गा तथा सो जग्गामा बनेको पक्कि घर तथा अन्य सम्पूर्ण लिगलगापात समेत ।

भैरहवा शाखा

ऋणी : श्री प्रेमध्वज पराजुली, बाबु : टिकाराम पराजुली, बाजे : प्रेम नारायण पराजुली
ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं. ९ रुपन्देही ।
ना.प्र.प.नं. ८७६५ जारी मिति २०५४/०४/१७ जारी मुकाम : रुपन्देही ।

व्यक्तिगत जमानीकर्ता :
क) पुर्णकला घिमिरे, बाबु : खिमानन्द घिमिरे, पति : प्रेमध्वज पराजुली, ससुरा : टिकाराम पराजुली
ठेगाना : सिद्धार्थनगर न.पा. वडा नं. ९ रुपन्देही ।
ना.प्र.प.नं. ३ १०८१ जारी मिति २०६२/०३/०२ जारी मुकाम : रुपन्देही ।
कर्जा शिर्षक : अटो लोन

धितो सुरक्षणको विवरण : यस महालक्ष्मी विकास बैंकको स्वामित्वमा रहेको ऋणी श्री प्रेमध्वज पराजुली रहेको इन्जिन नं. K12MN2185483 च्यासिस नं. MBHCZC63SJD163661 मोडेल Swift Zxi 2018 दर्ता नं. बा १९ च ७३५४ भएको यातायात व्यवस्था कार्यालय एकान्तकुना ललितपुरमा दर्ता रहेको कार ।

ईटहरी शाखा

ऋणी : श्री मोहन प्याकुरेल
(नागरीकता नं. १४४६६/१६४६६, जारी मिति : २०४९/०४/१३, जिल्ला सुनसरी)
बाबु : माधव प्रसाद प्याकुरेल, बाजे : शिवनाथ प्याकुरेल
ठेगाना : सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका वडा नं. ०५
हाल ठेगाना : सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका वडा नं. १६

व्यक्तिगत जमानीकर्ताहरु:
क) श्रीमती अनिता प्याकुरेल, ना.प्र.नः १०३२२६/२०३२२६ जारी मिति : २०६२/०७/१३, जिल्ला सुनसरी
बाबु : गोविन्द प्रसाद उपाध्याय, श्रीमान : मोहन प्याकुरेल
ख) श्री मोहन प्याकुरेल, ना.प्र.नः १४४६६/१६४६६ जारी मिति : २०४९/०४/१३, जिल्ला सुनसरी
बाबु : माधव प्रसाद प्याकुरेल, बाजे : शिवनाथ प्याकुरेल
कर्जा : हायर पर्चेज कर्जा

धितो सुरक्षणको विवरण : नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगज पर्सा अन्तर्गत मोहन प्याकुरेललाई ऋणी कायम गरी यस महालक्ष्मी विकास बैंक लिमिटेडका नाममा दर्ता कायम रहेको EICHER 35.31 KHSD 2016 सवारी साधन नं. ना ६ ख ५३९२, च्यासिस नं. KC2L1KRCOGC008901, इञ्जिन नं. E613CDGC077728 भएको गाडी ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असुली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

एनआइसी एसिया लघुवित्तको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेडले लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका शाखाले वित्तीय साक्षरता कार्यक्रम गरेका छन् । लघुवित्तका बेथरी, पडसरी, सिसहनिया, ओखरकोट, ठाकुरद्वारा, बाँसगढी र सुलीचौर शाखाले कार्यक्रम गरेका हुन् ।

संस्थाले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कार्यक्रम गरेको जनाएको छ । हालको विषम परिस्थितिलाई मध्यनजर गरी स्थानीय जनप्रतिनिधि, भद्रभलादमीको उपस्थितिमा संस्थामा आबद्ध सदस्य तथा गैरसदस्यलाई विभिन्न विषयमा प्रशिक्षण दिएको जनाइएको छ ।

प्रशिक्षणमा दैनिक आम्दानी तथा खर्चको विश्लेषण, वित्तीय सेवासम्बन्धी ज्ञान, भविष्यका लागि बचतको आवश्यकता, बचत गर्ने तरिका, कर्जाको सही सदुपयोग गर्ने तरिका, व्यवसाय व्यवस्थापनजस्ता विषय समेटिएको संस्थाले जनाएको छ ।

यस कार्यक्रमबाट सहभागीले कर्जाको सदुपयोग कसरी गर्ने, कर्जा लिएर कस्तो प्रकारको व्यवसाय गर्ने, कसरी आम्दानी बढाउने, बचत कसरी बढाउने र खर्च कसरी कम गर्न सकिन्छ भन्ने विषयमा विशेष ज्ञान हासिल गर्न पाएको बताए । कार्यक्रम भएका शाखाहरूको कार्यक्षेत्रभित्रका करिब तीन सय ५० जनाले कार्यक्रममा सहभागिता जनाएको उल्लेख छ । हाल संस्थाले दुई सय ८७ शाखामार्फत वित्तीय सेवा प्रदान गर्दै आएको जनाएको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लाहान, सिरहाको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/२४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लाहान, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने सांवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको सांवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा साथै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
१. समिना खातुन ना.प्र.नं.- १५३०१८/२४२ जारी मिति - २०६३/१२/२५ जि.प्र.का. सिराहा बाबु - रहमान मियाँ पति- मो समसाद राइन स्थायी ठेगाना- सिप्तरी जिल्ला, भगवतिपुर ता सु गा.वि.स., वडा नं. ०४ हालको ठेगाना- हाल सिरहा जिल्ला, नवराजपुर गा.पा, वडा नं.०१	**मो समसाद राईन**को नाममा मालपोत कार्यालय, सिराहामा दर्ता कायम रहेको सिराहा जिल्ला, भगवतीपुर ता सु गा.वि.स./ न.पा. वडा नं.३ ख स्थित कित्ता नं. १३८ क्षे.फ. ०-१-०-० (वि-क-ध-कु) को जग्गा/घर तथा ऐ.ऐ. वडा नं.४ स्थित कित्ता नं.७८० को र ०-६-१५-० (वि-क-ध-कु) को जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
व्यक्तिगत जमानीकर्ताहरुको विवरण	
१. मो समसाद राईन ना.प्र.नं.- १५-०२-७७-०३४६५, जारी मिति - २०५६/०९/०८, जि.प्र.का. सिराहा बाबु - मो हनिफ मियाँ बाजे - इसलामुदीन मियाँ स्थायी ठेगाना- सिप्तरी जिल्ला, भगवतिपुर ता सु गा.वि.स., वडा नं. ०४ हालको ठेगाना- हाल सिरहा जिल्ला, नवराजपुर गा.पा, वडा नं. ०१ **२. अमान तुल्लाह** ना.प्र.नं.- ०९१००४०६ जारी मिति - २०७७/१२/१३, ई.प्र.का. सिराहा बाबु - मो समसाद राइन बाजे - मो हनिफ मियाँ स्थायी ठेगाना- सरहा जिल्ला, नवराजपुर गा.पा., वडा नं.१ हालको ठेगाना- ऐ.ऐ	**४. रुबिना खातुन** ना.प्र.नं.- १५२०१५/१९३९५ जारी मिति - २०७२/०४/०१, ई.प्र.का. सिराहा बाबु - मो मुक्तार मियाँ बाजे - सफि रहमान मियाँ स्थायी सिराहा जिल्ला, इटहर्वा गा.वि.स., वडा नं.०३ हालको ठेगाना- सिरहा जिल्ला, नवराजपुर गा.पा., वडा नं. ०१

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय लाहान, सिरहा फोन नं. ०३३-५६५००६

लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/२४ गते

यस महालक्ष्मी विकास बैंक लि. को तपसिलमा उल्लेखित शाखाबाट तपाईं ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७९/१०/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको सांवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पखाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान समेत गरिएको छ । सो अवधिमा ईच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ । सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

सिमरा शाखा

१. ऋणी : श्री राहुल ईन्टरप्राईजेज (प्रो. राकेश कुमार साह)
प्रा.फा.र.नं. : ६८०२/०७५/०७६ (घरेलु तथा साना उद्योग कार्यालय, बारा)
दर्ता मिति : २०७५/०५/२४
पान नं. : ६०७५१७२७५
ठेगाना : जितपुर सिमरा उ.म.न.पा.-०७, बारा

व्यक्तिगत जमानीकर्ताहरु :

क) श्री सुभाष साह	बाबु : श्री सत्यनारायण साह	बाजे : श्री विसुन साह कलवार	
ख) श्री निकेश साह	बाबु : श्री सुभाष साह	बाजे : श्री सत्यनारायण साह	
ग) श्री दिपेश कुमार साह	बाबु : श्री सुभाष साह	बाजे : श्री सत्यनारायण साह	
घ) श्री सिता कुमारी साह	बाबु : श्री राम विहारी साह	पति : श्री निकेश साह	ससुरा : श्री सुभाष साह
ङ) श्री राकेश कुमार साह	बाबु : श्री सुभाष साह	बाजे : श्री सत्यनारायण साह	

ठेगाना : हाल जितपुरसिमरा उ.म.न.पा. ०७, बारा
कर्जा : व्यापार कर्जा (अधिविकर्ष)/हायरपर्चेज कर्जा

धितो सुरक्षणको विवरण :
क) श्री विसुन साह कलबारको नाती, श्री सत्यनारायण साहको छोरा, हाल बारा जिल्ला, जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०७, जितपुर बस्ने शुभाष साहको नाममा मालपोत कार्यालय बारामा दर्ता कायम रहेको बारा जिल्ला, भवानीपुर जितपुर गा.वि.स. वडा नं. ३ (नक्सा सि.न. ३) स्थित कित्ता नं. ५७४२ को क्षेत्रफल क्रमशः ०-०-४ र श्री शुभाष साहकी बुहारी श्री निकेश साहकी पत्नि हाल जितपुरसिमरा उ.म.न.पा. वडा नं. ०७, जितपुर बस्ने सिता कुमारी साहको नाममा मालपोत कार्यालय बारामा दर्ता रहेको बारा जिल्ला, भवानीपुर जितपुर गा.वि.स. वडा नं. ३ (नक्सा सि.न. ३) स्थित कित्ता नं. ५७४३ को क्षेत्रफल क्रमशः ०-०-३ जग्गा, घर तथा सोमा रहेको सम्पूर्ण लिगलगापात समेत ।

ख) श्री राहुल ईन्टरप्राईजेजलाई ऋणी कायम गरी नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय वीरगञ्ज, पर्सामा यस बैंकको नाममा दर्ता कायम रहेको मोडेल Ashok Leyland DOST PLUS RLSFSD सवारी दर्ता नं. प्रदेश २-०३-००१ च ०८५३, ईन्जिन नं. EKH027971P, च्यासिस नं. MB1AA22EXKRE65062 भएको पिकअप गाडी थान १ ।

शर्तहरु :

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र साथ आफुले बोलकबोल गरेको अंकको १० प्रतिशत नगद/बैंक ग्यारेण्टी /गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ ।
३. बोलपत्र स्विकृतवालाले बैकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ । अन्यथा धरौटी जफत हुने छ ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ ।
५. कारणवस सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्टको मिति कायम हुनेछ ।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क गर्नु हुन ।
७. बोलपत्र स्विकृत/अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरीने छैन ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/११/०९ गते बुधबार (कार्यालय समय भित्र)
खोलिने मिति : २०८०/११/१० गते बिहीबार दिनको २:०० बजे
स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालयमा

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९
कर्जा असुली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

एभरेष्ट बैंकका ग्राहकले नेत्रालयमा छुट पाउने



काठमाडौं/ एभरेष्ट बैंक लिमिटेड र कैलालीको धनगढी नेत्रालय प्रालिबीच बैंकका ग्राहकलाई विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ । बैंकका सम्पूर्ण ग्राहकले नेत्रालयको विभिन्न सेवामा १० प्रतिशतसम्म छुट पाउने सम्झौता भएको हो ।

सम्झौतामा बैंकका वरिष्ठ प्रबन्धक सतीश प्रताप सिंह र नेत्रालयका मेडिकल डाइरेक्टर डा. रविधर भण्डारीले हस्ताक्षर गरेको जनाइएको छ । सम्झौताअनुसार बैंकका सम्पूर्ण ग्राहक, कार्ड प्रयोगकर्ता साथै कर्मचारी तथा तिनका पारिवारिक सदस्यहरूले उक्त अस्पतालबाट ओपिडी तथा आइपिडी र चस्मा तथा फ्रेममा १० प्रतिशतसम्म साथै फार्मेसी तथा सर्जरी सेवामा ५ प्रतिशतसम्मको छुट पाउने उल्लेख छ । बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ र नेत्रालयका अध्यक्ष गजेन्द्रबहादुर चन्द सम्झौतामा हस्ताक्षर गर्न आयोजित कार्यक्रममा उपस्थित रहेको बैंकले जनाएको छ ।

हाल बैंकले देशभरमा एक सय २८ शाखा, तीन एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय, एक सय ६४ एटिएमका साथै ३२ वटा राजस्व संकलन केन्द्रमार्फत सेवा दिइरहेको जनाएको छ ।

पोखरामा खुकुरी फ्रेन्ड्स अफ फेस्टिभल हुने



काठमाडौं/ तीन वर्षदेखि पोखरामा हुँदै आएको नेपाल लिटरेचर फेस्टिभललाई सहयोग गर्दै आएको नेपाल डिस्टिलरीले फ्रेन्ड्स अफ फेस्टिभल नामक सांगीतिक कार्यक्रम गर्ने भएको छ ।

'जहाँ शब्दहरू जीवन्त हुन्छन्' भन्ने नाराका साथ सुरु भएको नेपाल लिटरेचर फेस्टिभलले प्रत्येक संस्करणमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय लेखक, कलाकार, अभियन्ता, पत्रकार, बुद्धिजीवी, अर्थशास्त्री, सेलेब्रिटी र राजनीतिक व्यक्तित्वहरूलाई सन् २०१६ देखि पोखरामा भेला गराई समसामयिक विषयवस्तुमा अन्तर्क्रिया र अन्तर्संवाद गर्दै आएको कम्पनीले जनाएको छ । साथै, प्रत्येक दिनको अन्तिम सत्रमा विभिन्न कलाकारका साथ सांगीतिक प्रस्तुति राख्दै आएको कम्पनीको भनाइ छ ।

संगीतमा जुनसुकै उमेर, जाति, राष्ट्रियता वा स्वभावका श्रोतालाई भावनात्मक रूपमा उत्प्रेरित गर्ने शक्ति हुनुका साथै जटिल भावनाहरू अभिव्यक्त गरी मानिसलाई तरंगित बनाउने सामर्थ्य राख्ने निष्कर्षसहित सांगीतिक कार्यक्रम गर्न लागेको कम्पनीको भनाइ छ । यिनै विषयलाई अनुभूत गर्दै यस वर्षदेखि संस्थागत रूपमै फ्रेन्ड्स अफ फेस्टिभल समुदायको सुरुवात गर्न लागेको जनाइए

पाँच वर्षमा...

पृष्ठ १ बाट क्रमशः

माग भएअनुसारको प्रगति विवरणसमेत पठाउनुपर्ने व्यवस्था छ। कार्यविधिमा गरिएको व्यवस्थाअनुसार सबै पालिकाहरूले प्रगति विवरण पनि पठाउने गरेका छैनन्।

मन्त्रालयको पशुपक्षीतर्फका सचिव डा. रेवतीरमण पौडेलले ससर्त कृषि अनुदानको रकम कसरी खर्च भइरहेको छ भन्ने बुझ्न नसकिएको स्वीकार गरे। आफू सहसचिव भएका वेला कृषि विभागको महानिर्देशक भएरसमेत काम गरेको अनुभवका आधारमा ससर्त कृषि अनुदानको नियमन हुन नसकेको उनको भनाइ छ। 'कहाँ र कसरी अनुदानको रकम खर्च भइरहेको छ भन्ने हेर्न सकिएको छैन,' उनले भने, 'नियमनको पाटो अलि बलियो बनाउनुपर्छ भन्ने बुझाइ हाम्रो पनि छ।'

संघीय बजेट सार्वजनिक हुने १५ जेठमै सात सय ७३ पालिका र प्रदेशमातहतका कृषि ज्ञानकेन्द्र र भेटेरेनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रको खातामा बजेट पठाउने गरिएको छ। संघीयता कार्यान्वयनमा आएपछि ०७५/७६ देखि प्रदेश र स्थानीय तहमा ससर्त कृषि अनुदान पठाउन थालिएको हो। सुरुका दुई वर्ष प्रदेशमा बढी र स्थानीय तहमा कम बजेट विनियोजन गरिएको थियो। तर, यो प्रणालीले पनि किसान तहसम्म अनुदान नपुगेको गुनासो बढेपछि प्रदेशमा भन्दा स्थानीय तहमा ठूलो रकम विनियोजन हुन थालेको छ।

कृषि विभागका बाली संरक्षण अधिकृत दामोदर पोखरेलले भने समय-समयमा पालिकाहरूले प्रगति विवरण पठाइरहेको दाबी गरे। तर, कार्यविधिमा भनेजस्तो ६-६ महिनामा बाध्यकारी रूपले अनुगमन प्रतिवेदन बनाउने अभ्यास भने नभएको स्वीकार पनि गरे। 'अधिकांश पालिकाले प्रगति विवरण पठाउने गरेका छन्, प्रगति विवरणहरू सन्तोषजनक नै देखिन्छन्,' उनले भने, 'आवश्यकताका आधारमा विभिन्न पालिकामा अनुगमन गर्छौं र सोहीअनुसार प्रतिवेदन बन्ने गरेको छ, तर कार्यविधिमा भनेजस्तो ६-६ महिनामा बाध्यकारी रूपले अनुगमन प्रतिवेदन बनाउने अभ्यास भने छैन।'

मन्त्रालयले जारी गरेको मापदण्डअनुसार सरकारले कुनै कषि पूर्वाधार बनाउने भए शतप्रतिशत अनुदान रकम पाउन सक्नेछ। त्यस्तै, कृषक समूह, सहकारी, उपभोक्ता समूहले बनाउने सामुदायिक कृषि पूर्वाधारमा ८५ प्रतिशत र निजी किसान वा व्यवसायीले बनाउने कृषि पूर्वाधारमा ५० प्रतिशतसम्म अनुदान रकम दिन सक्ने गरी कार्यविधिले सर्त निर्धारण गरेको छ। अभिमुखीकरण, क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठी गर्नुपरे अनुदान शीर्षकको बजेटबाटै शतप्रतिशत खर्चन सक्ने व्यवस्था पनि गरिएको छ। जसकारण कर्मचारीहरूले गोष्ठी र तालिकामा कृषि अनुदानको ठूलो रकम दुरुपयोग गर्ने गरेका गुनासा आउने गरेका छन्।

एउटै पालिकालाई सवा दुई करोडभन्दा बढी अनुदान

चालू आर्थिक वर्ष ०८०/८१ को स्थानीय तहमा वितरण भएको ससर्त कृषि अनुदानको तथ्यांक हेर्दा पालिकाहरूले न्यूनतम २२ लाखदेखि सवा दुई करोडभन्दा बढीसम्म पाएको देखिन्छ। रौतहटको गौर नगरपालिकाले सबैभन्दा बढी दुई करोड ३० लाख प्राप्त गरेको मन्त्रालयले जनाएको छ। त्यस्तै, कृषिको उर्वर भूमि मानिने कास्कीको पोखरा महानगरपालिकाले एक करोड ७९ लाख पाएको छ। नवलपरासी पश्चिमको प्रतापपुर गाउँपालिकाले एक करोड ६० लाख, रुपन्देहीको तिलोत्तमा नगरपालिकाले एक करोड ५८ लाख, कपिलवस्तुको वाँणगंगा नगरपालिकाले एक करोड ५२ लाख, कैलालीको घोडाघोडी नगरपालिकाले एक करोड ७५ लाख र उदयपुरको उदयपुरगढी गाउँपालिकाले एक करोड ३१ लाख रुपैयाँ पाएका छन्।

कृषि मन्त्रालयबाट प्राप्त विवरणअनुसार करिब तीन दर्जन पालिकाले एक करोडभन्दा बढी बजेट पाएका छन्। कृषिका लागि चिनिएको चितवनका तीन नगरपालिका माडी, रत्ननगर र राप्तीले पनि क्रमशः एक करोड ४१ लाख, एक करोड चार लाख र एक करोड दुई लाख बजेट पाएका छन्। हेटौंडा उपमहानगरपालिकाले एक करोड १९ लाख पाएको छ। सप्तरीको रूपनी गाउँपालिकाले सबैभन्दा कम २२ लाख अनुदान पाएको छ। सप्तरीकै महादेवा गाउँपालिकाले २५ लाख प्राप्त गरेको छ।

अन्तर्राष्ट्रिय सम्बन्ध समितिको प्रतिनिधिमण्डल उत्तरप्रदेशमा

काठमाडौं/ भारतको औपचारिक भ्रमणमा रहेको संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समिति सभापति राजकिशोर यादव नेतृत्वको प्रतिनिधिमण्डल दिल्ली, गोवा, मुम्बई हुँदै नेपाली सीमावर्ती उत्तरप्रदेश पुगेको छ। मंगलबार लखनउमा मुख्यन्त्री योगी आदित्यनाथ, गभर्नर आनन्दीबेन पटेल तथा विधानसभाका सभामुखसँग भेटेको टोली अयोध्यामा राम मन्दिर दर्शन गरेर राति बनारस पुगेको छ।

मुख्यमन्त्री योगीले नेपाल र भारत दुई शरीरका एउटै आत्मा भन्दै नेपालको सांस्कृतिक पर्यटन विकासमा उत्तरप्रदेशले सक्दो सहयोग गर्ने आश्वासन दिएका छन्। 'मुख्यमन्त्री योगीजीसँग हाम्रो एक घण्टा कुराकानी भयो। अयोध्यामा राम मन्दिर बनेकोमा बधाई दिँदै जनकपुरधामको विकासमा सहयोगका लागि आग्रह गरेँ। जनकपुरधामविना अयोध्या अपुरो हुन्छ, अयोध्या मात्रै बनाएर पुग्दैन जनकपुरधामको विकासमा सहयोग पाउनु हाम्रो हक हो भन्ने कुरा प्रतिनिधिमण्डलका तर्फबाट राखेँ,' सभापति यादवले टेलिफोनमा भने, 'दुई देशबीचमा रामायण सर्किट, बुद्धसर्किट बनाउनुपर्छ र यसमा भारतको सहयोग चाहिन्छ भन्ने कुरा राखेँ। उहाँले सक्दो सहयोग गर्छौं भन्नुभएको छ।'

लखनउको कालीदास मार्गस्थित मुख्यमन्त्रीनिवासमा भेटवार्ता भएको थियो। मुख्यमन्त्री योगीले भेटवार्तापछि ट्विट गर्दै भनेका छन्, 'भगवान् पशुपतिनाथको पावन धरा छिमेकी राष्ट्र नेपालबाट आएका माननीय सांसदगणको शिष्टमण्डलसँग शिष्टाचार भेट भयो।'

उत्तरप्रदेशको आठौं बजेटमा पर्यटनलाई विशेष महत्त्व दिइएको सन्दर्भ उल्लेख गर्दै सभापति यादवले नेपालको पर्यटनमा सघाउन मुख्यमन्त्री योगीलाई अनुरोध गरे। यादवले नेपाल भारतको छिमेकी मात्र नभएर कुटुम्ब भएकोतर्फ मुख्यमन्त्री योगीको ध्यानाकर्षण गराएका थिए। यादवले नेपालको एकीकरण गुरु गोरखनाथको आशिर्वादबाट भएको स्मरण गराउँदै उत्तरप्रदेश र नेपालबीचको यो सम्बन्धलाई पनि विकास गर्नुपर्ने बताएका थिए। यसको जवाफ दिने क्रममा योगी भावुक भएको यादवले बताए।

'म दुई देशको सम्प्रभुताको सम्मान गर्छु, तर दुई देश एउटै आत्माका दुई शरीरका रूपमा म लिन्छु,' मुख्यमन्त्री योगीलाई उद्धृत गर्दै सभापति यादवले भने, 'नेपालको विकास र समृद्धिमा मात्रै भारत समृद्ध हुनेछ, नेपाललाई विकासको प्रक्रियामा सँगसँगै लैजान्छौं। हामीबीचका सानातिना विषयले सम्बन्धको व्यापकतामा प्रभावित गर्दैनन्। हामी मिलेर जानुपर्छ। नेपाल समृद्ध र बलियो मुलुक हुनुपर्छ।' यादवका अनुसार नेपाल-भारत सम्बन्धको चर्चा गर्दा मुख्यमन्त्री योगी भावुक भएका थिए।

सभापति यादवले उत्तरप्रदेशका गभर्नर आनन्दीबेन पटेलले शिक्षाको विकासमा जोड दिएकी थिइन्। 'भारतका विश्वविद्यालयहरू गाउँतिर फर्किन थालेका छन्। यहाँको अनुभव नेपाललाई काम लाग्न सक्छ। नेपाल शैक्षिक रूपमा माथि उठोस्,' गभर्नरलाई उद्धृत गर्दै सभापति यादवले भने। यादवका अनुसार उत्तरप्रदेशको विधानसभामा बजेट सत्र चलिरहेका वेला नेपाली सांसदहरूलाई सभामुख सतिश महानालेे स्वागत गरेका थिए। 'सदन चलिरहेका वेला नेपालबाट आउनुभएका सांसदको टोलीलाई स्वागत गर्छौं भनेर सभामुखले भन्नुभयो र हलले ताली बजाएर हामीलाई स्वागत गऱ्यो,' सभापति यादवले भने।

सभापति यादवसहितको टोलीले अयोध्यामा राम मन्दिरको दर्शन गरेको छ। मुख्यमन्त्री योगीले मन्दिर दर्शनको प्रबन्ध गरेका थिए। 'हाम्रो कार्यतालिकामा राम मन्दिरको दर्शन गर्ने भन्ने थिएन। योगीजीले राम मन्दिर गए-नगएको सोध्नुभयो, हामीले कार्यतालिकामा छैन भन्यौं। उहाँले तत्कालै फोन गरेर सबै प्रबन्ध मिलाइदिनुभयो र साँझ पुगेर दर्शन गर्यौं,' यादवले भने, 'अहिले वनारस पुगेका छौं। बुधबार बिहान काशी विश्वनाथ मन्दिरमा दर्शन गर्छौं।'

युटिएलले...

पृष्ठ १ बाट क्रमशः

विस्तार गर्ने गरी प्राधिकरणले १४ वैशाख ०७४ मा युटिएलसँग सम्झौता गरेको थियो। सम्झौताअनुसार युटिएलले १४ वैशाख ०७६ भित्र गोरखाको आरुघाटदेखि बाग्लुङको बुर्तीबाङसम्मको मध्यपहाडी लोकमार्ग तथा गण्डकी र लुम्बिनी प्रदेशमा पर्ने २१ जिल्लामा दूरसञ्चार पूर्वाधार निर्माण गरिसक्नुपर्ने थियो। तर, युटिएलले तोकिएको समयमा काम गर्न सकेन। तोकिएको समयमा भौतिक प्रगति शून्य भएपछि प्राधिकरणले ठेक्का सम्झौता खारेज गरेको थियो। तर, उक्त निर्णयविरुद्ध युटिएलले २७ वैशाख ०७६ मा सर्वोच्चमा रिट दायर गरेको थियो। सर्वोच्चले २९ वैशाख ०७६ मा कारण देखाऊ र आन्तरिम आदेश दिएर विचाराधीन रहेको मुद्दामा करिब पाँच वर्षपछि मंगलबार रिट खारेजको फैसला गरेको छ।

सर्वोच्चले युटिएलको रिट खारेज गरिदिएसँगै अब प्राधिकरणले पफर्मेन्स ग्यारेन्टी र अग्रिम भुक्तानीबापतको ५० करोड रुपैयाँभन्दा बढी रकम खिच्नेछ। युटिएलले परियोजनाका लागि राखेको पफर्मेन्स ग्यारेन्टीबापतको १० करोड ५ लाख रुपैयाँ जफत हुनेछ। त्यस्तै, ठेक्का सम्झौता कार्यान्वयनका लागि ७ फागुन ०७५ मा दिइएको ४० करोड २० लाख रुपैयाँ अग्रिम भुक्तानीसमेत बैंक ग्यारेन्टीबाट खिचिने प्राधिकरणले जनाएको छ।

लाइसेन्स खारेजीको बाटो खुल्यो

युटिएलले ०५९ मा तारारहित डब्लुएलएल (वायरलेस लोकल लुप) प्रविधिबाट सेवा सञ्चालन गर्न पाउने गरी आधारभूत दूरसञ्चार सेवाको अनुमति पाएको थियो। त्यसको १४ वर्षपछि युटिएलले २० भदौ ०७३ मा सबै किसिमका दूरसञ्चार सेवा सञ्चालन गर्न पाउने गरी युनिफाइड लाइसेन्स प्राप्त गरको थियो। तर, युटिएलले सर्तअनुसार जिएसएम सेवा सञ्चालनमा ल्याउन सकेन। अनुमतिपत्र प्राप्त हुँदाबखतको सर्तअनुसार किस्तासमेत बुझाउन सकेन। नवीकरण हुने म्याद १० वर्षभित्र किस्तामा २० अर्ब बुझाउनुपर्नेमा युटिएलले पाँच करोड मात्रै बुझाएको छ। त्यसअघि युटिएलको रोयल्टी, नवीकरण शुल्क र फ्रिक्वेन्सी दस्तुरसमेत करिब एक अर्ब रुपैयाँ बक्यौता पुगिसकेको थियो। बक्यौता नबुझाए अनुमतिपत्र खारेज गरिदिने भन्दै ०७६ जेठमा युटिएललाई पत्राचार गरेको थियो। प्राधिकरणको निर्णय खारेज गरिपाऊँ भनी युटिएलले ३० असार ०७६ मा सर्वोच्चमा रिट दायर गरेकोमा मंगलबार उसैले दायर गरेको रिट खारेज भएको छ। अब प्राधिकरणलाई युटिएलको लाइसेन्स खारेज गर्न बाटो खुलेको छ।

'ठ्याक्क हिसाब गरिसकेको छैन, तर पाँच अर्बभन्दा बढी रकम बक्यौता पुगिसकेको छ, नवीकरण किस्ताबापत पनि सात अर्बहाराहारी बुझाउनुपर्छ,' प्राधिकरणका एक अधिकारीले भने, 'उसले नवीकरण शुल्क नबुझाए त अनुमतिपत्र स्वतः खारेज भइहाल्छ, बक्यौता तिरेन भने पनि अनुमतिपत्र खारेज हुन्छ। अनुमतिपत्र खारेज भए पनि बक्यौता भने उठाउनैपर्छ।'

युटिएलमा भारतको ८० र नेपालको २० प्रतिशत लगानी छ। भारतका तर्फबाट टेलिकम्युनिकेसन कन्सल्ट्स इन्डिया लिमिटेडको २६.६६, टाटा कम्युनिकेसन लिमिटेडको २६.६६ प्रतिशत र बाँकी २६.६८ प्रतिशत सेयर महानगर निगम लिमिटेडको छ। नेपालका तर्फबाट युटिएलमा नेपाल भेन्चर्स प्रालिको २० प्रतिशत सेयर छ।

१० अर्बको बजेट, दुई अर्ब खर्च

मध्यपहाडी लोकमार्गमा अप्टिकल फाइबर बिछ्याउने ९ अर्ब ८९ करोड १७ लाख रुपैयाँको परियोजनाअन्तर्गतको प्याकेज १ अन्तर्गत कोशी प्रदेशमा ९०.७३ प्रतिशत, मधेशमा ८९.६५ प्रतिशत र बागमतीमा ७५.६३ प्रतिशत काम सम्पन्न भइसकेको छ। यी सबै प्याकेज नेपाल टेलिकमले ठेक्का लिएको हो। यस प्याकेजअन्तर्गत एक हजार तीन सय ८५ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने काम सम्पन्न भएको छ। त्यस्तै, कर्णाली र सुदूरपश्चिको तेस्रो प्याकेजअन्तर्गत तीन सय आठ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने काम पनि नेपाल टेलिकमले अधिकतम काम सम्पन्न गरिसकेको छ। कर्णाली प्रदेशमा ८०.३५ प्रतिशत र सुदूरपश्चिममा ९८.८५ प्रतिशत काम सकिएको छ। तर, युटिएलले ठेक्का पारेको दोस्रो प्याकेजअन्तर्गत गण्डकी र लुम्बिनी प्रदेशमा भने काम नै हुन सकेको छैन। हालसम्म परियोजनामा कुल दुई अर्ब ९ करोड खर्च भइसकेको छ।

चौतर्फी विरोधका...

पृष्ठ १ बाट क्रमशः

आफ्नो सहमतिविना खुलामञ्चमा कुनै पनि कार्य नगर्न/नगराउन भनेको हो।

सार्वजनिक सम्पत्ति संरक्षण वडाको दायित्व भएको भन्दै गत सोमबार महानगरलाई एक पत्र लेख्दै वडाले खुलामञ्चलाई व्यक्ति वा संस्थाको स्वामित्वमा लैजान नहुने बताएको छ। 'खुलामञ्च हाम्रो पहिचान हो। धरोहर हो। साझा सम्पत्ति हो। यसको सबैले निर्वाध रूपमा उपभोग गर्न पाउनुपर्छ। यसलाई व्यक्ति वा संस्थाको स्वामित्वमा जान दिनुहुँदैन। सार्वजनिक सम्पत्तिको संरक्षण हामी सबैको साझा दायित्व हो। यसको संरक्षण, संवर्द्धन र सुधारको कार्य गर्नुपूर्व वडाको सहमति लिएर गर्न/ गराउन जानकारी गराउँछु,' वडाले महानगरलाई लेखेको पत्रमा छ।

महानगरको निर्णयप्रति आफूहरूको सहमति भए पनि खुलामञ्च खुला हुनुपर्ने र सर्वसाधारणको पहुँचमा हुनुपर्ने वडाध्यक्ष खड्गीले बताए। 'खुलामञ्चको मर्मत हुनुपर्ने र हरियाली हुने कुरामा हाम्रो विमति होइन। तर, त्यहाँ सभा सम्मेलन गर्न चाहनेले सभा सम्मेलन गर्न पाउनुपऱ्यो। बदाम खाँदै घाम ताप्न चाहनेले पनि सोहीअनुसारको क्रियाकलाप गर्न पाउनुपऱ्यो। आशा छ, त्यहीअनुसार काम हुन्छ,' उनले भने।

वडाध्यक्ष खड्गीले भनेझैं फुटबल मैदानसहितको पार्क निर्माण भएपछि खुलामञ्च खुला नहुने र सर्वसाधारणको पहुँचमा नहुने अभियन्ता आलोकसिद्धि तुलाधर बताउँछन्। 'फुटबल मैदानसहितको पार्क हुनेबित्तिकै बिस्तारै खुलामञ्च पनि केही वर्षमा अरूकै पकडमा जान्छ। ललितपुरको जावलाखेल, लैनचौरको खुला मैदानलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। जुन खुला क्षेत्रभित्र जोकोही सजिलै प्रवेश गर्न सक्दैनन्,' उनले भने, 'फुटबल खेल्ने मैदान बनाएपछि त्यहाँ फुटबल खेल्ने र आमसभा गर्नेबीच कसरी सहकार्य हुन सक्छ ? यसले त झन् द्वन्द्व निम्त्याउन सक्छ।'

उनले महानगरले फुटबल मैदानसहितको पार्क निर्माण उपभोक्ता समितिमार्फत गर्न लागेको र त्यो उपभोक्ता समिति पनि स्वार्थसिद्ध समूहको पकडमा रहेको उनले आरोप लगाए।

महानगरको यो निर्णयप्रति विमति राख्दै अकुपाई टुँडिखेलका अभियन्ताले जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतलाई ज्ञापनपत्र बुझाएका छन्। इतिहास बोकेको खुलामञ्चलाई पहिलाकै अवस्थामा राख्नुपर्ने भन्दै अभियन्ताहरूले गत सोमबार नै कार्यालयलाई ज्ञापनपत्र बुझाएको थियो।

महानगरको निर्णयप्रति केन्द्र सरकार पनि रुष्ट देखिएको छ। केन्द्र सरकारमातहत रहेका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले केही दिनअघि नै एक सार्वजनिक कार्यक्रममा खुलामञ्चलाई खुलामञ्चकै रूपमा प्रयोग गर्नुपर्ने भन्दै ताला लगाएर राख्न नपाइने बताएका थिए।

'काठमाडौंमा जुन हिसाबले जनघनत्व बढेको छ। खुला ठाउँको भने कमी हुँदै गएको छ। विपत्को अवस्थामा पनि हामीलाई धेरै खुला ठाउँ आवश्यक पर्छ। जुन हामीले ७२ सालको भूकम्पमा भोगिसकेका छौं। नेपाल आफैं विपत्को उच्च जोखिममा रहेको मुलुक भएकाले यस्ता जनघनत्व धेरै भएका सहरी स्थानमा पर्याप्त खुला स्थान राख्नुपर्ने हुन्छ। जुन हिसाबले सार्वजनिक जग्गाका रूपमा देखिएका ठाउँहरू छन्। ती ठाउँहरूलाई पनि कसरी खुला राख्न सकिन्छ भनेर स्थानीय सरकारले नै चासो दिनुपर्छ,' सोमबार अकुपाई टुँडिखेलका अभियन्ताको ज्ञापनपत्र बुझ्दै बस्नेतले भने, 'संघीयतापश्चात् स्थानीय सरकार सञ्चालन ऐन बनेको छ। ऐनले सार्वजनिक जग्गाको संरक्षण गर्ने जिम्मा स्थानीय सरकारलाई नै दिएको छ। त्यसैले, खुला ठाउँको संरक्षण गर्ने हकमा जिम्मेवारी बहन गर्ने क्रममा स्थानीय सरकारले अलि बढी नै विवेक प्रयोग गर्नुपर्छ।'

उनले आफूसँग आएको जानकारीअनुसार महानगरले मर्मत-सम्भार मात्र गर्न लागेको भनेकाले सोहीअनुसार काम अगाडि बढ्नेमा ढुक्क रहेकोसमेत बताए। 'महानगरले खुलामञ्चलाई मर्मत-सम्भार गरेर पुरानै अवस्थामा लैजाने भन्ने कुरा गर्नुभएको छ। त्यसलाई छिटो मर्मत-सम्भार गरेर आमनागरिकले आवाज राख्न पाउने उपयुक्त स्थल बनाउनुहुन्छ भन्ने आशा गरेका छौं। खुलामञ्च जुन थलोका रूपमा थियो, मर्मत-सम्भार गरेर सोही रूपमा प्रयोग गर्नका लागि काम गरेको भन्ने हाम्रो बुझाइ छ,' बस्नेतले भने।

महानगरले खुलामञ्चमा प्लास्टिकको दुबोसहित दुई फुटबल मैदान बनाउनका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बनाइसकेको छ। तैपनि, पछिल्लो समय देखिएको विवादलाई ध्यानमा राख्दै खुलामञ्चमा प्राकृतिक दुबोसहितको घाँसे चउर बनाउन थालिएको महानगरले बताएको छ।

महानगरअर्न्तगत सहरी योजना आयोगका उपाध्यक्ष डा. सुमननरसिंह राजभण्डारीले भने, 'दुबोसहितको चउर भएपछि जनसाधारणको बहुउपयोगमा आउनेछ। बिहान शारीरिक अभ्यास गर्न सकिनेछ। व्यवस्थित सार्वजनिक कार्यक्रम गर्ने स्थान हुनेछ। बालबालिका र युवालाई खेल्ने तथा रमाउने ठाउँ हुनेछ।'

हाल ग्रेडर लगाएर मैदानमा भएका ढुंगा टिप्न थालिएको छ। सतहमा भएका सबै ढुंगा टिपेपछि मलिलो माटोको सतह बनाइनेछ। यसमाथि प्राकृतिक दुबो रोपिने महानगरले बताएको छ। पाँच करोड लागतमा फुटबल मैदान बनाउनका लागि खरिद प्रक्रियासमेत अगाडि बढाइसकेको छ। गत २९ कात्तिकमा बसेको महानगरको १०औं कार्यपालिका बैठकले खुलामञ्चमा टिप्पल बेसमेन्ट पार्किङ र पानी पुनर्भरण पिटको डिपिआर तयार गर्ने निर्णय गरेको थियो। अव्यवस्थित पार्किङको समस्या समाधान गर्न पार्किङ स्थल निर्माण गर्न डिपिआर बनाउने निर्णय गरेको थियो। हाललाई यो काममा हात नहाले पनि भविष्यमा त्यहाँ पार्किङका लागिसमेत काम हुने महानगरले जनाएको छ।

सांसद विकास...

पृष्ठ १ बाट क्रमशः

भ्याकेट निवेदन दर्ता गरिएको बताए। 'यो जुडिसियल रिभ्युका माध्यमबाट बोल्ने विषय होइन। संसद्लाई प्राप्त अधिकारका विषयमा आफ्नो हिसाबले काम गर्न सक्छ। यो अन्तरिम आदेशमार्फत रोकिनुपर्ने विषय होइन,' निवेदनमा छ, 'यो कार्यक्रम उपयुक्त होइन भन्ने जनतालाई लागेमा आगामी चुनावमार्फत जनताले नै जाँचपडताल गर्ने भएकाले जुडिसियल रिभ्युमार्फत जाँचपडताल गर्ने विषय होइन।' यसअगाडि ६ भदौमा सर्वोच्चको संवैधानिक इजलासले संसदीय क्षेत्र पूर्वाधार कार्यक्रममा रोक लगाउँदा प्रमुख दलका सांसदले सदनमै विरोध जनाउँदै संसद्को विशेषाधिकारमा न्यायालयबाट हस्तक्षेप भएको टिप्पणी गरेका थिए।

१० महिनामा दुई विधेयक मात्रै पारित, अझै ११ विधेयक विचाराधीन

गठन भएको १० महिनामा प्रतिनिधिसभाका विषयगत समितिले जम्मा दुईवटा विधेयक पारित गर्न सकेका छन्। विधायिकी कार्यमा दफा-दफामा छलफल चलाएर कानुन परिपक्व बनाउने 'मिनी संसद्'को रूपमा रहेका समितिहरूको प्राथमिकतामा विधेयक नपरेको परिणामले देखाएको हो।

संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाका १० वटा विषयगत समिति १५ वैशाखमा गठन भएका थिए। गठन भएकै दिन राष्ट्रिय सभाले पारित गरेर पठाएका सातवटा र प्रतिनिधिसभामै उत्पत्ति भएका तीनवटा विधेयक सम्बन्धित समितिमा आएका थिए। तर, गठन भएको १० महिना पुग्दा दुईवटा विधेयक मात्रै टुंगोमा पुऱ्याएका छन्।

१५ वैशाखमा कुल १० वटा विधेयक प्राप्त गरेका प्रतिनिधिसभाका समितिबाट २४ असोजमा कानुन समितिबाट सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक टुंगियो भने २३ माघ अर्थात् मंगलबार राज्य व्यवस्था तथा सुशासन समितिले अनुगमन तथा मूल्यांकन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक टुंग्याएको छ।

संसद् सचिवालयका अनुसार कानुन समितिबाट २५ असोजमा सदनमा पेस भइसकेको सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयकमा प्रतिनिधिसभाले बुधबारदेखि छलफल चलाउँदै छ भने मंगलबार समितिको प्रतिवेदनसहित पारित भएको अनुगमन तथा मूल्यांकन विधेयकलाई राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले आगामी बैठकमा सदनमा पेस गर्ने तयारी गरेका छन्।

यसबाहेक अन्य विधेयक टुंगिन सकेको छैन। कानुन समितिमा रहेको संक्रमणकालीन न्यायसम्बन्धी विधेयक र राज्य व्यवस्था समितिमा रहेको संवैधानिक परिषद्सम्बन्धी विधेयकमा दलीय सहमति नहुँदा टुंगिन सकेको छैन। अन्य विधेयक अझै प्रक्रियामै सीमित छन्।

विधायिकी कार्यमा समितिबाट ढिलाइ भएपछि सभामुख देवराज घिमिरेले सभापतिहरूलाई समितिमा विचाराधीन विधेयकहरू चाँडो टुंग्याउन निर्देशन दिएका छन्। 'हिउँदे अधिवेशनका लागि हामीले गर्ने तयारीहरू छिटो सकौं। बाँकी रहेका विषय छिटो सिध्याउनुस्। आवश्यकताअनुसार बैठक छिटो-छिटो बोलाउनुस्,' उनले भने, 'समितिमा आएका विधेयकहरू अगाडि बढाएर यो सत्रमा एजेन्डा तय गर्न सभापतिहरूको भूमिका होस्।'

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय नेपालगञ्ज, बाँकेबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/प्रोप्राइटर/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणीको नाम: हिलपार्क कृषि तथा पशुपालन फार्म दर्ता गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, बाँके ठेगाना: वागेश्वरी-०२, बाँके प्रा.फ.र.नं.: २४६/५६०२/०७२/०७३ दर्ता मितिः २०७२/०९/२० पान नं.: ३०५२०९५२८ **प्रोपाइटर/जमानिकर्ताको नाम : सर्जन कडेल** बुवाको नामः तुल बहादुर कंडेल बाजेको नामः प्रजापती कडेल ठेगानाः पार्वतीपुर-०२, चितवन हालः नेपालगञ्ज उ.म.न.पा-०१, बाँके ना.प्र.नं.: ३५१०३४/१४६ जारी मितिः २०६७/१२/२२ जारी गर्ने कार्यालयः जि.प्र.का., चितवन **कर्जा शीर्षक: कृषि अधिविकर्ष कर्जा र डिमाण्ड कर्जा** **कर्जा लिएको शाखा : नेपालगंज, बाँके**	**१) नाम: कृष्णा माया कडेल** बुवाको नाम : छविलाल वाग्ले पतिको नाम : तुल वहादुर कडेल ससुराको नाम : प्रजापती कडेल ठेगानाः पार्वतीपुर-०७, चितवन हालः नेपालगञ्ज उ.म.न.पा-०१, बाँके ना.प्र.नं.: ९४५ जारी मितिः २०४५/०२/१२ जारी गर्ने कार्यालयः जि.का., चितवन **२) नाम : तुल वहादुर कडेल** बुवाको नाम : प्रजापती कडेल बाजेको नाम : दधिराम कडेल ठेगाना : पार्वतीपुर-४, चितवन हाल : नेपालगञ्ज उ.म.न.पा-०१, बाँके ना.प्र.नं. : ६७५/२११४ जारी मितिः २०३८/०७/१६ जारी गर्ने कार्यालयः जि.प्र.का., चितवन

सुरक्षणमा रहेको धितोको विवरणः

१. श्री मालपोत कार्यालय नेपालगंज बाँकेमा श्री तुल बहादुर कडेलको नाममा दर्ता कायम रहेको जिल्ला बाँके, बागेश्वरी-०२ स्थित कि.न. ३६९ को क्षेत्रफल ३३८.६३ व.मी.को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. श्री मालपोत कार्यालय नेपालगंज बाँकेमा श्री कृष्णा माया कडेलको नाममा दर्ता कायम रहेको जिल्ला बाँके, बागेश्वरी-०२ स्थित कि.नं. ४०७ को क्षेत्रफल ३५८.८७ व.मि.को जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लाहान, सिरहाको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/२४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय लाहान, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक र

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बुधबार २४ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

एकदिवसीयमा नेपालको नयाँ प्रतिद्वन्द्वी क्यानडा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाल र क्यानडाबीच त्रिवी क्रिकेट मैदानमा एकदिवसीय सिरिज बिहीबार सुरु हुँदै छ। एकदिवसीय खेल इतिहासमा क्यानडा १३औँ प्रतिद्वन्द्वी हो। टेस्ट मान्यताप्राप्त राष्ट्रहरू भारत, पाकिस्तान, वेस्ट इन्डिज, आयरल्यान्ड र जिम्बावेसँग नेपालले प्रतिस्पर्धा गरिसकेको छ। भारत र पाकिस्तानविरुद्ध नेपालले एसिया कपमा प्रतिस्पर्धा गरेको थियो। सन् २०२३ को एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा नेपालले जिम्बावे र वेस्ट इन्डिजविरुद्ध खेलेको थियो।

नेपाल टेस्ट राष्ट्रविरुद्ध जितविहीन छ। नेपालले त्रिवि क्रिकेट मैदानमा क्यानडाविरुद्ध तीन खेल खेल्नेछ। यसअघि पनि नेपाल र क्यानडाबीच खेल भएको थियो। सन् २०२२ मा नेपालले आइसिसी विश्वकप लिग-२ को तयारी स्वरूप क्यानडाको भ्रमण गरेको थियो। त्यसबेला क्यानडाले एकदिवसीय मान्यताप्राप्त गरेको थिएन। यसै वर्ष मात्र आइसिसीले क्यानडालाई एकदिवसीय मान्यता प्रदान गरेको थियो। नेपाल र क्यानडाबीचको खेलले अन्तर्राष्ट्रिय मान्यताप्राप्त छ।

५९ मध्ये ३० खेलमा नेपाल विजयी

सन् २०१८ मा नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय मान्यताप्राप्त गरेको थियो। नेपाललाई एकदिवसीय मान्यता दिलाउने कप्तानका रूपमा वर्तमानमा नेपाल क्रिकेट संघका सचिव पारस खड्का थिए। गत वर्ष नेपाल आइसिसी विश्वकप लिग-२ को तेस्रो स्थानमा रहेसँगै एकदिवसीय मान्यता रक्षा गरेको थियो। नेपालले अहिलेसम्म एकदिवसीय राष्ट्रका रूपमा ५९ अन्तर्राष्ट्रिय खेल खेलेको छ। जसमध्ये नेपालले ३० खेलमा जित निकालेको छ। नेपाल अहिलेसम्म २७ एकदिवसीय खेलमा पराजित भएको छ। एक खेल बराबरी र एक खेल रद्दका रूपमा नेपालले नतिजा व्यहोरेको थियो।

नेपालले क्यानडासँग आफ्नो ६०औँ एकदिवसीय खेल खेल्नेछ। नेपालले एसोसिएटतर्फका एकदिवसीय मान्यताप्राप्त राष्ट्रमध्ये युएईविरुद्ध सर्वाधिक १५ खेल खेलेको छ। त्यसपछि पपुवा न्युगिनीसँग १० खेल खेल्यो। अमेरिका र ओमानसँग समान सात खेल नेपालले खेल्दा नेदरल्यान्ड्ससँग तीन खेल खेल्यो। नेपालले नामिबिया र स्कटल्यान्डसँग समान ६ खेल खेलेको छ।



फाइल तस्बिर

एकदिवसीयमा नेपालको प्रदर्शन

राष्ट्र	खेल	जित	हार	टाई	नो रिजल्ट	जित प्रतिशत
भारत	१	०	१	०	०	०
पाकिस्तान	१	०	१	०	०	०
आयरल्यान्ड	१	०	१	०	०	०
वेस्ट इन्डिज	१	०	१	०	०	०
जिम्बावे	१	०	१	०	०	०
नामिबिया	६	२	३	०	१	४०
नेदरल्यान्ड्स	३	१	२	०	०	३३.३३
ओमान	७	३	४	०	०	४२.८५
पिएनजी	१०	८	२	०	०	८०
स्कटल्यान्ड	६	३	३	०	०	५०
युएई	१५	९	६	०	०	६०
अमेरिका	७	४	२	१	०	५७.१४

चार विश्वकप खेलिसकेको क्यानडा

एकदिवसीय खेलमा नेपालको नयाँ प्रतिद्वन्द्वी क्यानडाले सन् १९६८ मा आइसिसीको एसोसिएट सदस्य प्राप्त गरेको थियो। क्यानडाले सन् १९७९ मा पाकिस्तानविरुद्ध लिड्समा पहिलो अन्तर्राष्ट्रिय खेल खेलेको थियो। सन् २०२३ को ५ अप्रिलमा क्यानडाले अन्तिमपटक पपुवा न्युगिनीसँग खेल्यो। क्यानडाले लगभग एक वर्षपछि एकदिवसीय खेल खेल्न लागेको हो। अहिलेसम्म क्यानडाले आफ्नो एकदिवसीय इतिहासमा ८० अन्तर्राष्ट्रिय खेल खेलेको छ। जसमा २० मा जित र ६० खेलमा हारको सामना गरेको छ। सन् १९७९ मा क्यानडाले पहिलोपटक एकदिवसीय विश्वकप खेलमा सहभागिता जनायो। विश्वकप इतिहासमा क्यानडाले चारपटक सहभागिता जनाएको छ। सन् १९७९, २००३, २००७ र २०११ को संस्करणमा क्यानडाले खेलेको थियो। क्यानडा चारै विश्वकप सहभागीको पहिलो चरणबाटै बाहिरिएको थियो। सन् २००३ को विश्वकपमा क्यानडाले बंगलादेशलाई ६० रनले हराएको थियो। सन् २००६ देखि भने क्यानडाले अस्थायी एकदिवसीय मान्यता पायो। क्यानडाले सन् २०१४ मा एकदिवसीय मान्यता गुमाएको थियो।

अन्तर्राष्ट्रिय सिरिजमा व्यस्त नेपाल

आउने केही महिना नेपाली राष्ट्रिय क्रिकेट टोली अन्तर्राष्ट्रिय खेलमा व्यस्त हुनेछ। नेपालले पहिलो क्यानडासँग एकदिवसीय खेल खेल्नेछ। त्यसपछि हङकङ र मलेसियासँग अन्तर्राष्ट्रिय टी-२० खेलमा नेपाल सहभागी हुनेछ। आइसिसी विश्वकप लिग-२ को एकदिवसीय सिरिजमा नेपालले नामिबिया र नेदरल्यान्ड्सको सामना गर्नेछ। नेपालले वेस्ट इन्डिज र अमेरिकामा हुने आइसिसी टी-२० विश्वकपको तयारीस्वरूप तीन अन्तर्राष्ट्रिय सिरिज खेल्नेछ।

नेपालले नामिबिया र नेदरल्यान्ड्ससँग समान दुई एकदिवसीय खेल्नेछ। यसैगरी, नेपालले नेदरल्यान्ड्स र नामिबियासँग टी-२० सिरिज खेल्नेछ। टी-२० विश्वकप २०२४ मा नेपाल समूह 'डी'मा छ। नेपालले आफ्नो समूहमा दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र नेदरल्यान्ड्सको सामना गर्नेछ। नेपालले नेदरल्यान्ड्ससँग अमेरिकाको डालास र श्रीलंकासँग फ्लोरिडामा खेल्नेछ। दक्षिण अफ्रिका र बंगलादेशविरुद्धको खेल वेस्ट इन्डिजको सेन्ट भिसेन्टमा रहेको छ।

> नेपालले टेस्ट मान्यताप्राप्त राष्ट्रहरू भारत, पाकिस्तान, वेस्ट इन्डिज, आयरल्यान्ड र जिम्बावेसँग प्रतिस्पर्धा गरिसकेको छ।
>
> नेपाल ५९ अन्तर्राष्ट्रिय एकदिवसीयमध्ये ३० मा जित र २७ खेलमा पराजित भएको छ। एक खेल 'नो रिजल्ट' एकमा बराबरी नतिजा छ।

गौतम बुद्ध क्रिकेट रंगशाला निर्माणको स्रोत सुनिश्चित



फाइल तस्बिर

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले चितवनमा निर्माणाधीन अवस्था रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको बाँकी काम सम्पन्न गर्न आवश्यक बजेटको स्रोत सुनिश्चितता गरेको छ। प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले रंगशाला निर्माणका लागि आवश्यक बजेटमध्ये ७० प्रतिशत व्यहोर्ने गरी स्रोत सुनिश्चितताको निर्णय गरेको मुख्यमन्त्री शालिकराम जम्कट्टेलले जानकारी दिएका छन्। मुख्यमन्त्री जम्कट्टेलका अनुसार प्रदेश सरकारले रंगशाला निर्माणका लागि ५२ करोड ५० लाख रुपैयाँको स्रोत सुनिश्चितता गरेको छ।

> बागमती प्रदेशले राष्ट्रिय गौरवको आयोजनामा रहेको रंगशाला निर्माणका लागि ५२ करोड ५० लाख रुपैयाँ स्रोत सुनिश्चित गरेको छ

गत २१ कात्तिकमा प्रदेश सरकार र भरतपुर महानगरपालिकाबीच रंगशाला निर्माणका लागि कुल ७५ करोड रुपैयाँको लागत अनुमानको ७० प्रतिशत प्रदेश सरकारले व्यहोर्ने सम्झौता भएको थियो। महानगरपालिकाले तयार पारेको पहिलो चरणको लागत अनुमानको प्रस्तावअनुसार १० हजार दर्शक अट्ने पारापिटसहित क्रिकेट पिच र मैदान निर्माणको काम गर्ने निर्णय भएको जम्कट्टेलले बताए। बैठकले भरतपुर महानगरपालिकालाई रंगशालाको निर्माण कार्यका लागि ठेक्का प्रक्रिया अघि बढाउन आग्रहसमेत गरेको छ। सोमबार मात्रै गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको बागमतीका आर्थिक मामिलामन्त्री बहादुरसिंह लामा र स्वास्थ्यमन्त्री उत्तम जोशीले निरीक्षण गरेका थिए।

दुवै मन्त्रीले रंगशाला निर्माणका लागि प्रदेश सरकारले बजेट सुनिश्चित गर्ने आश्वासन दिएका थिए। रंगशाला निर्माणस्थल अवलोकनपछि अर्थमन्त्री लामाले देशकै गौरवको आयोजनाको रूपमा रहेको रंगशाला निर्माण सम्पन्न गर्नु प्रदेश सरकारको आफ्नो दायित्व बताएका थिए। गत पुसमा नेपाल सरकारको बैठकले रंगशालालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा राखेको थियो।

जग्गा सम्झौतासँगै काम अगाडि बढ्ने

सरकारले लिज ऐनअन्तर्गत रंगशालाले जग्गा लिनुपर्ने भएकाले मन्त्रिपरिषद्को बैठकबाट सहमति लिएको थियो। त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग भरतपुर महानगरपालिकाले जग्गाको सम्झौता गरी रंगशालाको काम अघि बढाइँदै छ। भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालले रंगशालामा बजेट पार्ने विश्वास दिलाएकी छिन्।

'रंगशाला निर्माणमा प्रदेश सरकारको चासो छ। हामी बजेट सुनिश्चित गरेरै अघि बढ्छौं,' उनले भनिन्। यसअघि धुर्मुस-सुन्तली फाउन्डेसनले १९ करोड रुपैयाँ ऋण लागेको भन्दै दुई वर्षअघि निर्माणको काम छाडेको थियो।

खेल संक्षेप

वर्ष प्रशिक्षक र युवा खेलाडीको मनोनयन

काठमाडौं/ एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड ०७९ को वर्ष प्रशिक्षक र वर्ष युवा खेलाडीको मनोनयन सार्वजनिक भएको छ। नेपाल खेलकुद पत्रकार मञ्चले २८ माघमा आयोजना गर्ने अवार्डअन्तर्गत वर्षका उत्कृष्ट प्रशिक्षकको मनोनयनमा क्रिकेट र फुटबलका समान दुईजना प्रशिक्षक छन्। राष्ट्रिय क्रिकेट टोलीका प्रशिक्षक मोन्टी देसाई र यू १९ का प्रशिक्षक जगत टामाटा, फुटबलका अनन्त थापा र भगवती रानागमरसहित एथलेटिक्सका चन्द्र गुरुङ, बक्सिङका दीपक महर्जन, भलिबलका भरत शाह र पौडीका ओड्देन लामा मनोनयमा परेका छन्। युवा खेलाडीको मनोनयनमा क्रिकेट, फुटबल र बक्सिङका समान दुई खेलाडी मनोनयनमा परेका छन्। क्रिकेटका यू-१९ का कप्तान देव खनाल, दीपेश कँडेल, फुटबलका सुजाता तामाङ र युनेश बुढाथोकी, बक्सिङका सुष्मा तामाङ र विजय बाटासहित एथलेटिक्सकी राममाया बुढा र गल्फका सदभाव आचार्य मनोनयनमा परेका छन्।

ठमेलले फ्रिडमलाई हरायो

कास्की/ १३औँ बगरभाइ खलक एट ए साइड अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगितामा मंगलबार ४० वर्षमाथि उमेर समूहमा ठमेल भेट्रान काठमाडौंले फ्रिडम फाइटरलाई ५-३ ले हराएको छ। अर्को खेलमा चिया पपले थापागाउँ भेट्रानलाई २-१ ले पाखा लगायो। नागस्वेती हेटौंडाले संगम भेट्रान पोखरालाई सडनडेथमा ६-५ ले पराजित गऱ्यो। चाबहिल काठमाडौंले कुपन्डोल ललितपुरमाथि २-१ को जित निकाल्यो। आयोजक बगर भेट्रानले एमएमभी पाँचथरलाई टाइब्रेकरमा २-० ले हराएको छ। जोरपाटीले चितवन भेट्रानलाई १-० ले निराश पारेको छ।

■ मकवानपुर फुटबल प्रतियोगिता

एपिएफसँग थ्री स्टारको फराकिलो हार

नयाँ पत्रिका

नेपाल एपिएफ फुटबल क्लबले छैटौँ सहिद स्मृति स्थानीय तह मकवानपुर फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान पक्का गरेको छ। प्रतियोगिताको मंगलबार अन्तिम क्वार्टरफाइनलमा थ्री स्टार क्लबलाई ४-० को फराकिलो अन्तरले हराउँदै एपिएफ अन्तिम चारमा पुगेको हो। गत शनिबार थ्री स्टार २३औँ आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको थियो। आहा रारा गोल्डकपको उपाधि विजेता आर्मी र उपविजेता थ्री स्टार मकवानपुर फुटबल प्रतियोगिताको आ-आफ्ना पहिलो खेलबाट बाहिरिएका छन्। आहा ताराको विजेता त्रिभुवन आर्मी सोमबार धनकुटाको राजारानी क्लबसँग सडन डेथमा पराजित भएको थियो।

हेटौंडा ६ स्थित गौरीटार रंगशालामा भएको एकपक्षीय खेलमा एपिएफका लागि विदेशी खेलाडी एनिसेन्ट, सर्ज संग, अनिष महर्जन र प्रदीप लामाले समान एक गोल गरेका थिए।

एपिएफले पहिलो हाफमा एक र दोस्रो हाफमा तीन गोल गऱ्यो। खेलको ४४औँ मिनेटसम्म थ्री स्टार र एपिएफबीच गोलरहित खेल चलिरहेको थियो। खेलको ४५औँ मिनेटमा एपिएफले १-० को अग्रता लियो। एनिसेटले फ्रिकिकमा उत्कृष्ट गोल गर्दै एपिएफलाई अग्रता दिलाए। थ्री स्टारका डिफेन्डर जीवन गुरुङले प्रदीपलाई फल गरेपछि एपिएफले डिबक्स अगाडि फ्रिकिक पाएको थियो। पहिलो हाफको तुलनामा दोस्रोमा थ्री स्टारको खेल बिग्रियो। खेलाडीहरू थकित देखिन्थे। एपिएफले थ्री स्टारको एकपछि अर्को गल्तीको फाइदा लिँदै मध्यान्तरपछि सहजै तीन गोल थप्यो। खेलको ५८औँ मिनेटमा प्रदीपले २-० का लागि गोल गरे।



प्रदीपको प्रहार थ्री स्टारका गोलरक्षक अभिषेक बरालको हातमा लाग्दै गोल भएको थियो।

खेलको ७७औँ मिनेटमा विदेशी खेलाडी सर्जसँगले एपिएफको अग्रता ४-० पुऱ्याए। एपिएफका प्रशिक्षक सुमन श्रेष्ठले खेलाडीहरूले आफ्नो रणनीतिअनुसार नै खेल्दा परिणाम सुखद आएको प्रतिक्रिया दिएका छन्। थ्री स्टारका प्रशिक्षक विक्रम लामाले राम्रो खेल्दाखेल्दै पनि पराजित भएको बताए। प्रतियोगिताको सेमिफाइनल समीकरण पनि पूरा भएको छ। प्रतियोगिताको बुधबार पहिलो सेमिफाइनलमा न्युरोड टिमले राजारानी क्लबको सामना गर्नेछ। बिहीबार सर्लाहीको बागमती र एपिएफ क्लबबीच खेल हुनेछ।

मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा चलिरहेको प्रतियोगिताको विजेताले १५ लाख र दोस्रो हुने टोलीले १० लाख रुपैयाँ प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडीले बुलेट मोटरसाइकल र विधागत उत्कृष्टले जनही २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

भ्याली पब्लिक फाइनलमा

नयाँ पत्रिका

भ्याली पब्लिक प्रथम अक्षरा कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको तीनै विधामा मंगलबार फाइनलमा प्रवेश गरेको छ। भ्याली पब्लिक सिनियर पुरुष, महिला र मिक्स जुनियरमा फाइनलमा पुगेको हो। प्रतियोगिताको सिनियर पुरुषमा भ्याली पब्लिकले गेटवे एकेडेमीलाई ६३-५८ ले हरायो। फाइनलमा भ्याली पब्लिकले अक्षरिकाविरुद्ध खेल्नेछ। अक्षरिकाले शिक्षालय नेपाललाई ५३-२८ ले हरायो। सिनियर महिलामा भ्याली पब्लिकले बौद्ध इन्टरनेसनल स्कुल (बिआइएस)लाई ३६-१० ले पाखा लगायो। भ्याली पब्लिककी लोरिशा गौचनले २४ स्कोर गरिन्। उपाधिका लागि भ्याली पब्लिकले नेमोनिकविरुद्ध खेल्नेछ।

अर्को सेमिफाइनलमा नेमोनिकले शिक्षालय नेपालमाथि ४४-२ को फराकिलो अन्तरले पाखा लगायो। जुनियर मिक्समा भ्याली पब्लिकले आयोजक अक्षरामाथि ४३-१२ को जित निकाल्यो। उपाधि भिडन्तमा भ्याली पब्लिकले आलोक विद्याश्रमको सामना गर्नेछ। आलोक विद्याश्रमले विद्या विकासको यात्रा १९-१३ ले पूर्णविराम लगायो। प्रतियोगिताको तीनै विधाको फाइनल बिहीबार हुनेछ।

विश्वविद्यालय खेलकुदमा टियू च्याम्पियन



नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालय (टियू)ले प्रथम विश्वविद्यालय खेलकुद प्रतियोगिताको उपाधि जितेको छ। प्रतियोगितामा समावेशमध्ये २३ मध्ये टियूले सर्वाधिक १८ स्वर्ण जित्दै समग्रमा टिम च्याम्पियन बनेको हो। च्याम्पियन टोलीले थप आठ रजत र तीन कांस्य पनि हात पारेको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)द्वारा आयोजित प्रतियोगितामा सुदूरपश्चिम विश्वविद्यालय तीन स्वर्ण, चार रजत र नौ कांस्यसाथ उपविजेता भयो। तेस्रो स्थान हात पारेको लुम्बिनी बौद्ध विश्वविद्यालयले एक स्वर्ण तथा समान दुई रजत र कांस्य जित्यो। नेपाल संस्कृत विश्वविद्यालयले एक स्वर्ण, समान एक रजत र कांस्य हात पाऱ्यो। दशरथ रंगशालामा मंगलबार भएको सय मिटर दौडको पुरुषमा सुदूरपश्चिमका मुकेश विष्ट र महिलामा लुम्बिनीकी अनिशा कुँवर क्षेत्री पहिलो भए।

सटपुटको पुरुषमा टियूका वीरेन्द्र कुँवर र महिलामा टियूकी सञ्चिता घिमिरेले स्वर्ण हात पारे। आठ सय मिटर दौडको पुरुषमा टियूका विकेश घिमिरे र महिलामा टियूकी राज्यलक्ष्मी राउतले स्वर्ण जिते। ब्याडमिन्टनमा टियूकै वर्चस्व रह्यो। टियूले पाँचमध्ये चारमा चार स्वर्ण जित्यो। सुदूरपश्चिमले एक स्वर्ण हात पाऱ्यो। टेबलटेनिसको पुरुष एकलमा गनन्जय दाहाल तथा महिलामा लस्ता महर्जनले स्वर्ण जिते। दुवै टियूका खेलाडी हुन्।

पुरुष भलिबलको उपाधिमाथि पनि टियूले नै कब्जा गऱ्यो। फाइनलमा टियूले मध्यपश्चिम विश्वविद्यालयलाई २-० को सोझो सेटमा पाखा लगायो।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय
स्याङ्जा

प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना

(प्रकाशित मिति : २०८०/१०/२४ गते)

यस कार्यालयबाट तपसिलबमोजिमको कार्यका लागि आव्हान गरिएको बोलपत्र आव्हानसम्बन्धी सूचनाबमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिलको तालिकामा उल्लेख भएका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा योग्य रहेको देखिएकोले सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ३१ (ज) को उपनियम ५ बमोजिम तपसिलमा उल्लेख भएको मिति, स्थान र समयमा आर्थिक प्रस्ताव खोलिने भएकाले सो समयमा उपस्थितिका लागि जानकारी गराइन्छ।

तपसिल :

सि.नं.	कामको विवरण	प्राविधिक मूल्यांकनमा छनौट भएका बोलपत्रदाताहरू	कैफियत
1.	Construction of Ratokhola Pul Pidikhola, Galyang 5 & 6 ; (Contract ID :- IDOSYANGJA/NCB/R/W/B/01/2080-81	M/S Suyan Builders Pvt.Ltd. ,Waling Municipality-9, Syangja M/S Shree Siddhababa Nirman Sewa, Syangja M/S Himtara Purbdhar Bikas Company Pvt.Ltd., Sunsari M/S Him Nirman Sewa, Kathmandu	
2.	Construction of Rakseghat Bridge, Biruwa ; (Contract ID :- IDOSYANGJA/NCB/R/W/B/02/2080-81	M/S Suyan Builders Pvt.Ltd. ,Waling Municipality-9, Syangja M/S Him Nirman Sewa, Kathmandu	
3.	Construction of Singhale Sadak Pul, Putalibazar-3 ; (Contract ID :- IDOSYANGJA/NCB/R/W/B/03/2080-81	M/S Suyan Builders Pvt.Ltd. ,Waling Municipality-9, Syangja	

आर्थिक प्रस्ताव खोल्ने : मिति : २०८०/११/०२ समय : १३:०० बजे स्थान : पूर्वाधार विकास कार्यालय, स्याङ्जा

कार्यालय प्रमुख

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com